# दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाको विधातात्त्विक विश्लेषण

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र**

**सङ्काय अर्न्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर**

**तह द्वितीय वर्षको दसौँ पत्रको**

**प्रयोजनको लागि**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

दुर्गा श्रेष्ठ

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०७०

## शोध निर्देशकको सिफारिस

"दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाको विश्लेषण" शीर्षकको प्रस्तुत शोधपत्र दुर्गा श्रेष्ठले मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । शोधकार्यका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन र सङ्कलित लोककथाको विश्लेषण मिहिनेतका साथ गर्नु भएको छ । यस कार्यबाट म पूर्ण सन्तुष्ट छु र मूल्याङ्कनका पूर्व प्रक्रियाहरू अगाडि बढाउन सिफारिस गर्दछु ।

मिति : २०७०/०१/१५

शोध निर्देशक

........................

डा. मोती लाल पराजुली

प्राध्यापक

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयका छात्रा दुर्गा श्रेष्ठले त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको "**दोलखा जिल्लामा प्रचलित नेपाली लो**ककथाको विधातात्त्विक विश्लेषण" शीर्षकको शोधपत्र उचित ठहरिएकोले स्वीकृत गरियो -

मिति : २०७०/०१/२२

**<u>शोध मूल्याङ्कन समिति</u>**

विभागीय प्रमुख -प्रा.डा देवीपसाद गौतम ..............................

शोध निर्देशक - प्रा.डा. मोतीलाल पराजुली ..............................

बाह्य विशेषज्ञ - मुकुन्द शर्मा

उप प्राध्यापक ..............................

# कृतज्ञता ज्ञापन

"दोलखा जिल्लामा प्रचलित लोककथाको विधातात्त्विक विश्लेषण" शीर्षकको शोधपत्र नेपालको पिछडिएको जिल्ला दोलखालाई परिचय गराउने र त्यहाँ लोक प्रचलनमा रहेका लोककथाहरूको संरक्षण गर्ने उद्देश्यले तयार पारिएको हो । शोध शीर्षकको चयनदेखि शोधपत्रको अन्तिम स्वरूप तयार पार्दासम्म कुशल मार्ग निर्देशन गरी कार्य सम्पन्न गराउन सहयोग गर्नु हुने श्रद्धेय गुरु डा. मोतीलाल पराजुलीमा हृदयदेखि नै कृतज्ञता प्रकट गर्दछु ।

मेरो शोधकार्यलाई प्रोत्साहित गरी शोधकार्य पूरा गर्न सुझाव र सल्लाहका साथ हौसला दिनु हुने आदरणीय व्यक्तित्त्व रविचन्द्र सुनुवारलाई अन्तर हृदयदेखि नै आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

जीवनका विभिन्न समस्याहरूसँग जुध्दै मलाई यो ठाउँसम्म ल्याउने मेरा पूजनीय पिता श्री गणेश बहादुर श्रेष्ठ र माता नरमाया श्रेष्ठप्रति आजीवन ऋणी रहने छु । साथै सहयोग गर्नुहुने अंकल श्री रामचन्द्र तण्डुकार आन्टी सुनिता तण्डुकारप्रति पनि कृतज्ञता प्रकट गर्दछु । सामग्री संकलनमा सल्लाह दिनुहुने शङ्करलाल श्रेष्ठ, विष्णु सुवेदी, प्रोणप्रताप के.सी. प्रति आभार प्रकट गर्दछु ।

सामग्री संकलनको क्रममा कथा बाचन गरी सहयोग गर्ने लोक स्रष्टाहरू यशोदा पौड्याल, वज्रसिंह लामा, मणिप्रसाद दाहाल, विष्णुमाया वली, सरस्वदती बली, बद्रीप्रसाद सापकोटा, मनमाया दाहाल, तारादेवी दाहाल, तिलक बहादुर दाहाल, देवी बहादुर थापा, वासुप्रसाद पौड्याल, मुकुन्द शिवाकोटी, नवीन बस्नेत, नर्सिङ्ग बहादुर योगी, विन्दा चौलागाई, यादवकुमारी कंसजु, रामप्रसाद सापकोटा, रविचन्द सुनुवार आदिप्रति हार्दिक आभार प्रकट गर्दछु । शोध शीर्षक चयन गर्ने क्रममा सहयोग गर्ने नवीन घलेलाई धन्यवाद दिन चाहन्छु । कम्प्युटर टाइप गरी सहयोग गर्ने टेल-इ कम एजुकेशनका लक्ष्मण बस्नेत र सुरेश प्रधान कीर्तिपुरलाई धन्यवाद दिन चाहन्छु र अरू सबैलाई सम्झानाका साथै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि नेपाली केन्द्रीय विभाग त्रि.वि. समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७०/१/१५

दुर्गा श्रेष्ठ

क्रमाङ्क : ०६५/०६६

नेपाली केन्द्रीय विभाग त्रि.वि.

**विषय सूची**


| | |
|---|---|
| **पहिलो परिच्छेद** | **१** |
| **शोध परिचय** | **१** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोधकार्यको औचित्यः महत्त्व तथा उपयोगिता | ३ |
| १.६ शोधकार्यको सीमाङ्कन | ४ |
| १.७ सामग्री सङ्कलन तथा शोधविधि | ४ |
| १.८ शोधपत्रको रूपरेखा | ५ |
| **दोस्रो-परिच्छेद** | **६** |
| **लोककथाको सैद्धान्तिक परिचय** | **६** |
| २.१ लोक साहित्यको परिचय | ६ |
| २.१.१ लोक नाटक | ७ |
| २.१.२ लोकगाथा | ७ |
| २.१.३ लोककथा | ७ |
| २.१.४ लोकगीत | ७ |
| २.१.५ उखान | ८ |
| २.१.७ गाउँखाने कथा | ८ |
| २.२ लोककथा परिचय | ९ |
| २.३ लोककथाको परिभाषा | १० |
| २.४ लोककथासँग नजिक सम्बन्ध भएका विधाहरू | ११ |
| २.५ लोककथाका विशेषता | १३ |
| २.६ लोककथाका घटक/तत्त्व | १७ |
| २.७ लोककथाको वर्गीकरण | २१ |
| २.८.१ लोककथाको अध्ययन परम्परा | २४ |

**तेस्रो परिच्छेद** २७

**दोलखा जिल्लाको संक्षिप्त परिचय** २७

३.२. दोलखाको नामकरण २७

३.३ दोलखा जिल्लाको वस्तुगत विवरण २९

३.४ भू-उपयोगको अवस्था २९

३.५ जनसंख्या ३०

३.६ शैक्षिक अवस्था ३०

३.७ शिक्षक दरबन्दी विवरण ३१

३.८ विद्यार्थी संख्याः (आ.व. २०६७/६८ सम्म) ३१

३.९ जिल्लाको स्वास्थ्यसेवा ३१

३.१० संचार सेवा ३२

३.११ विद्युत र अन्य ३२

३.१२ हिम शिखरहरू ३३

३.१३ लेक ३३

३.१४ शैलुङ्ग ३४

३.१५ ताल पोखरीहरू ३४

३.१६ दोलखा जिल्लाको धार्मिक स्थलहरू ३५

भीमेश्वर ३५

३.१७ दोलखा जिल्लाको सांस्कृतिक सामाजिक परिचय ३७

३.१८ पर्यटन ३८

३.२० निष्कर्ष ४०

**चौथो परिच्छेद** ४१

४.१.१ परिचय ४१

४.१.२ दुई मितको कथाको मूल पाठ ४१

४.१.३ ‘दुईमीतको कथा’को विश्लेषण ४२

४.२ परिचय ४४

४.२.१ मुर्खले जे पनि गर्छ कथाको मूल पाठ ४५

४.२.२ ‘मुर्खले जे पनि गर्छ’ कथाको विश्लेषण ४७

४.३ परिचय ५०
४.३.१ विराजको जिन्दगी कथाको मूल पाठ ५०
४.३.२ 'विराजको जिन्दगी' कथाको विश्लेषण ५२
४.४ परिचय ५५
४.४.१ मुसाको गोठालो विरालो कथाको मूल पाठ ५५
४.४.२ 'मुसाको गोठालो विरालो' कथाको विश्लेषण ५६
४.५ परिचय ५७
४.५.१ आमाको मन कथाको मूल पाठ ५८
४.५.२ 'आमाको मन' कथाको विश्लेषण ६०
४.६ परिचय ६२
४.६.१ कालीदहको कमलको फूल कथाको मूल पाठ ६२
४.६.२ 'कालीदहको कमलको फूल' कथाको विश्लेषण ६५
४.७ परिचय ६८
४.७.१ दोलखा शहरको भैरवकुमारी जात्रा कथाको मूल पाठ ६८
४.७.२ 'दोलखा शहरको भैरवकुमारी जात्रा' को विश्लेषण ७१
४.८ परिचय ७३
४.८.१ थामी जातिको उत्पत्ति कथाको मूल पाठ ७४
४.८.२ 'थामी जातिको उत्पत्ति' कथाको विश्लेषण ७७
४.९ परिचय ८१
४.९.१ ठगमाथि महा ठग कथाको मूल पाठ ८१
४.९.२ 'ठग माथिको महाठग' कथाको विश्लेषण ८४
४.१० परिचय ८६
४.१०.१ बाउटोको कथा कथाको मूल पाठ ८६
४.१०.२ 'बाउँटोको कथा' कथाको विश्लेषण ८८
४.११ परिचय ९०
४.११.१ बाला चतुर्दशी कथाको मूल पाठ ९०
४.११.२ 'बाला चतुर्दशी कथाको' विश्लेषण ९१
४.१२ परिचय ९३

४.१२.१ महान को ? कथाको मूल पाठ ९३

४.१२.२ महान को ? कथाको विश्लेषण ९४

४.१३ परिचय ९७

४.१३.१ आगोमा बोसो नहाल है कथाको मूल पाठ ९७

४.१३.२ 'आगोमा बोसो नहाल है' कथाको विश्लेषण ९९

४.१४ परिचय १०२

४.१४.१ पुनर्जीवित महिला कथाको मूल पाठ १०२

४.१४.२ 'पुनर्जीवित महिला' कथाको विश्लेषण १०४

४.१५ परिचय १०७

४.१५.१ बुद्धिमानी बुहारी कथाको मूल पाठ १०७

४.१५.२ 'बुद्धिमानी बुहारी' कथाको विश्लेषण ११०

४.१६ समग्र कथाको निष्कर्ष ११३

**पाँचौ परिच्छेद** **११४**

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

लोककथा लोकसाहित्यको सर्वप्राचीन र लोकप्रिय विधा हो । लोककथा लोक जीवनमा हस्तान्तरित हुँदै आएको हुन्छ । यसमा लोक जीवनका सुख, दुःख, हर्ष, विस्मात आदिको उद्घाटन गरिएको हुन्छ । लोककथामा राष्ट्रियता, रीतिरिवाज, कला संस्कृति, जादु-टुनामुना आदि विषयका बारेमा वर्णन गरिएको हुन्छ ।

लोककथा फुर्सतको समयमा पिंढी अटालीमा बसी वा यात्राका क्रममा बाटो कटाउने साधन, थकाई मेट्ने वस्तु, बालबालिकालाई भुलाउने फुल्याउने क्रममा अँगेनाको डीलमा बसी आगो ताप्दै सुन्ने सुनाउने गरिन्छ । नेपाली लोककथाले आधुनिकता सँगसँगै युगानुकूल केही विषयवस्तु आयात र निर्यात गर्दै आफ्नो यात्रालाई अगाडि बढाइरहेको पाइन्छ । लोककथामा धार्मिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक मध्ये कुनै पनि किसिमको छाप परेको हुन्छ । यसले हाम्रो सामूहिकता र परम्परालाई कायम राख्दै दिनभरिको थकान मेट्न घरको डिलमा बसेर भन्ने चलन त छँदैछ भने अर्कोतर्फ थकान मेट्नुका साथै सम्पूर्ण रीस राग समाप्त भई यसबाट भरपूर मात्रामा मनोरञ्जन प्राप्त गर्न सकिन्छ । लोकजीवनका आस्था विश्वास अनुभवका संवाहक मानिने लोककथामा तत्कालीन लोक समाजको जीवन्त चित्रण हुन्छ । यसको विषयवस्तु इतिहास, पुराण, धर्म संस्कृति, समाज, साहसिकता, प्रेमका साथै अलौकिक विविध विषयहरूले स्थान पाएको हुन्छ । त्यसैले लोककथालाई युग युगान्तरसम्म पनि जीवन्तता प्रदान गरिरहन यसको संरक्षण र सर्वद्धन गर्न खोजको आवश्यकता रहन्छ । दोलखा नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चल अन्तर्गत पर्ने पूर्वी हिमाली, पहाडी जिल्ला हो । पहाडी जिल्ला भएका कारण यहाँका मानिसहरू धेरै जसो कृषि पेशामा नै निर्भर हुने गर्दछन् । दोलखा धार्मिक, सामाजिक, ऐतिहासिक, रूपले आफ्नै विशेषता बोकेको जिल्ला हो । यहाँका मानिसहरू जादु-टुनामुना आदि माथि विश्वास गर्दछन् । लोककथा भन्ने चलन परापूर्वकाल देखिनै चलि आएको पाइन्छ । विभिन्न क्षेत्रबाट लोककथाको संकलन, वर्गीकरण र विश्लेषण भएको तर दोलखा जिल्लाबाट यसको सैद्धान्तिक अध्ययन विश्लेषण त्यति नभएकोले दोलखा जिल्लामा प्रचलित लोककथाको अध्ययन नामक शीर्षक चयन गरिएको हो ।

## १.२ समस्या कथन

नेपाल अधिराज्यका विभिन्न जिल्ला तथा क्षेत्रबाट लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण हुँदा नेपाल मध्यमाञ्चलको जनकपुर अञ्चल अर्न्तगत पूर्वी पहाडी दोलखा जिल्लामा प्रचलित लोककथाको संङ्कलन अध्ययन र विश्लेषण नभएको दोलखा जिल्लामा प्रचलित लोककथाको सङ्कलन अध्ययन र विश्लेषण गर्नु यस शोधपत्रको मुख्य समस्या रहेको छ । यसका साथै यस शोधपत्रको निम्न लिखित समस्या समाधान गरेको छु ।

क) दोलखा जिल्लामा के कस्ता लोककथा प्रचलित छन् ?

ख) दोलखा जिल्लामा प्रचलित लोककथालाई के कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ?

ग) के त्यहाँका लोककथालाई विधा तत्त्वका आधारमा विश्लेषण गर्न सकिन्छ ?

प्रस्तुत शोधपत्रबाट यी समस्याहरू समाधान भएका छन् ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्य दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्लन, वर्गीकरण र विश्लेषण गर्नु रहेको छ । यस क्रममा ती सङ्कलित लोककथालाई वर्गीकरण गरी लोककथाका आधुनिक सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । यस क्रममा निम्न लिखित मूल उद्देश्य राखिएको छ ।

क) दोलखा जिल्लामा प्रचलित नेपाली लोककथा सङ्कलन गरिएको छ ।

ख) सङ्कलित लोककथाको वर्गीकरण गरिएको छ ।

ग) दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाको विधा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

यी उद्देश्यहरू यस शोधकार्यद्वारा पूरा गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको रोमाञ्चक एवं मनोरञ्जनात्मक आख्यान युक्त गद्य विधा हो । यही समय विन्दुबाट लोकथाको प्रारम्भ भयो भनेर समयको किटान गर्न सकिँदैन । लोककथाका बारेमा खोजी विश्लेषण गर्ने परम्परा धेरै पुरानो भएको छैन । लोककथालाई सिद्धान्तको साँचोमा ढालेर अध्ययन विश्लेषण गर्ने काम भर्खरै मात्र प्रारम्भ भएको छ । अधिराज्य व्यापी लोकसाहित्यको समग्र रूपमा अध्ययन भए तापनि दोलखा जिल्लामा प्रचलित लोककथाको छुट्टै संकलन र विश्लेषण भएको पाइँदैन । तिनै विद्वानको अध्ययनलाई यहाँ पूर्वकार्यको समिक्षाका रूपमा प्रस्तुत गरिएको छ ।

१. तुलसी दिवसले 'नेपाली लोककथा' (२०३२) मा लोककथाको सैद्धान्तिक परिचय दिइ अधिराज्यव्यापी रूपमा लोककथा संकलन गरेको छ । त्यसमा दोलखाको पनि लोककथा संकलन भए तापनि समग्र जिल्लाको कथाहरू संकलित छैन ।[१]

२. राजेन्द्र सुवेदी र धरणी गौतमद्वारा 'मेची अञ्चलको लोककथाहरूको संकलन वर्गीकरण एवं विश्लेषण' २०३८ मा भएको छ, दोलखा जिल्लाको कथा समेटिए तापनि स्पष्ट रूपमा दोलखा जिल्लाका लोककथाहरू समेटिएका छैनन् ।[२]

३. धनबहादुर जिरेलले 'दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको लाकेतात्त्विक अध्ययन' शीर्षकमा २०६५ सालमा शोधपत्र तयार पारेका छन् । यसमा दोलखाको समग्र जिल्लाको लोककथाको अध्ययन भएको छैन । त्यसमा पनि लोकतात्त्विक अध्ययन गरिएको छ । लोककथाको तत्त्वगत आधारमा वर्गीकरण र विश्लेषण भने पाइँदैन ।[३]

४. चूडामणि बन्धु 'नेपाली लोकसाहित्य' (२०६६) मा लोककथाको सामान्य परिचय मात्रै दिएका छन् र उक्त पुस्तकमा लोककथा सम्बन्धी गहन अध्ययन भने गरेको पाइँदैन ।[४]

यसरी हेर्दा दोलखा जिल्लाको लोककथाको क्षेत्रलाई समेट्ने गरी जिल्ला व्यापी रूपमा अध्ययन भएको देखिँदैन । त्यसकारण यस शोधपत्रले केही मात्रामा अभावको पूर्ति भने गर्नेछ ।

### १.५ शोधकार्यको औचित्यः महत्त्व तथा उपयोगिता

लोककथा लोक जीवनको दर्पण हो । यसमा लोक समाजको भाषा संस्कृति परम्पराको बेजोड मात्रामा चित्रण गरिएको हुन्छ । लोककथा लोक साहित्यको विभिन्न विधाहरूमध्ये मनोरञ्जनात्मक तथा कौतुहलपूर्ण आख्यानात्मक विधा हो । लोककथाको अध्ययनबाट तत्कालीन समाजको सामाजिक रीति स्थिति सांस्कृतिक मूल्य र मान्यतालाई बुझ्न सजिलो हुन्छ । लोककथाको अध्ययन र विश्लेषणबाट लोककथाको संरक्षण हुनाको

---

[१] तुलसी दिवस **नेपाली लोककथा केही अध्ययन** (काठमाडौँः ने.रा. प्र.प्र. २०३२) पृ-७ ।

[२] राजेन्द्र सुवेदी र धरणी गौतम, "मेची अञ्चलको लाकेकथाको संकलन वर्गीकरण र विश्लोषण" त्रि.वि.मा प्रस्तुत प्रतिवेदन २०३८ ।

[३] धनबहादुर जिरेल "दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको लोकतात्त्विक अध्ययन" स्नातकोत्तर शोधपत्र २०६५ ।

[४] चूडामणि बन्धु, **नेपाली लोक साहित्य** काठमाडौँः (एकता बुक्स २०६६) पृ. १७५ ।

साथै एक ठाउँमा प्रचलित लोककथा अन्य ठाउँका जनसमुदायमा पुग्न सक्दछ । जसले गर्दा लोककथाको अध्ययन औचित्यपूर्ण रहेको छ । लोककथाको अध्ययनले त्यस समयको सामाजिक, धार्मिक, राजनीतिक, रीतिरिवाजका साथै लोक विश्वास सम्बन्धी अवधारणालाई बुझ्न सहज हुन्छ । यस शोधपत्रले दोलखा जिल्लामा प्रचलित नेपाली लोककथाका संरक्षण एवं प्रचार हुनाको साथै समग्र नेपाली लोककथाका अध्येताहरूलाई पनि आंशिक सहयोग पुऱ्याउँछ । यस शोधकार्यले दोलखा जिल्लाको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, रीतिरिवाज परम्परा र लोक विश्वास जस्ता कुराहरू थाहा पाउन पनि टेवा पुऱ्याउँछ । त्यसैले यो शोधपत्रको औचित्य महत्त्वपूर्ण र अर्थपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अंञ्चलमा पर्ने दोलखा जिल्लाको पूर्वी पहाडी भेग यस शोधपत्रको मुख्य क्षेत्र हो । यस शोध कार्यमा दोलखा जिल्लामा एक नगरपालिका र आसपासका गा.वि.स. हरू रहेका छन् । जिल्ला सम्पूर्ण गा.वि.स. लाई समेटेर अध्ययन गर्दा अध्ययन व्यापक भई शोधार्थीको पहुँच भन्दा बाहिर जाने र शोधकार्य फितलो हुनसक्ने भएकोले नगरपालिका लगायत सुस्पा क्षमावती, सुनखानी, सुन्द्रावती, नाम्दु, मैनापोखरी, मेलुङ गा.वि.स. मात्र रहेका छन् । यसरी सङ्कलित लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ । यो नै शोधपत्रको सीमाङ्कन हो ।

## १.७ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा मुख्य रूपमा निम्न लिखित विधिहरूको अवलम्बन गरिएको छ ।

### क) सामग्री संकलन विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन गर्दा क्षेत्रीय विधि अपनाइएको छ । दोलखा जिल्लाको भीमेश्वर नगरपालिका लगायत सुस्पा क्षमावती, सुनखानी, सुन्द्रावती, नाम्दु, मैनापोखरी, मेलुङ आदि गा.वि.स.मा गएर स्थलगत रूपमा त्यहाँका मानिसहरूलाई भेटी लोककथाहरू सङ्कलन गरिएको छ । यी सामग्रीहरू प्राथमिक स्रोतका रूपमा रहेका छन् । सैद्धान्तिक अध्ययन गर्ने क्रममा पुस्तकालय स्रोतबाट सैद्धान्तिक पुस्तकहरूको अध्ययन गरिएको छ । ती सैद्धान्तिक पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यसरी प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन गरिएको छ ।

**ख) सामग्री विश्लेषण विधि**

प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषण गर्दा लोककथाका तत्त्वहरूलाई आधार बनाइएको छ । कथानकमा कथाको संरचना पक्षको विश्लेषण गरिएको छ भने पात्रको आधारमा तिनको चारित्रिकताको उजागर गरिएको छ । कथोपकथनमा कथामा वर्णित पात्रका बीचमा कुराकानी भएको कुरा उल्लेख भएको छ । परिवेशमा वर्णित ठाउँको विश्लेषण गरिएको छ । कथाले दिन खोजेको सन्देश उद्देश्य मार्फत प्रस्तुत गरिएको छ भने अन्तमा कथामा प्रयुक्त भाषाशैलीको वर्णन गरिएको छ । अतः लोककथाको तत्त्वगत अध्ययन नै प्रस्तुत शोधकार्यको सामग्री विश्लेषण विधि हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित तथा सुव्यवस्थित बनाउन निम्न लिखित परिच्छेद तथा शीर्षकमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : लोककथाको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : दोलखा जिल्लाको सङ्क्षिप्त परिचय

चौथो परिच्छेद : दोलखा जिल्लाबाट सङ्कलित लोककथाको विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार

परिशिष्ट एक : सङ्कलित लोककथाहरू

# दोस्रो-परिच्छेद

## लोककथाको सैद्धान्तिक परिचय

### २.१ लोक साहित्यको परिचय

लोक परम्परादेखि श्रुतिपरम्परामा बाँचेको जीवन भोगाइका अनुभवहरू सिर्जित भई जीवित रहेका मौखिक रागात्मक अभिव्यक्ति लोक साहित्य हो । लोक साहित्य मानव सभ्यताको विकासक्रमसँगै विकसित हुँदै आएको जेठो/सर्व प्रचीन विधा हो । यसै युगौदेखि मौखिक र श्रुति परम्परामा बाँच्दै आएकोले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाने साहित्य लोकसाहित्य हो । लोक साहित्यलाई परिभाषा दिने कममा विभिन्न विद्वान्हरूले आ आफ्नै किसिमबाट परिभाषित गरेको पाइन्छ । "लोक साहित्य त्यो हो जसका रङ ढङको व्याख्या र नियन्त्रण तथा बन्धन कुनै पनि पुस्तकले नगरेको होस् र आफ्नो पनाका हास्य, व्यङ्ग्य, शब्द वाक्य र उक्तिहरूले युक्त होस् ।" -काली भक्त पन्त

"....लोक साहित्य मानव सभ्यताको अथाह सामाग्री भएर परम्पराको संवाहक बनेको हुन्छ । हरेक वर्तमानको पूर्वपीठिकामा रहेको हुन्छ । त्यसै पीठिकाको आधारमा र सत्प्रेरणामा मान्छे आफ्नो संस्कार, संस्कृति र परम्परा सब निजी पहिचान प्राप्त गर्दछ ।" -राजेन्द्र सुवेदी

"भावुक र कल्पनाशोल व्यक्तिहरूको द्रवीभूत यथार्थ व्यञ्जना नै लोक साहित्यको पहिचान हो ।" -वासुदेव त्रिपाठी

"सही अर्थमा लोक साहित्य लोक जीवन तथा संस्कृतिको प्रतिविम्ब मात्र नभएर संवाहक पनि हो ।" -तुलसी दिवस

"लोक समाजको त्यो वर्ग हो जो आभिजात्य संस्कार, शास्त्रीयता र पाण्डित्यको चेतना अथवा अहङ्कार शून्य हुन्छ र जो एक परम्पराको प्रवाह जीवित रहन्छ । यस्ता लोकको अभिव्यक्तिमा जो तत्त्व पाइन्छ ती लोक तत्त्व कहिन्छन् । यस्तै लोकको साहित्य नै लोक साहित्य हो । -सत्येन्द्र

लोक साहित्यमा लोक जीवनका तथा संस्कृतिका प्रतिविम्बहरू प्रतिबिम्बत भएर आएका हुन्छन् । मानव सभ्यताको सामाग्रीहरू वर्तमानमा उजागार गर्ने लोक साहित्य हो । लोक साहित्यलाई विभिन्न विधागत वर्गीकरण तल गरिएको छ ।

**लोक साहित्य**

(क) लोक नाटक

(ख) लोकगाथा

(ग) लोककथा

(घ) लोकगीत

(ङ) उखान टुक्का

(च) टुक्का

छ) गाउँ खाने कथा

### २.१.१ लोक नाटक

लोक नाटक लोक साहित्यको अभिनयमूलक विधा हो । लोकमा प्रचलित लोक गीत र लोक सङ्गीगतसँग अभिनय गरिने विधा नै लोक नाटक हो । लोक नाटकमा लोक भावनाको अभिनय हुन्छ । यो परम्परा र रुढीमा आधारित हुन्छ । यसमा शास्त्रीय नियमको आवश्यकता पर्दैन् । त्यसैले गाउँघरका पाटी, पौवा, चौतारी शहरका चोक आदि ठाउँहरूमा प्रस्तुत गरिन्छ । वैदिक साहित्यदेखि सुरु भएको नाटकलाई पञ्चमवेद पनि भन्ने गरिएको पाइन्छ । लोक नाटकहरूमा वालुन सोरठी, घाटु आदि पर्दछन् ।

### २.१.२ लोकगाथा

लोक साहित्य विभिन्न विधाहरू मध्ये लोक गाथा पनि एक हो । लोकगाथा परम्परादेखि चल्दै आएको श्रुति परम्परामा बाँचेको कथात्मक गीत हो । लोकगाथा भाका हालेर गाउने गरिन्छ । लोकगाथाहरू पूर्व मेची देखि पश्चिम महाकालीसम्म नै प्रचलनमा छन् । लोकगाथामा गीतमा आख्यान प्रस्तुत गरिन्छ । नेपाली लोकगाथाका रूपमा हरिमल्ल राजा र भवमल्ली रानीको गाथा, रामायण गाथा, सरुमा रानी आदि प्रचलित छन् ।

### २.१.३ लोककथा

लोकसाहित्यको अर्को विधा लोककथा हो । लोकले सजिलै बुझ्न सरल सम्प्रेष्य भाषामा भनिने कथाहरू नै लोककथा हुन् । लोककथा प्राचीन काल देखि नै एक पुस्ताबाट अर्को पुस्ता हुँदै मौखिक मनोरञ्जनका साथै नैतिक शिक्षा पनि प्रदान गर्दछन् । मानव मानवेत्तर पात्र हुने लौकिक अलौकिक कथावस्तुमा आधारित कथाहरू स्थान र समायानुसार फरक-फरक हुने गरेको पाइन्छ । जस्तै : सुनकेशरी मैया, गुरुमापा, हाइ रानी चादनी आदि छन् ।

### २.१.४ लोकगीत

लोक साहित्यका विविध विधाहरूमध्ये सर्वाधिक चर्चित र सर्वप्रिय विधाको रूपमा गीतलाई लिन सकिन्छ । लोकगीत लोक जीवनको अभिन्न अङ्ग हो । यो भाषाको उत्पत्तिसँगै

लोक गीतको उत्पत्ति भएको मानिन्छ । लोकगीतका सुरिलो भाकाहरूले ग्रामीण भेगका डाँडा-पाखा, खोलानाला अनि गुफा कन्दरा धन्काइरहेको हुन्छ । मानव जीवनका दुःख सुख अनि हाँसो आँसु पनि लोकगीतबाट भएको हुन्छ । लय मिलाएर गाइने यस्ता गीतहरूले मानिसको मन मुटु छोएको हुन्छ । नेपाली जनजीवनमा संस्कारगीत, कर्मगीत पर्व गीत बाह्रमासे गीत आदि विभिन्न प्रकारका लोक गीतहरू छन् ।

### २.१.५ उखान

उखान लोक साहित्यको एउटा प्रमुख विधा हो । कथनलाई तीब्रतर र प्रभावोत्पादक बनाउन उखानले महत्वपूर्ण भूमिका खेल्दछ । पुस्तौ पुस्तादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका उखानहरू अनुभवले खारिएका मानिसका वाणी हुन् । जस्तै : तेलपानी एकै पिना बाहेक, बाँदरको हातमा नरिवल, कानो गोरुलाई औसी पुर्णे आदि ।

### २.१.६ टुक्का

वर्तमान समयमा टुक्काको व्यापक मात्रामा प्रचलनमा आएको पाइन्छ । टुक्का प्राय : उखानसँग गाँसिएर आउने र दुवैले लाक्षणिक अर्थ बुझाउने भएकोले एकै प्रकारका भाषिक सामग्री हुन् भन्ने भ्रम पनि रहेको पाइन्छ । तर यी नितान्त भिन्न छन् । टुक्का वाक्यमा प्रयोग भएपछि मात्र यसको अर्थ बुझिन्छ । त्यस्तै टुक्काहरू अनुभवले खारिएका बुढाबुढीका मुखबाट सुन्ने गरिन्छ । जस्तै : हावाखानु, घर खानु, नाक काट्नु, आँखा तर्नु, कम्मर कस्नु, पुराण सुनाउनु आदि ।

### २.१.७ गाउँखाने कथा

लोक साहित्यका विभिन्न विधाहरू मध्ये गाउँखाने कथा पनि एक हो । गाउँखाने कथाहरू प्रचीन समयखेखि नै सुख दुःखका क्षणमा जिज्ञासा र मनोञ्चन व्यक्त गर्ने अनि समय बिताउने साधनका रूपमा प्रयोग गर्दै आएको पाइन्छ । नेपालीमा यसलाई झ्यागा अड्को थाप्नु पनि भनिन्छ । यसले मानवको बौद्विक परीक्षण गरेको पाइन्छ । यसमा उत्तर दिन नसकेमा सोध्नेलाई गाउँ दिनु पर्दछ ।

जस्तैः दिनभरी सुत्छ रातभरि उठ्छ के हो ? (दाम्लो)

वनतिर जादाँ घर तिर मुख घरतिर आउँदा वनतिर मुख के हो ? (वन्चरो)

नाकमा टेकी कानमा समाउँछ के हो ? (चश्मा)

लोक साहित्य लोक जीवनका परम्परादेखि नै मौखिक रूपमा हस्तान्तरित हुँदै आएको साहित्य हो । यसमा लोक जीवनका सुख दुःख, हाँसो आशु, हर्ष विस्मत आदि कुराहरू अभिव्यक्त भएका हुन्छन् । प्रायः अशिक्षित समाजमा मनोरञ्जन र नैतिक शिक्षा दिने कममा लोक साहित्य जीवित रहदै आएको छ । लोक साहित्यका विभिन्न विधाहरूले मानिसलाई विभिन्न प्रकारले मनोरञ्जन प्रदान गर्दै आइरहेको छन् । विभिन्न विशेषताहरू बोकेको लोक साहित्यको क्षेत्र विशाल रहेको छ । लिखित साहित्यको विकास पनि लोक साहित्यबाटै भएको पाइन्छ ।

## २.२ लोककथा परिचय

लोक साहित्यको रोमाञ्चक एवं मनोरञ्जनात्मक आख्यानयुक्त विधा हो । लोककथा मानव सृष्टिको विकास संगसंगै विकास हुदै आएको पाइन्छ । यो संसारको सबै भाषा जातजाति, संस्कृति, रीतिरिवाज, क्षेत्र र स्थानमा लोककथाको अस्तित्त्व रहेको पाइन्छ । मानव सभ्यताको श्री गणेशसंगै यसले निरन्तरता पाउँदै आएको छ । प्राचीन कालदेखि लोक समुदायको अनुभव तथा ज्ञानका माध्यमबाट रचना गरेका अद्भुत रोमाञ्चक व्यवहारिक घटना परिघटना आदिद्वारा संयाजित पूरा कथाहरू नै लोककथा हुन् । लोककथामा लौकिक परिवेशमा मानवदेखि मावेत्तर पात्रको निर्माण गरी व्याख्यानात्मक घटनालाई अत्यन्तै रोमाञ्चक कौतुहल र आकर्षक रूपमा प्रस्तुत गरिन्छ । लोक जीवनका, लोक भावना, लोक विश्वास, लोक संस्कृति र परम्परा साथै सामाजिक रीतिरिवाजहरू प्रतिबिम्बित भएर आउँछन् । जीवनका आशा, निराशा, हर्ष विस्मत जीवन-मरण सुख दुःखका अनुभूतिहरूको संगालो नै लोककथा हो । लोककथाले लोक जीवनलाई बौद्धिक ज्ञान, मनोरञ्जन, दयामाया धैर्य, उत्साह, सान्त्वना, वीरता, उपदेश क्षणिक आनन्द मानसिक र शारीरिक फूर्ति समेत प्रदान गर्ने हुनाले लोककथाका पाठक श्रोता सर्वसाधारण देखि बौद्धिक वर्गका सम्मका हुन्छन् । मानवीय तथा अतिमानवीय जड तथा चेतना पात्रहरूको संयोजनले श्रोतालाई मन्त्रमुग्ध बनाई आफूतिर आकर्षण गरी काल्पानिक लोकमा पु¥याउँछ । लोक कथा फूर्सदको समयमा पिंढी अटालीमा बसी वा यात्राका कममा बाटो कटाउने साधन थकाइ मेट्ने वस्तु अथवा बालबालिकालाई भुलाउने कममा अगेनाको डिलमा बसी आगो ताप्दै लोककथा भन्ने सुनाउने गरिन्छ । लोककथामा धार्मिक, आर्थिक, सामाजिक, सांस्कृति, ऐतिहासिक मध्ये कुनै न कुनै छाप परेको हुन्छ । जसले गर्दा लोककथाले हाम्रो सामुहिकता र परम्परालाई कायम राख्दै दिनभरिको थकान मेट्छ भने अर्को तर्फ सम्पूर्ण रीस राग समाप्त भई त्यसबाट भरपुर

मनोरञ्जन प्राप्त गर्न सकिन्छ । लोककथाको सुरुवात गर्दा एकादेश, उहिल्यै पहिले पहिले, परापूर्वकालबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलको मालामा गएर टुङ्गिन्छ/टुङ्गयाइन्छ ।

## २.३ लोककथाको परिभाषा

मौखिक परम्परामा हुँर्कदै पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरित हुने लोक कथाको परिभाषा दिने अत्यन्त कठिन कार्य हो । यसको सर्वमान्य परिभाषा बनेको छैन । लोककथाको सुनिश्चित परिभाषा दिने कुनै प्रयास भएको पाइदैन । सामान्यतः यस कथा भित्र परम्परागत आख्यान र त्यसका भेदहरूलाई लिन सकिन्छ । यसो भनिए पनि लोक साहित्यका विद्वानहरूले लोककथालाई परिभाषित गर्ने प्रयास गरेका छन् । विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरू मध्ये महत्वपूर्ण परिभाषाहरू यस प्रकार छन् ।

"उत्पत्ति जहाँ भएपनि समय र स्थान दुवै दृविद्धले सार्वभौम मौखिक आख्यानात्मक कथालाई लोककथा भनिन्छ ।"[५]

"लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ । "[६]

"परापूर्व कालदेखि मौखिक रूपमा गाउँ बस्तीमा गाउँदै भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथा कुथुङ्गी बटुली नै लोककथा हो ।"[७] ध

"लोक जीवनका मौखिक परम्परामा हस्तान्तरित हुन आएका कथाहरू नै लोककथा हुन् ।"[८]

"लोक सुमदायमा प्रचलित काल्पनिक तथा रोमाञ्चक तत्त्वले भरिएका, कलात्मक, सरल तथा सरस परम्परागत मौखिक गद्याख्यानहरू लोककथा हुन् ।"[९]

---

[५] द न्यु इन्साइकोपेडिया ब्रिटानिका (भाग -४) ।

[६] तुलसी दिवस **नेपाली लोककथा : केही अध्ययन** पृ. ८० ।

[७] कृष्ण प्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** काठमाडौं :वीणा प्रकाशन पृ. ४५ २०४७ ।

[८] चुडामणि बन्धु **नेपाली लोकसाहित्य** काठमाडौं : एकता बुक्स पृ. २८४ २०६६ ।

[९] मोतीलाल पराजुली जीवेन्द्र देवगिरी **नेपाली लोकसाहित्यको रूपरेखा** साँझा प्रकाशन : पुल्चोक ललितपुर पृ. १७४, २०६८ ।

"परम्परादेखि लोक जीवनमा मौखिक रूपले चली आएका कथा नै लोककथा हो ।"[१०]

लोककथा मानव समाजको आदिमा सभ्यताको पहिचान हो । यसमा जीवनका उत्तर चढावलाई काल्पनिकताले रङ्गाइन्छ । जसमा मानव एवम् मानवेत्तर पात्रहरूको उपस्थिति रहन्छ । यसरी विभिन्न विद्वान्हरूले नेपाली लोककथालाई परिभाषित गर्ने क्रममा आ-आफ्नो तरिकाले चिनाएको पाइन्छ । यी  विभिन्न परिभाषालाई केलाउदा के भन्न सकिन्छ भने "लोककथा भनेको प्राचीनकालदेखि मौखिक परम्परामा हुर्कदै जीवनमा आइपर्ने आरोह अवरोह सुख दु: ख हाँसो रोदनका घटनाहरू एकबाट अर्को पुस्तामा प्रदान गर्ने गद्याख्यान नै लोककथा हो ।" लोककथामा नैतिक दृश्टान्त, औपदेशिकता साथै  मनोञ्जनात्मकता रहन्छ ।

## २.४ लोककथासँग नजिक सम्बन्ध भएका विधाहरू

लोककथासँग नजिकका सम्बन्ध भएका विभिन्न विधाहरू छन् । ती मध्येमा पनि कुनै आंशिक रूपमा घनिष्ठ सम्बन्ध राख्दछन् । विविध विधाहरूसँग के कस्तो सम्बन्ध राख्दछ जसमा केही समानता र केही भिन्नताको बारेमा संक्षिप्त चर्चा गरिन्छ ।

(क) लोककथा र लोक गाथा

(ख) लोककथा र आधुनिक कथा

(ग) लोककथा र लोक नाटक

### (क) लोककथा र लोकगाथा

लोककथा र लोकगाथा दुवै लोकसाहित्यको एक आपसमा सम्बन्ध राख्ने प्रमुख विधाहरू हुन् । यी दुवै प्राचीन कालदेखि नै सुनाउँदै र सुन्दै गाथा गाउँदै र गाइदै आएको आख्यानात्मक काल्पनिक घटनाहरू हुन् । जसले हाम्रो समाजमा मनोञ्जनको साथसाथै नैतिक शिक्षा दिँदै आएको पाइन्छ । यी दुइमा केही समानता पाइए तापनि केही भिन्नता रहेको  पाइन्छ । जुन यस प्रकार छ

| लोककथा | लोकगाथा |
|---|---|
| १. आख्यान तत्त्व प्रबल रहेको हुन्छ । | १. आख्यान तत्त्वको साथै गेय तत्त्व साङ्गितिक पनि प्रबल रहेको हुन्छ । |
| २. लोककथामा वक्ता र श्रोताको आवश्यकता पर्दछ । | २. लोकगाथा एक्लैले गाएर भरपुर मनोञ्जन लिन सकिन्छ । |

[१०] **वृहत शब्दकोष** ने.रा.प्र.प्र. २०६० ।

| | |
|---|---|
| ३. लोककथा गद्य विधा हो । | लोकगाथा पद्य विधा हो । |
| ४. यसमा एकादेशबाट सुरु गरी सुन्नेलाई ....... अनि फेरि कता भन्ने बेलामा तातातै मुखैमा आइजाला भनी समाप्त गरिन्छ । | ३. लोकगाथा एकै चोटी गाइन्छ मात्रै अन्त्यमा केही भनिदैन् । |

यसरी लोककथा र लोकगाथा लोक साहित्यका विधा भए तापनि केही मात्रामा फरक पाइन्छ । कथा सुन्ने र सुनाउने प्रचलन पहिलो देखि नै भएको जस्तै लोकगाथा पनि पहिले देखि नै गाइदै आएको छ । तर लोककथामा वक्ता र श्रोता दुवै चाहिन्छ भने लोक गाथा एक्लैले गाउन सकिन्छ ।

**(ख) लोककथा र लोकनाटक**

लोककथा र लोकनाटक दुवै लोक साहित्यको विधा हुन् । काल्पनिक घटना प्रतिघटनाहरूबाट संयोजन हुने यी विधाहरूमा आख्यान तत्त्व अनिवार्य रहेको हुन्छ । यी विधाले परम्परा देखि नै मानव समुदायलाई नैतिक शिक्षा र मनोञ्जन प्रदान गर्दै आएका छन् । यिनमा केही समानता भएपनि केही भिन्नता निम्न छन् ।

| लोककथा | लोकनाटक |
|---|---|
| १. लोककथा श्रव्य विधा हो । | १. लोक नाटक श्रव्य दृश्य विधा हो । |
| २. लोकगद्य विधा हो । | २. लोकमा गद्य पद्य दुवै हुन्छ । |
| ३. लोककथामा संवाद  गौण हुन्छ । | ३. संवाद अनिवार्य हुन्छ । |
| ४. लोककथा वाचन मात्रै हुन्छ । | ४. लोकनाटक गेय साथै नृत्य पनि हुन्छ । |
| ५. लोकमा श्रोता चाहिन्छ । | ५. लोकनाटकमा दर्शक चाहिन्छ । |
| ६. यो जुनसुकै ठाउँमा भन्न मिल्छ । | ६. लोकनाटकलाई मञ्चको आवश्यक पर्दछ । |

लोककथा र लोकनाटक दुवै लोक साहित्यका विधा हुन् । लोककथा लोकनाटकमा केही भिन्नता भएको पाइन्छ । कथा श्रव्यविधा हो भने लोकनाटक दृश्यविधा हो । लोक कथाको लागि श्रोता र वाचक चाहिन्छ भने लोकनाटकमा दर्शकको आवश्यकता पर्दछ ।

**(ग) लोककथा र आधुनिक कथा**

लोककथा र आधुनिक कथामा लोककथाको आधुनिक कथासँग निकतम् सम्बन्ध रहेको हुन्छ । तत्त्वगत दृष्टिले हेर्दा पनि दुवैमा समानत् विधा हुन् र लोककथामा लोककथामा लोक तत्त्वको प्रधानता रहन्छ । जीवन जगतको चित्रण गरिएको हुन्छ । यी दुवै

शिक्षाप्रद र निश्चत संरचनामा बाँधिएका  हुन्छन् । यति समानता हुदाँहुदै पनि लोककथा र आधुनिक कथाबीच निम्नानुसारको भिन्नता रहेका छ ।

| लोककथा | आधुनिक कथा |
|---|---|
| १. लोककथा श्रव्य साहित्य हो मौखिक परम्परामा जीवित रहन्छ यसलाई सुनेर आनन्द प्राप्त गरिन्छ । | १. पाठ्य साहित्य हो । यो छापिएको हुन्छ र  पढेर आनन्द प्रप्त गर्न सकिन्छ । |
| २. यो श्रुति परम्परामा बाँचेको हुन्छ । | २. यो लिपिवद्ध हुन्छ । |
| ३. कुनै नियममा बाँधिएको हुदैन् । | ३. शास्त्रीय नियममा बाँधिएको हुन्छ । |
| ४. यो लोक कृतिका रूपमा रहन्छ । यसमा रचनाकार र रचना समय अज्ञात रहन्छ । | ४. यो व्यक्ति कृतिको रूपमा रहन्छ । यसमा रचनाकार र समय उल्लेख गरिएको हुन्छ । |
| ५. लोककथा जेठो विधा हो त्यसैले यसमा आदिमा चिन्तनको प्रभाव रहन्छ । | ५. आधुनिक कथा कान्छो विधा हो । त्यसैले यसमा आधुनिक चिन्तनको प्रभाव रहन्छ । |
| ६. कथ्य भाषाको प्रयोग गरिन्छ । | ६. मानक लेख्य भाषाको प्रयोग गरिन्छ । |
| ७. सरल भाषा शैली स्वाभाविक किसिमको हुन्छ । | ७. वैयत्तिक भाषाशैली र नाटकीय ढंगमा प्रस्तुत हुन्छ । |
| ८. यो परिवर्तनशील हुन्छ । | ८. परिवर्तन गर्न मिल्दैन । |

लोककथा र आधुनिक कथा दुवैमा समान विधा पनि केही भिन्नता    पाइन्छ । लोककथा श्रव्य विधा हो भने लिखित साहित्य पाठ्य विधा हो । श्रुति परम्परामा बाँचेको लोककथा हो भने लिपिवद्ध लिखित साहित्य हो । लोककथा जेठो विधा हो भने लिखित साहित्यमा कान्छो र मानक भाषामा प्रयोग गरिएको हुन्छ ।

## २.५ लोककथाका विशेषता

लोककथा लोक साहित्यको विधामध्ये उत्कृष्ट विधा हो । यसले आदिम मानव जीवनलाई जीवन्तता दिने काम गर्दछ । यस प्राणी जगतमा मानव सभ्यतालाई अगाडि ल्याउने काम गर्दछ । मानव जीवनका विभिन्न सुख, दुःख हाँसो रोदनलाई कलात्मक प्रस्तुति गर्दछ । यसले मानव जीवनमा सामुहिकता पद्धतिलाई अगाडि बढाउँछ । लोककथाले एक

आपसमा आत्मिक एवं भावनात्मक प्रेम बढाउँछ । लोक समुदायमा शिक्षा उपदेश मनोरञ्जन र थकानको बेला आराम वा विश्रामको वातावरण सिर्जना गर्दछ । प्रायः जसो बुढाबुढीले कथा भन्ने र युवायुवतीदेखि लिएर केटाकेटीहरूले सुन्ने सुनाउने कार्य गर्दछन् । दिनभरिको कामको थकानलाई मेटाउन साँझ घरको अगेनाको डिल, आँगन पिढी वा कुनै विश्राम कक्षमा बसेर लोककथा भन्ने र सुन्ने गरिन्छ । कहिले काही लोककथाहरू गाउँघरमा फुर्सदको बेला वा २/४ जना भएर पनि सुन्ने र सुनाउने चलन रहेको छ । यसरी लिखित रूपमा नभइ मुखामुख गर्दै आएपनि यसको छुट्टै विशेषता रहेको हुन्छ । लोककथाको विशेषताहरू लोक साहित्यबाट नै निकट रहेका हुन्छन् ।

### २.५.१ अज्ञात रचनाकार

लोककथा श्रुतिस्मृति परम्परामा रहने हुँदा यसको रचनाकार अज्ञात रहन्छ । एक जनाले भनेको श्रवण गर्ने धेरै हुने र उनीहरूले पनि पुनः अरुलाई सुनाउने प्रचलनमा लोककथा जीवन्त रहने गर्दछ । लोककथा कुनै व्यक्तिको रचना नभएर लोक जीवनका सामूहिक सम्पति हो । यो मानव समाजको आदिम सभ्यताको पहिचान हो । लोककथा समुदायमा मौखिक परम्पराबाट हस्तान्तरण हुँदै आएका हुन्छन् । लोककथा कसले रचना गऱ्यो भनेर यकिन गर्न सकिँदैन । त्यसैले लोककथा वैयक्तिक नभएको कारणले रचनाकार अज्ञात रहेको हुन्छ । रचनाकार अज्ञात रहनु पनि यसको वैशिष्ट्य हो । लोककथामा काल्पनिकता बढी हुने भएकोले पनि रचनाकार अज्ञात रहन्छ ।

### २.५.२ आख्यानको प्रधानता

लोककथा लोक साहित्यको आख्यानयुक्त विधा हो । प्रायः कुनै पनि साहित्य आख्यानहीन हुन सक्दैन । त्यसैले लोककथा नै आख्यान हो । आख्यानको संचरक घटकहरूमा चाहिने घटना प्रसङ्ग कथावस्तु नै आख्यान हो । घटनाहरू भुतकालीन ढाँचामा अगाडि बढ्नु नै आख्यानात्मकता हो । यसले नै लोककथालाई अन्य विधाबाट अलग गर्दछ । घटनाहरूको क्रमिकता नै आख्यान हो । घटनाहरूको श्रृङ्खलालाई पात्रहरूले अगाडि बढाउने काम गर्दछन् ।

### २.५.३ विषयको व्यापकता

लोककथाको विषयवस्तुको व्यापकता पाइन्छ । लोककथाको विषयवस्तु भनेको हाम्रै जीवनका विविध पक्षहरू हुन्छन् । हाँसो, रोदन, प्रेम, घृणा, आशा-निराशा, धैर्य, क्रोध, मोह इर्श्या, आकर्षण विकर्षण आदि रहेका हुन्छन् । यसको विषयवस्तु लौकिक-अलौकिक मानवीय

अतिमानवीय जस्तो पनि हुन्छ । लोककथाको विषयवस्तु ऐतिहासिक, पौराणिक, धार्मिक, सामाजिक आदि रहन सक्छन् । साथै जडवस्तुको पनि प्रयोग भएको पाइन्छ । यसै शिलशिलामा जीवेन्द्रदेव गिरी लेख्छन् -"लोककथाको विषयको सीमा बाध्न गाऱ्हो छ । तिनमा इतिहास, पुराण, धर्म, संस्कृति, समाज, प्रेम, साहसिकता, अलौकिकता आदि विभिन्न कुराहरूले स्थान पाएका हुन्छन् ।" लोककथाले लोक जीवनमा जुनसुकै विषयलाई समेट्न सक्ने भएकाले यसको विषयगत व्यापकता छ भनेर भन्न सकिन्छ ।

### २.५.४ मनोरञ्जनात्मकता

साहित्यको मूल ध्येय नै नीतिशिक्षा, व्यवहारिक शिक्षाका साथै मनोरञ्जन प्रदान गर्नु रहन्छ । औपदेशिक लोककथा भएपनि केही मात्रामा मनोरञ्जनको समिश्रण भएको हुन्छ । मानव जीवनसँगै मनोरञ्जन गाँसिएर आएको हुन्छ । त्यसैले लोककथाहरूमा पनि मनोरञ्जनको विषयक, प्रेम खुशीयाली चार्डपर्व इत्यादिको कथावस्तुको बाहुल्यता देख्न सकिन्छ । विभिन्न पात्रहरूको उपस्थिति गराएर बालक युवायुवती राजकुमार, राजकुमारी, अप्सरा, परीहरूका बीच प्रेम गराएर श्रोतालाई मनोरञ्जन प्रदान गर्ने गरिन्छ ।

### २.५.५ कल्पनात्मकता

लोककथालाई कल्पनाकै उपज भन्दा पनि हुन्छ । कथावाचकले कल्पनाको ठूलो कराही बसाली त्यसमा कथालाई आफ्नो मौलिकताको चास्नीमा चुलुम्ब डुबाएर रोचक प्रस्तुतीकरण गरिन्छ । यसमा बढी भन्दा बढी मनोरञ्जन प्रदान गर्न यथार्थताको घटनाहरूमा काल्पनिकताको प्रवलता मिसाउँदै कथा भनेको पाइन्छ । प्रायः जसो लोककथामा अलौकिक, अदभूत, रहस्य, रोमाञ्चक, भएका कथामा झनै बढी काल्पनिकता पाइन्छ ।

### २.५.६ अतिरञ्जनात्मकता

लोककथामा अतिरञ्जनको प्राधान्यता पाइन्छ । पहिले जे भनेको छ सुन्नेले पछि अर्कोमा हस्तान्तरित हुँदा केही कुरा थपघट गरी भनेको पाइन्छ । पहिलेको भाषा र हालको भाषामा फरक प्रस्तुति सुन्नमा आएको छ । आफूले सुनेको कथालाई बढाइचढाइ अतिशयोक्ति तरिकाले एउटै अवस्थामा नभएर चाहना अनुसार फरक हुँदै जाने भएकोले अतिशयोक्ति/ अतिरञ्जनात्मकता लोककथाको विशेषता हो ।

### २.५.७ कुतूहलता

लोककथा एउटा वक्ता वा श्रोतामा निर्भर साहित्य हो । यसमा कथावाचकले जति मात्रामा हाउभाउकासाथ बाचन गर्न सक्छ । त्यति नै श्रोतामा कुतूहलता जाग्छ । कथावाचकले कथा बाचन गर्दै जाँदा यसपछि के होला ? अब के हुन्छ ? अनि के गर्ने ? जस्ता प्रश्न उठ्नु नै श्रोतामा उत्सुकता जाग्नु हो । यसरी लोककथा रोचक प्रस्तुति हुने भएकोले श्रोताले पनि एकाग्र भएर सुनिरहन तत्पर भैरहन्छ । त्यसैले कथामा वक्ता र श्रोताबीचमा सुमधुर सम्बन्ध हुने भएकोले लोककथा लोक कै प्रिय बन्न सफल भएको छ ।

### २.५.८ अभिप्रायको प्रयोग

अभिप्राय शब्द अङ्ग्रेजी शब्द Molif को नेपाली रुपान्तरण हो । अभिप्राय साहित्यिक कृतिहरूमा आधारभूत अंशका रूपमा रहेको हुन्छ । लोक साहित्यका क्षेत्रमा लोकगाथा, लोकनाटक, लोककथा आदि विधामा यसको अत्याधिक प्रयोग र महत्व रहेको पाइन्छ । नेपालीमा प्रयुक्त तत्सम शब्द अभिप्राय अभि+प्र+इ+अ बाट अभिप्रायको निर्माण भएको हो । जसको अर्थ कामना इच्छा, भाव, विश्वास, तात्पर्य आदि रहेको हुन्छ । अभिप्रायलाई स्टिथ टम्सनले यसरी प्रस्टयाएका छन् -"परम्परामा स्थिर रूपले रहने सामर्थ्य भएको असाधारण एवं अमूर्त गुणयुक्त कथानक निर्माणको लघुत्तम तत्त्वलाई अभिप्राय भनिन्छ ।" अभिप्रायले लोककथामा लोक विश्वास, लोक परम्परा, लोक संस्कृति, सामाजिक मूल्य मान्यतालाई झल्काइरहन्छ । आख्यानात्मक साहित्यमा अभिप्राय विशिष्ट रूपमा प्रयोग रहन्छ ।

### २.५.९ भाषिक सरसता

लोककथाको भाषा सर्वसाधारणले बुझ्ने खालको हुन्छ । सरस सहज र स्वाभाविक वा स्थान विशेष भाषाको प्रयोगले कथामा रोचकता थप्दछ । लोककथा लोक समाजमा स्थापित लोक जातिको स्पन्दन भएकोले एक भाषिकाले अर्को भाषिका सम्बन्धि आफ्नो धारणा बनाउँदछ । त्यसैले भाषिक सरसता पनि लोक साहित्यको वैशिष्ट्य हो ।

### २.५.१० ऐतिहासिकता

लोककथामा इतिहासका घटनाहरू पनि प्रवल रूपमा आएका हुन्छन् । जहाँ समाज हुन्छ त्यहाँ इतिहास हुन्छ । त्यसैले लोककथामा पनि आदिम समाजको इतिहासको झल्को पाइन्छ । लोककथामा पनि ऐतिहासिक महत्वपूर्ण भूमिका रहन्छ । लोककथाले इतिहासका

घटनाहरूलाई र वीर पुरुषको वीरत्वलाई समेटेको हुन्छ । ऐतिहासिक स्थल, मठ-मन्दिर देवस्थलको उत्पत्ति आदि लोककथामा समेटेको हुन्छ ।

यो उल्लखित विशेषताले गर्दा लोककथाहरू सदा जीवन्त रहने गर्दछन् । त्यसैले लोक साहित्यको अन्य विधा भन्दा पृथक र मौलिक अस्तित्त्व राख्न लोक कथा सफल रहेको छ ।

## २.६ लोककथाका घटक/तत्त्व

लोककथा आदिम समाजदेखि हालसम्म नेपाली जनजिब्रोमा झुण्डिदै आएको लोक साहित्यको एक विधा हो । नेपाल एक हिमालको सेतो छानो पहाडी डाँडाकाँडाहरूले भरिभराउ गाऱ्हो र तराइको समथर मैदानयुक्त जग अति सुन्दर देश त्यसमा पनि लोककथाले नेपालको गाउँ बस्तीमा त्यहाँको नालीबेलीलाई झनै रोमाञ्चित पार्दछ । विभिन्न जातजाति, भेषभूषा, धर्म संस्कृति, रहनसहन, रीतिरिवाज, चालचलन भाषाभाषी आदिका आ-आफ्नै वैशिष्ट्य बोकेको लोक सुसेलीको लोककथाहरू रहेका हुन्छन् । यस्ता लोक कथा निर्माणमा विभिन्न कारक तत्त्वको संयोजनले कथाको बनौटमा सघाउ पुऱ्याउँछ । लोककथाको कारक तत्त्वलाई लोक कथाका अध्येताहरूले ६ वटा मानेका छन् । ती हुन् :

| | | |
|---|---|---|
| क) कथानक | ख) पात्र | ग) कथोपकथन/संवाद |
| घ) परिवेश | ङ) उद्देश्य | च) भाषाशैली |

### २.६.१ कथानक

लोककथाको प्रमुख तत्त्व कथानक हो । “कथानक विनाको कथाको कल्पना गर्न सकिँदैन । कथानक भनेको घटनाहरूको श्रुङ्खलित व्यवस्था हो । लोककथाको कथानक सरल घटनाबाट सुरु हुन्छ । बिचमा विभिन्न मोड तथा उपमोडहरू विकसित हुँदै अन्त्यमा संयोग वा वियोग भएर कथा टुङ्गिन्छ ।”[११]

जीवनका सुख दुःखबाट आर्जेका घटना, परिघटना, प्रेम प्रसङ्गका कुराहरू, वीरता र शुरताको सन्दर्भहरू अनेक व्यवहारिकताका सन्दर्भहरू आदि कुराहरू विषयवस्तु भित्र उपकथा बीचबीचमा जोडिएर आउन सक्छन् । कथानकको उचित व्यवस्थापनले कथालाई रोचक घोचक उत्सुक र श्रृङ्खलित बनाउने गर्दछ । लोककथामा आख्यान आरम्भ विकास र उपसंहार जस्ता श्रृङ्खलामा आवद्ध रहन्छ । कथावस्तुको विषयवस्तु जे पनि हुन सक्छ ।

[११] मोतीलाल पराजुली जीवेन्द्र गिरी, **नेपाली लोक साहित्यको रुपरेखा** ललितपुर : साझा प्रकारशन पुल्चोक २०६९ पृ. १८१

मुख्यतः पौराणिक, किंवदन्तीमूलक, मानवेत्तर आदि जुनसुकै स्रोतबाट पनि कथावस्तु ग्रहन गरिएको हुन्छ । कथानकको आरम्भमा कथाको बीज रहन्छ । यही बीजविन्दु पताका प्रकरी र कार्य भएर चरमोत्कर्षमा पुग्छ । यही चरमोत्कर्ष नै कथाको उपसंहार हो । यसरी कथा लामो छोटो सरल जटिल दुःखान्त सुखान्त जे भएपनि लोककथामा कथावस्तुको अनिवार्यता रहन्छ ।


### २.६.२ पात्र/चरित्र

लोककथाको कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्दछ । पात्रले लोककथालाई जीवन्तता दिने काम गर्दछ । "लोककथामा कथानकलाई आवश्यक पर्ने घटना कार्य र विचारलाई संवहन गर्न सक्ने पात्रको व्यवस्था गरिएको हुन्छ । यस्ता पात्रमा मानिस मानवेत्तर प्राणी, देवी, देवता, राक्षस, भूतप्रेत, बोक्सी, वनस्पत्ति तथा पदार्थलाई पात्र बनाउने प्रचलन पाइन्छ ।"[१२]

कथामा घटनाहरूलाई घटित गराउने र अगाडि बढाउने कार्य नै पात्रहरूको माध्यामले मात्रै सम्भव हुन्छ । लोककथाका पात्र यथार्थ धरातलबाट नटिपिएर काल्पनिक संसारबाट टिपिएको हुन्छ । कथानक र पात्रका बीच अन्योन्याश्रित सम्बन्ध रहन्छ । कुनै कथानकमा घटना शक्तिशाली हुन्छ र पात्रहरूलाई नियतितर्फ डोऱ्याउँछ भने कुनैमा पात्र शक्तिशाली भई कथावस्तुलाई डोऱ्याउँछ, घटनाले पात्र डोऱ्याउँदा घटनाप्रधान कथानक हुन्छ भने पात्रले घटना डोऱ्याँदा चरित्रप्रधान कथानक हुन्छ । लोककथामा प्रयुक्त पात्रलाई मोतीलाल र जीवेन्द्र देव गिरीले 'नेपाली लोक साहित्यको रूपरेखा' मा यसरी प्रस्तुत गरेका छन् ।

---

[१२] पूर्ववत ..................... पृ. १८२




### २.६.३ कथोपकथन/संवाद

लोककथाको तत्त्वहरू मध्ये महत्वपूर्ण तत्त्व कथोपकथन पनि एक हो । कथोपकथन नभइ कथानकको घटनाक्रमको कार्यव्यापार हुन सक्दैन । लोक कथामा पशुपंक्षी निर्जिव वस्तु भुत प्रेत पात्र बनेर कुराकानी गर्दछन् । यस प्रकारको कुराकानी अस्वाभाविक र अयथार्थ भए पनि श्रोतालाई मन्त्रमुग्ध बनाएको हुन्छ । त्यसैले लोककथाको प्रमुख तत्त्व कथोपकथन पनि हो ।

### २.६.४ परिवेश

लोककथामा परिवेशले त्यसबेलाको समयको चित्राङ्कन गर्दछ । लोककथामा ग्रामीण परिवेश दरबारिया अथवा कुनै ठाउँ विशेषको वर्णनले परिवेशलाई झल्काएको हुन्छ । "लोककथामा कथानकको आवश्यकता अनुसारको परिवेश तयार गरिएको हुन्छ परिवेश भनेको कथानकको घटना भएको ठाउँ समय र वातावरण हो । यस्तो परिवेश लौकिक र अलौकिक गरी दुई प्रकारको हुन्छ ।"[१३] एकातिर परिवेश अनुसार चरित्र विकास भएको हुन्छ भने अर्कोतिर चरित्रले परिवेशको निर्माण गर्दछ । परिवेशले भौतिक जगतका विविध

---

[१३] पूर्ववत .................... पृ. १८४

प्राकृतिक दृश्य तथा भौगोलिक अवस्थितिको चित्रण गर्दै लोककथालाई यथार्थिक र विश्वासनीय बनाउने कार्य गर्दछ ।

### २.६.५ उद्देश्य

लोककथाको मुख्य उद्देश्य भनेको श्रोतालाई भरपुर मात्रामा मनोरञ्जन प्रदान गर्नु रहेको हुन्छ । साथै यसले नैतिक शिक्षा, उपदेश र धार्मिक ज्ञान पनि प्रदान गर्दछ । लोककथाले लोकबासीको अनुभव, दुःख, पीडा, हाँसो, रोदन आदिलाई समेटेको हुन्छ । लोककथाले बालक देखि वृद्ध सम्म पठित देखि अपठित सबैलाई आमोद प्रमोद प्रदान गर्ने क्षमता राख्दछ । कुनै पनि वस्तुको एउटा उपयोगी दृष्टि रहन्छ यही उपयोगी दृष्टिलाई वस्तुको प्रयोजन भनिन्छ र लोककथाको पनि आफ्नै किसिमको उद्देश्य रहेको हुन्छ । नैतिक शिक्षा दिनु, दुःख निवारण गर्नु आदि उद्देश्यहरू पनि लोककथामा रहेको हुन्छ ।

### २.६.६ भाषाशैली

लोककथालाई भाषाले व्यक्त गर्दछ भने भाषालाई व्यक्त गर्ने माध्यम शैली हो वा शैलीले भाषालाई अभिव्यक्त गर्ने काम गर्दछ । शैली व्यक्तिको आ-आफ्नै हुन्छ । त्यसैले लोककथाको केन्द्रीय तत्त्वको रूपमा भाषाशैली पनि रहेको हुन्छ । भाषाविना कुनै पनि कुराको औचित्य झल्किन सक्दैन । स्थानीय भाषा भाषिकामा लोककथा प्रस्तुत गरिने हुँदा भाषाशैलीमा स्थानीयताको प्रभाव पर्दछ । मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने हुँदा सरल र सहज शैलीमा रहेको हुन्छ । लोककथाको आरम्भ (एकादेशमा परापूर्वकालमा .... उहिल्यै ...) र अन्त्य (सुन्नेलाई सुनको माला .....) गर्ने आफ्नै किसिमको सरल भाषाशैली हुन्छ ।

लोककथा मानव सभ्यताको पहिचान हो । यो गद्याख्यानमूलक लोक साहित्यिक विधा हो । यसमा लोक जीवनका आस्था विश्वास परम्परा र संस्कृति रोमाञ्चक तथा मनोरञ्जनात्मक रूपमा प्रतिबिम्बित भएर आएका हुन्छन् । विभिन्न राजारानी, पुशपंक्षी, देवी देवता, राक्षस, गुरु, शिष्य, आदि जीवन्त विषयवस्तुलाई कलात्मक रूपमा प्रस्तुत गरिन्छ । लोककथामा सत्य असत्यको प्रस्तुति गरिनुका साथै सत्यको विजय भएको देखाउनु यसको आफ्नो वैशिष्ट्य हो । लोक कथाका उत्पत्तिका बारेमा मतमतान्तर रहेको पाइन्छ । जसमा चूडामणि बन्धुले प्रकृतवाद, प्रसादवाद, विकासवाद, इच्छापूर्तिवाद यथार्थवाद, हुन् भनेर 'नेपाली लोक साहित्य' मार्फत व्यक्त गरेका छन् । लोककथाका लागि विभिन्न तत्त्वको

संयोजनबाट लोककथा बन्दछ । जसमा कथानक, पात्र/चरित्र कथोपकथन वा संवाद, परिवेश, उद्देश्य र भाषाशैली रहेका हुन्छन् । लोककथाले आफ्नै खालको विशेषता बोकेको हुन्छ । काल्पनिक, अद्‌भूत, रोमाञ्चक, जादु, टुनामुना राक्षस बोक्सी, भूतप्रेत, पिचास जस्ता वैशिष्ट्यले पूर्ण हुन्छन् । लोककथाले लोक साहित्यका अन्य विधासँग पनि यसको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । जस्तै : लोकगाथा लोकनाटक यसका सम्बनिधत विधा हुन् ।

## २.७ लोककथाको वर्गीकरण

लोककथा आदिम सभ्यता देखि नै सुरु हुँदै आएको भए तापनि आधुनिक कथाको जस्तो वर्गीकरण र विश्लेषण भने सान्दर्भिक रूपमा गर्न सकिएको छैन । लोककथाको सङ्कलन धेरै पहिले देखि भएपनि यसको वैज्ञानिक प्रष्ट वर्गीकरण छैन । लोककथाको क्षेत्र व्यापक भएको कारणले लोककथाको यति नै वर्ग र किसिम छन् भनी ठोकुवा गर्ने ठाउँ छैन । सबैले आ-आफ्नै तरिकाले वर्णन गरेका छन् । पूर्वीय आचार्यहरूले विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी २ कोटीमा विभाजन गरेका छन् । पाश्चात्य विद्व
‘‘‘॥नहरूले लोककथाको बारेमा गहन एवं स्थुल अध्ययन गरेको देखिन्छ । २० औँ शताब्दीमा आएर प्रसिद्ध अङ्ग्रेजी विद्धान जर्ज लोन्स गोमेले आफ्नो (फोकलोर एज हिस्टोरिकल साइन्स१९०८) नामक पुस्तकमा ४ तरिकाले वर्णन गरेका छन् :

१. लोककथा

२. वीर कथा

३. लोक गाथा

४. स्थीीय किंवदन्ती ऐतिहासिक कथाहरू

त्यसैगरी पाश्चात्य जगतमा लोककथाका सन्दर्भमा उल्ललेखित योगदान पुऱ्याउनेमा बेलायती विद्वान मार्टिन ग्रेको वर्गीकरण लिन सकिन्छ ।

१. पौराणिक कथा

२. किंव दन्ती

३. पशुकथा

४. परीकथा

५. दैत्य र भूतप्रेतको कथा

६. ठट्यौली

त्यसैगरी जम्मा ६ वर्गमा विभाजन गरेका छन् । "लोककथाका अर्का प्रसिद्ध फिनिस विद्वान एन्टी आर्नेले पशुकथा (Animal Tales) दन्त्यकथा (Falktales) ठट्यौली र चुट्किलाहरू (Jokes and Anecdotes)"[१४] त्यस्तै गरी "अमेरिकी लोककथाविद स्टिथ थोम्सनले लोककथा मार्चेन वीर चरित्रका सेगेन वीरकथा एजेण्डस परम्परागत कथा ट्रेडिक्सन, नीतिकथा पञ्चतन्त्रीय कथा फेबल्स, पशुपंक्षीका कथा र पौराणिक कथा गरी जम्मा ५ वर्गमा विभाजन गरेका छन् ।"[१५]


अर्का भारतीय विद्वान सत्येन्द्रले ९ प्रकारले विभाजन गरेका छन् । गाथाहरू (Myths), पञ्चतन्त्रीय कथाहरू (Fabies) परीका कथाहरू (Faixy tales) विक्रम कथाहरू (Adventure) बुझौवलहरू, निरीक्षण गर्भित कथाहरू, साधुसन्तका कथाहरू, कारण निर्देशवन कथाहरू र बालकथाहरू बन्धु चुडामणि २०६६ नेपाली लोक साहित्य पृ. २९२

मोहन राज शर्मा र खगेन्द्र प्रसाद लुइटेलले आफ्ना पुस्तक 'लोक वार्ता विज्ञान र लोक साहित्य'मा लोककथाको वर्गीकरण विभिन्न आधारमा गरेका छन् । शिल्पविधान, भावविधान, उद्देश्य र विषयवस्तुका आधारमा गरेका छन् ।

---

१४ चूडामुणि बन्धु २०६६ **नेपाली लोक सीहित्य** पृ. २९१)

१५ (कृष्ण प्र. घिमिरे **'केही नेपाली लोककथा विवेचना'** मधुपर्क वर्ष ३२, अङ्क-१० पूर्णाङ्क ३६७ फाल्गुण २०५६ पृ. ४८)




लोककथाको वर्गीकरणकै क्रममा तुलसी दिवसले १० वर्गाम विभाजन गरेका छन् । उनको वर्गीकरण यस प्रकार छन् ।

१. सांस्कृतिक र ऐतिहासिक कथाहरू

२. पशुपंक्षीका कथाहरू

३. अर्ती उपदेशका कथाहरू

४. मानवका विशेष स्वभाव र प्रवृत्तिका कथाहरू

५. अतिमानवीय रुपका कथाहरू

६. दैवी लोककथा

७. फलफूलका लोककथा

८. शाहस तथा बहादुरीका लोककथा

९. धार्मिक लोककथा

१०. विविध लोककथा

### २.८.१ लोककथाको  अध्ययन परम्परा

लोककथाको इतिहास मानव समाजको इतिहाससँग गासिँएको छ । नेपाल विविधतामा एकता भएको सार्वभौमसत्ता देश हो । यहाँ विविध धार्मिक सम्प्रदायको समुद्र हो । त्यसैले विविध सम्प्रदायका संस्कृतिलाई लोककथाले जीवन्त रूपमा बोकिरहेको हुन्छ । सम्पूर्ण नेपालीहरूमा जीवनका सारा सन्तापहरूलाई टाढा पन्छाएर अँगेनाको डिलमा आगो ताप्दै मौखिक रूपमा भनिने नेपाली लोककथा लोक साहित्यको अभिन्न अंग बन्न पुगेको छ । सम्पूर्ण लोक साहित्य मौखिक परम्पराकै उपज हो । लोककथाको तिथिमिति लिखित रूपमा प्रमाणहरू पाउन असम्भव छ । लोककथालाई मौखिक परम्पराबाट ग्रहण गरी संकलन र प्रकाशन गर्न थालिएको वि.सं. १९९६ देखि नै हो । नेपाली लोककथाको स्रोत संस्कृत नै भएकोले संस्कृत साहित्यबाट अनुदित लोककथालाई नै नेपाली लोककथाको जननी मान्न सकिन्छ ।

नेपाली लोककथाको सर्वेक्षण गर्दा नेपाली भाषाको मौलिक कथाहरूको संकलन हुनु पूर्व हिन्दी, उर्दू, फारसी भाषाबाट नेपाली भाषामा अनुवाद भएका छन् । नेपाली लोककथाको अध्ययन परम्परालाई दुई भागमा वर्गीकरण गरेर हेर्न सकिन्छ ।

(क) संकलन परम्परा (आरम्भदेखि - २०२३)

(ख) विश्लेषण परम्परा (२०२४ - हालसम्म)

#### २.८.१.१ संकलन परम्परा

संकलन परम्परा -आरम्भदेखि १९९६ देखि २०२३ साल सम्म लिन सकिन्छ । यस कालमा विभिन्न भाषाका कथाहरू नेपालीमा अनुवाद भएको पाइन्छ । जसमा हितोपदेश मित्रलाभ (१८३३) सत्यनारायणको व्रतकथा (१९४२) वहत्तर सुगाको कथा (१८८४) लालहीराको कथा (१८८८) वेताल पंचविशिनि (१८९२) नलदमयन्तीको कथा (१९९०) वीर सिक्का (१९४६) तीजको कथा (१९४८) प्रल्हाद भक्तिकथा (१९४८) वेताल पच्चिसी ( १९५३) अपूर्व मैंयाको कथा, गुलवकावली र हात्तीमताइको कथा (१९८१) सुन्ने कथा सिंहासन वत्तीसी (१९८२) हरिचन्द्रको कथा र वीरवलको तुक (१९८२), तोता मैयाको कथा, मधुमालती कथा (१९९६) रहेका छन् । वि.सं. १९९६ मा मधुमालतीको कथासँगै नेपाली भाषाको लोककथा संकलन गर्ने कार्य भएको पाइन्छ । नेपाली भाषामा लेखिएको

पहिलो कृति एटनले सन् १८७७ को अंग्रेजी व्याकरण 'मुन्सीको तीन आहान' लाई पनि समेटिएको छ ।

लोक मानसमा प्रभाव पार्ने र प्रचलित लोककथाहरूको संकलन भने विक्रमको २० औं शाताब्दीको अन्तिम दशक अर्थात १९९६ मा बोध विक्रम अधिकारीको १२ वटा लोक कथाहरू संकलन भएको हाल सम्मको 'नेपाली दन्त्यकथा' सबैभन्दा प्रसिद्ध लोककथा संग्रह हो । यो संग्रहलाई धेरै वर्ष सम्म प्रवेशिका परीक्षाको पाठ्यपुस्तकका रूपमा पनि चलाइयो । त्यस्तै वि.स. १९९९ मा 'नेपाली भाषा प्रकाशीनी समिति' ले लोककथाहरूको संकलन गरी पठाउन जिल्ला जिल्लामा पत्राचार गऱ्यो । यो प्रयास संकलित रूपमा ठूलो आकारमा लोककथा प्रकाशन गर्ने पहिलो प्रयास थियो । अर्कोतिर २००३ मा ललितजंग सिजापतिले २६ वटा लोककथा भएको 'दन्त्यकथा माला' ऐतिहासिक र विभिन्न चाडपर्वमा र जात्रामा आधारित लोककथा संग्रह प्रकाशित भएको थियो ।  वि.स.२००५ मा संग्रह प्रकाशित गरे । फेरि वि.स.२०१० मा काजीमाङ कान्दङवाले ८ वटा कथा भएको आठकथा र शिवामणि प्रधान र अमरमणि प्रधानका कथाहरूमा कथाकहानी (सन् १९५४) जुजुमान कुसुलेको सुनौलो कथा (२०१६) बादलकी रानी (२०१६), नेपाली दन्त्य कथा संग्रह (२०२२) पनि यस्तै नमुना योग्य लोककथा संग्रह हुन् । इमानसिंह चेमजोङका किराँती दन्त्यकथा (२०२१) मा १९ वटा कथा संकलित छन् ।

### २.८.१.२ विश्लेषण परम्परा २०२४ हालसम्म

नेपाली लोककथाको अध्ययन परम्परालाई हेर्दा वि.सं. २०२५ मा बासुदेव त्रिपाठीको "लोककथाको मूल्यलाई औल्याउन खोज्दा" शीर्षकको लेख हाम्रो संस्कृतिबाट विश्लेषण परम्पराको थालनी हुन्छ । त्यसपछि यहाँ विभिन्न लोककथाहरू संकलन र हुने काम पनि तीब्रतर रूपमा आइरहेको छ । ललितजंग सिजापतिको नेपालको लोककथा (२०२४) मा पौराणिक लोककथाहरू प्रकाशित छन् । पासाङ गोपर्माले बुहारी (२०२४) मा ८ वटा कथाहरू संग्रहित छन् । यसै समयमा केशर लाल श्रेष्ठको 'सेभने सिस्टर एन्ड नेपाली स्टोरिज' (सन् १९६७), सोम फोक स्टोरी अफ नेपाल (२०२८) छन् भने करुणाकर वैद्यको 'फोक टेल्स अफ नेपाल' (२०२८) छन् । २०३२ सालमा नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानबाट तुलसी दिवसको संकलनमा १३२ वटा संकलनका काम भएका छन् । यही नेपाली लोककथाको भूमिकामा लोककथा सम्बन्धी एक चर्चा भनेर नेपाली लोककथालाई दश भागमा विभाजन गरिएको छ । २०३९ मा विजय चालिसेको डोटेली लोक संस्कृति र

साहित्यमा लोककथाका नमुना समेटिएका छन् । वि.सं. २०४१ मा हंसपुरे सुवेदी र धर्मराज थापाले 'लोक साहित्यको विवेचना' मा लोककथाको बारेमा चर्चा परिचर्चा गरिएको छ । त्यस्तैगरी विश्लेषण परम्पराकै क्रममा २०५५ सालमा मोतीलाल पराजुलीले 'नेपाली लोककथाका अभिप्रायको अध्ययन' नामक शीर्षकमा विद्यावारिधि गरेर लोककथाको अध्ययन परम्परा अगाडि बढाएको छ । त्यसै क्रममा २०५८ मा चुडामणिबन्धुले 'नेपाली लोक साहित्य मार्फत लोककथाको विश्लेषण गर्ने काम भएको छ । कर्णशाक्य र लिन्डा ग्रिकिथबाट काठमाडौँ वरिपरिका ६१ कथा संकलन गरी कथाहरूको सिजापतिको नेपाली लोककथा संगालोमा पनि नेपाली लोककथाहरू वर्गीकृत रूपमा संकलित छन् ।"[१६]

यसरी दोस्रो चरणमा पनि संकलन गर्ने कार्य जारी नै रहेको छ । विभिन्न जिल्लाबाट लोक कथा संकलन र विश्लेषण स्नातकोत्तर तहमा भैरहेको छ ।

[१६] चूडामणि बन्धु **नेपाली लोक साहित्य** २०६६ पृ- २९८ ।

## तेस्रो परिच्छेद

## दोलखा जिल्लाको संक्षिप्त परिचय

### ३.१ परिचय

"नेपाल एक बहुजातीय बहुभाषिक र बहुसांस्कृतिक देश हो । परा पूर्व कालदेखि नै अनेकतामा एकता नेपालको प्रमुख विशेषता रहि आएको छ । नेपाल कुनै एकमात्र जातीय प्रभाव भएको देश नभइ विभिन्न जातजाति र उपजातिको संयुक्त फूलबारी हो ।"[१७]

दोलखा नेपालको मध्यमाञ्चल विकासक्षेत्र अन्तर्गत जनकपुर अञ्चलको एक हिमाली जिल्ला हो । यो प्रचीन कालदेखि नै आफ्नै छुट्टै आर्थिक, सामाजिक, धार्मिक र राजनैतिक अवस्था कायम राख्दै आएको पाइन्छ । प्राकृतिक स्रोतले भरिपुर्ण यस जिल्लाका उत्तरी क्षेत्रको सीमाना चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ । "दोलखाको इतिहास नलेखिकन नेपालको इतिहास पूरा हुँदैन" भन्ने शिरामणि स्व. श्री बाबुराम आचार्यको कथन छ । दोलखालाई पहिला अभयपुरको नामबाट चिनिथ्यो । यस जिल्लाका आदिबासीहरू नागवंशी रहेको अनुमान रहेको छ । जब नेपाल र भोट बीचको व्यापारका लागि लामावगर हुँदै तिब्बत जाने व्यापरी मार्ग खुल्यो । त्यसै बेला देखि नै भक्तपुरबाट नेवारहरू दोलखा आइ व्यापार गर्न थालेको अनुमान गरिन्छ । बि.सं.को १६ औ शताब्दीको उत्तरार्धदेखि १७ औँ शताब्दीको उत्तरार्धसम्म करिब एक शताब्दी जति दोलखा एक स्वतन्त्र राज्यका रूपमा रहेको कुरा इतिहासले पुष्टि गरेको छ । केन्द्रमा यक्ष मल्लले राज्य गरे तापनि दोलखामा कीर्ति सिंह सामन्ती शासकका रूपमा थिए र उनको मृत्यु पछि उनका १४ वर्षीय छोरा उद्धवदेव दोलखाका राजा भए । त्यसबेला उद्धवदेवले आफ्नो नामको अगाडि 'दोलखाधिपति' लेख्ने गरेका थिए । जसबाट पनि दोलखा स्वतन्त्र राज्यका रूपमा स्थापित थियो भन्ने पुष्टि हुन्छ । आर्थिक रूपले पनि छुट्टै पहिचान राख्ने दोलखाका राजा इन्द्रसिँह देवले नै नेपालमा चाँदीको सिक्का प्रचलनमा ल्याएका थिए ।

### ३.२. दोलखाको नामकरण

१. "नेपाल अधिराज्यमा प्रख्यात श्री भीमेश्वर मन्दिर नजिकको पाटीमा कुनै समयमा एउटा महात्मा योगी बस्दथे । एकदिन ती महात्मा योगीलाई दोलखा छोडी अन्यत्र जाने विचार भएछ र बाहिर निस्कदा फेरि उही मन्दिर पाटीमा आइपुग्दा रहेछ ।

---

[१७] श्रीकृष्ण श्रेष्ठ- **सुरेल जातिको सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन** काठमाडौं : २०६७, पृ. ५-पैरखी प्रकाशन ।

यसरी २ लाख पटक बाहिर निस्कदा पनि घुमिफिरि उही ठाउँमा आइ पुगेकाले र २ लाख भन्दा भन्दा दोलखा हुन पुग्यो र जिल्लाको नाम दोलखा रहन गयो भन्ने भनाइ छ ।"[१८]

२. "तिब्बती भाषामा दो को अर्थ हुन्छ ढुङ्गा ल को अर्थ मन्दिर र खा को अर्थ घर हुन्छ । यस दोलखामा अधिकांश घर मन्दिरहरू ढुङ्गाको भएकोले तिब्बती भाषामा यस स्थानलाई दोलखा भनिएको छ ।"[१९]

३. "कुनै समयमा यस दोलखा जिल्लाको राजधानी हालको दोलखा शहरमा थियो । राजधानीको सुरक्षाको लागि चारैतिर ढुंगाको ठूलो पर्खालले घेरी राखेको र भित्र बाहिर गर्नको लागि पश्चिम तर्फ ठूलो ढोका थियो दोलखाको स्थानिय नेवारी भाषामा ठूलो ढोकालाई द्वाकु लुखा भनिन्छ । द्वाखु लुखाको अपभ्रंस भइ जिल्लाको नाम नै दोलखा भएको भन्ने स्थानीय भनाइ छ ।"[२०]

४. "दोलखाको नामाकरणको अर्को भनाई यस प्रकार छ-एक समयमा दोलखालीहरू निकै धनी थिए । प्रत्येक घरमा सुनैको देवी देवता तथा वुद्ध मूर्तिहरू पनि सुनको थियो । भारत, तिब्बत, चीनको व्यापारिक मार्ग यही दोलखा भएकोले व्यापार पनि खुब चल्दथ्यो । कृषि उपज निकै राम्रो हुन्थ्यो । खान लगाउन दुःख थिएन । त्यसकारण त्यसबेला २ लाख भन्दा घटीका सम्पत्तिवाला कोही थिएन । त्यसैकारण दोलखा जिल्ला बासिहरूलाई २ लाखे भन्दा भन्दै जिल्लाको नाम नै दोलखा भयो भन्ने पनि भनाइ छ ।" [२१]

[१८] यज्ञ कुमार प्रधान **दोलखाको सांस्कृतिक सम्पदा** काठमाडौंः त्रिपुरेश्वेर २०६१ पृ. ६ ।

[१९] ऐ

[२०] ऐ

[२१] ऐ

### ३.३ दोलखा जिल्लाको वस्तुगत विवरण

नेपालको राजधानी काठमाडौँबाट १३२ कि.मी. दुरीमा रहेको यो जिल्ला आन्तरिक एवं बाह्य पर्यटकको गन्तव्यस्थान भैरहेको छ । यस जिल्लाको उचाइ समुद्री सतहबाट ७३२ मिटर (सित्तली) तथा अधिकतम उचाई ७१३४ (गौरीशङ्कर हिमाल) रहेको छ । जिल्लाको सदरमुकाम चरिकोट १९७० मि. उचाईमा रहेको छ । यस जिल्लाको गौरीशङ्कर हिमाललाई आधार मानी नेपालको प्रामाणिक समय निर्धारित गरिएको छ ।

नेपालको मानचित्र २७°२८° उत्तरदेखि २८°००° उत्तरी अक्षांश ८५°५०° पूर्वदेखि ८६°३२° पूर्वी देशान्तर सम्म फैलिएको छ । कुल २१९१ वर्ग किमी. क्षेत्रफल भएको यस जिल्लाको पूर्वमा सोलुखुम्बु र रामेछाप जिल्ला पश्चिममा सिन्धुपाल्चोक जिल्ला उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षितणमा रामेछाप जिला पर्दछ । यस जिल्लाको अधिकांश भू-भाग उच्च हिमाल ३५ प्रतिशत, उच्च पहाड ४० प्रतिशत र मध्य पहाड २५ प्रतिशत ओगटेको छ । जसलाई तालिका प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १**

| भौगोलिक बनावट | क्षेत्रफल (हेक्टरमा) | प्रतिशतमा |
|---|---|---|
| उच्च हिमाल | ७५,००० | ३५ |
| उच्च पहाड | ८५,७१४ | ४० |
| मध्य पहाड | ५३,५६३ | २५ |
| जम्मा | २१४,२८७ | १०० |

दोलखा विकास बुलेटिन २०६७ चैत्र

### ३.४ भू-उपयोगको अवस्था

दोलखा जिल्ला पहाड, हिमाल, खोंच, नदी, किनार, टार र बेंसी गरी जम्मा १० प्रतिशत भू-भाग मात्र समतल भएको अनुमान छ । जिल्लाको कुल क्षेत्रफल २१४२८७ हेक्टर मध्ये २५.५३ प्रतिशत कृषि क्षेत्रले ओगटेको छ । वन क्षेत्र ४७, ३७ प्रतिशत र घाँसे मैदान र अन्यले १३.७७ प्रतिशत भू-भाग ओगटेको छ । यसलाई तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. २**

| क्र.सं. | विवरण | क्षेत्रफल हेक्टरमा | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ५६,६८३ | २५.५३ |
| २ | कृषि योग्य जमिन | | २६.४६ |
| ३ | वन क्षेत्र | १,०१,५०० | ४७.३७ |
| ४ | चरण क्षेत्र | २९,५०० | १३.७७ |
| ५ | हिउले ढाकेको क्षेत्र | ५,६६५ | २.६४ |
| ६ | पर्ति जग्गा | १३,७४० | ६.४१ |
| ७ | पानीले ढाकेको क्षेत्र | ७०६८ | ३.३० |
| ८ | अन्य | १३१ | ०.०६ |

त्यस्तै सामुदायिक वन उष्ण सदावहार ३४५ वटा रहेका छन् भने कबुलियत वन समुह १४८ वटा रहेका छन् ।

## ३.५ जनसंख्या

"दोलखा जिल्लाको जनसंख्या २०६६ सम्म २,४४२६९ रहेको छ । जसमा महिला १२२,२९८ पुरुष १,२१९७१ रहेका छन् । त्यसमध्ये नगरपालिकामा जम्मा २३८८१ छन् । महिला १२१३८ र पुरुष ११७४३ छन् । नगरपालिकामा घरधुरी संख्या ५४०७ रहेको छ भने पुरा जिल्लाको ४३२६२ रहेको छ । १५ वर्ष देखि ५९ वर्षका व्यक्तिहरू ११९६५४ रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर १.८० प्रतिशत रहेको छ भने औसत आयु ६१ वर्ष रहेको छ ।

स्रोत- भी.न.पा.- कार्यालय

## ३.६ शैक्षिक अवस्था

दोलखा जिल्लाको शैक्षिक स्थिति हेर्दा स्नातकोत्तर तहसम्म पढाई भैरहेको छ । दोलखाको साक्षरता अन्तरिम संविधान २०६३ अनुसार ६३ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता ४२ प्रतिशत र पुरुष साक्षरता ५८ प्रतिशत रहेको छ भने भीमेश्वर नगरपालिका भित्र साक्षरता ६१.७५ प्रतिशत रहेकोमा पुरुष ७१.३४ प्रतिशत र महिला ५२.१८ प्रतिशत रहेको छ । शैक्षिक अवस्था विद्यालयको स्थिति तालिका देखाउन सकिन्छ ।

### तालिका नं. ३

| क.सं. | विद्यालय/तह | संख्या |
|---|---|---|
| १. | सामुदायिक उच्च मा.वि.<br>मा.वि<br>नि.मा.वि.<br>प्रा.वि.<br>सामुदायिक अध्ययन केन्द्र | ३८<br>४२<br>८६<br>२४१<br>३६ |
| २. | बालविकास केन्द्र | २७० |
| ३. | गुम्बा | १२ |
| ४. | संस्थागत विद्यालय<br>उच्च मा.वि.<br>मा.वि.<br>नि.मा.वि.<br>प्राथमिक | <br>१<br>६<br>८<br>१५ |
| ५. | क्याम्पस | ३ |
| ६. | प्राविधिक शिक्षालय | २ |

## ३.७ शिक्षक दरबन्दी विवरण

### तालिका नं. ४

| क.सं. | तह | साधारण दरबन्दी | राहत अनुदान | कुल दरबन्दी | स्थायी | | | स्थायी | अस्थायी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम | द्वितीय | तृतीय | | |
| १ | मा.वि. | १३१ | ११३ | २४४ | २ | २४ | २०५ | ८० | ५१ |
| २ | नि.मा.वि. | १४६ | १५३ | २९९ | २ | २७ | ११७ | ११० | ३६ |
| ३ | प्रा.वि. | ९९३ | २३६ | ११२९ | १९ | १६० | ८१० | ८२० | १७३ |

## ३.८ विद्यार्थी संख्या: (आ.व. २०६७/६८ सम्म)

### तालिका नं. ५

| क.सं. | विद्यार्थी | तह | | | जम्मा |
|---|---|---|---|---|---|
| | | मा.वि. | नि.मा.वि. | प्रा.वि. | |
| १ | छात्र | ४,०३३ | ८,३३६ | २१,१९१ | ३३,५६० |
| २ | छात्रा | ४,०१० | ८,७७६ | २३,०८७ | ३५,८७३ |

## ३.९ जिल्लाको स्वास्थ्यसेवा

स्वास्थ्य रहनु व्यक्तिको नैसर्गिक अधिकार हो । त्यसको लागि राज्यले नागरिकलाई स्वास्थ्यसेवा उपलब्ध गराउनु राज्यको दायित्व हुन आउँछ । दोलखा जिल्लामा पनि जिल्ला,

अस्पताल-१, प्राथमिक स्वास्थ्य केन्द्र-२, स्वास्थ्य चौकी-९, उपस्वास्थ्य चौकी-४३, गाउँघर क्लिनिक १४८, खोप क्लिनिक-१६५, निजी अस्पताल-४, जिल्ला आयुर्वेद अस्पताल-१, इलाका आयुर्वेद-२ रहेका छन् । त्यस्तै जिल्लामा २४ घण्टे सुत्केरी गराउने सेवा केन्द्र १५ रहेको छ भने परिवार नियोजनको साधन प्रयोग गर्ने ४० प्रतिशत रहेको छ । त्यस्तै बाल मृत्युदर ६६ प्रतिहजार, शिशु मृत्युदर ४८.५ प्रतिहजार, मातृमुत्युदर ३५० प्रतिलाख, सफा पानी पिउने ८३ प्रतिशत र शौचालय प्रयोग गर्ने ४० प्रतिशत पाइएको छ ।

यस तथ्याङ्कका आधारमा अझै पनि दोलखाबासीले सर्व सुलभ रूपमा स्वास्थ्य सेवा पाइराखेको छैन ।

## ३.१० संचार सेवा

दोलखा जिल्लाको संचार सेवा दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । संचार विनाको जीवन अधुरो रहन्छ । पहिला समाचार आदान प्रदानको माध्याम हुलाक थियो । हालसम्म पनि जिल्ला हुलाक १ इलाका १० र अतिरिक्त हुलाक ४३ रहेको छ भने टेलिफोन लाइन १००० क्षमतामा ९१८ लाइन वितरण भएको छ । इन्टरनेटको प्रयोगले जनजीवन सर्वसुलभ बनेको छ । विभिन्न पत्रपत्रिकाको माध्यमबाट पनि घटनाहरू थाहा पाउन सकिन्छ । साप्ताहिक पत्रिका ७ रहेकोमा नियमित रूपमा प्रकाशन हुने नवतरङ्ग साप्ताहिक, कलिन्चोक सन्देश र शैलुङको सूर्य रहेको छ । मासिक पत्रिका-५ पाक्षिक-२ त्रैमासिक-२ छन् भने सामुहिक रेडियो संख्या ४ रहेको छ । यी विभिन्न माध्यमबाट संचारको क्षेत्रमा सहयोग पुऱ्याएका छन् । कम्प्युटर सेन्टर, इमेलइन्टरनेट, कुरियर फ्याक्स जस्ता सञ्चार माध्यमहरू क्रियाशील भै सूचना प्रवाहमा प्रभावकारी सेवा पुऱ्याउँदै आएका छन् ।

## ३.११ विद्युत र अन्य

दोलखा जिल्लामा विद्युत सेवातर्फ ५ किलोवाट भन्दा 'मुनिको साना जलविदुत आयोजना १४ वटा रहेका छन् । ६० मेगावाट हिमाल हाइड्रो मार्फत किर्नेमा उत्पादन भैरहेको छ । त्यस्तै १० किलोवाट देखि १०० किलोवाटसम्मको साना जलविद्युत आयोजना २३ रहेका छन् । विद्युत पुगेका गा.वि.स.हरू ३१ छन् । उपल्लो तामाकोशीमा ४५६ मेगावाटको निर्माण कार्य हुँदैछ । त्यस्तै दोलखा जिल्ला प्रशासनमा दर्ता भएका गैर सरकारी संस्था ७५७ वटा रहेका छन् । सहकारी संस्थाहरु ३९९ छन् ।

जलाधार क्षेत्र-३

उपजल धारक्षेत्र-४०

त्यस्तै दोलखा जिल्लामा उद्योग धन्दाको अवस्था हेर्दा विभिन्न फर्म तथा उद्योगहरू संचालनमा आएका छन् । निजी रूपमा संचालित निजी फर्म ३९९ वटा रहेका छन् । साझेदारी रूपमा संचालित ८० वटा छन् भने संचालित उद्योगहरू २५ वटा रहेका छन् ।

### ३.१२ हिम शिखरहरू

**क) गौरी शङ्कर हिमाल**

दोलखा जिल्लाको गौरी शङ्कर हिमालकै आधारमा नेपालको प्रमाणित समय निर्धारण भएको छ । यसको उचाई ७,१३४ मिटर रहेको छ । नेपाली समयको आधार विन्दुको साथै शिव र पार्वतीको वासस्थानको रूपमा गौरीशङ्कर राखिएको हो । गौरी शङ्कर भगवानको नामबाट भएकोले यस हिमालमा आरोहण गर्न इजाजत दिएको छैन । यस हिमालको हुलाक टिकट हुलाक सेवा विभागले प्रकाशनमा ल्याइ सकेको छ ।

यस जिल्लाका अन्य शिखरहरूमा

**ख) कालिङ्ग पासी हिमाल : ५३१३ मिटर**

**ग) पिदिङ्ग हिमालः ५६८२ मिटर**

**ग) रालिङ्ग हिमाल : ६०५४ मिटर आदि रहेका छन् ।**

### ३.१३ लेक

दोलखा जिल्ला विभिन्न लेकहरू रहेका छन् । जसमा प्रमुख, कालिन्चोक र शैलुङ्ग रहेका छन् ।

**क) कालिन्चोक लेक**

कालिन्चोक लेक भगवतीको नामबाट प्रख्यात छ । करीब २ फुट गहिरो कुण्ड छ माथि उत्तरतर्फ त्रिशुलका डङ्गुर छन् भने दायाँ बायाँ धातुका सिंहहरू राखिएका छन् । धर्मको आस्था हुनेहरू तथा प्राकृतिक सौन्दर्यका प्रेमीहरू स्वदेशी तथा विदेशीहरू हिउ पर्ने समय बाहेक अन्य समयमा सधैँ जाने गर्दछन् । यसको उचाई ३८४० मिटर रहेको छ । दोलखा सदरमुकाम चरिकोटबाट १८ कि.मि. उत्तरमा पर्दछ । कालिन्चोक नजिकै पश्चिमतर्फ एउटा टाकुरो छ जुन टाकुरो जोड्न २२ वटा खुड्किलो भएको २२ फिट लम्बाइ ४ फिट चौडाइ भएको भञ्ज्याङ् छ । वर्षायाममा यही बाटो भएर कुती (तिब्बत) तर्फ आवट जावत गर्दछन् ।

जनश्रुति अनुसार देवी भगवतीका २७ दिदी बहिनीहरू छन् । जसमध्ये १७ दिदीबहिनी काठमाडौँ उपत्यकामा दोलखाको विभिन्न ठाउँमा १० छन् ।

१. कालिन्चोक भगवती -अम्बिका पार्वती)

२. सुन्दावती डुमकोट

३. कालिकादेवी डुमकोट

४. श्री कालिका निवारे सुनखानी

५. श्री कमल देवी लादुक

६. श्री त्रिपुरासुन्दरी भवगती दोलखा शहर

७. श्री बज्रयोगिनी दोलखा शहर

८. महाकाली चोथाङ्ग

९. श्री बैधीदेवी पिस्कर, थामी गाउँ र

१०. श्री कालिका देवी देवी खोला तीरमा छन् ।

### ३.१४ शैलुङ्ग

शैलुङ्ग लेकमा सय थुम्का छन् । प्राकृतिक छटाले भरिपूर्ण यस ठाउँमा ती सय थुम्काले आफ्नो सौन्दर्य छरेर परिचय दिइ रहेका छन् । यो ३५०० मीटर उचाइमा रहेको छ । यस ठाउँबाट थुप्रै हिमालहरू देख्न सकिन्छ । जस्तै गणेश हिमाल माछा पुच्छे आदि । यस स्थललाई हिन्दु र बौद्ध धर्मको आस्थाको स्थल मानिन्छ । सदरमुकाम चरिकोटबाट दक्षिण पश्चिममा अवस्थित छ । यहाँसम्म जानको लागि ३६ कि.मि. बसको यात्रा गरी ३ घण्टाको पैदल यात्रापछि पुग्न सकिन्छ । यहाँ जनै पूर्णिमा, बालाचतुर्दशी र बाह्र वर्षे मेला लाग्दछ । यस ठाउँबाट गण्डकी देखि सगरमाथा सम्मका हिमश्रृङ्खलाहरू देख्न सकिन्छ भने दक्षिणमा महाभारत देखि सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप र दोलखाका धेरै भू-भाग हेर्न सकिन्छ । त्यसैले यो लेकले धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व मात्र नभई पर्यटकीय महत्त्वसमेत बोकेको छ ।

### ३.१५ ताल पोखरीहरू

दोलखा जिल्लामा थुप्रै विभिन्न खालका तालपोखरीहरू रहेका छन् । विश्व चर्चित हिमताल पनि दोलखामा नै रहेको छ ती निम्नानुसार छन् ।

**क) च्छोरोल्पा हिमताल**

च्छोरोल्पा हिमताल नेपालकै सबभन्दा उच्च स्थानमा रहेको ठूलो हिमताल हो । यो हिमताल गौरीशङ्कर गा.वि.स. १ मा पर्दछ । यस तालले १.६५ वर्ग कि.मि. क्षेत्र ओगटेको छ भने यसको उचाइ ४५८० मिटर र गहिराइ १३५ मिटर रहेको छ । यस तालको पानीको

सतह वर्षेपिच्छे बढ्दै गैरहेको छ । यस तालमा पानीको मात्रा १० करोड घनमिटर रहेको अनुमान गरिएको छ । यो सन् १९६३ मा ०.२३ वर्ग कि.मि. रहेकोमा सन् १९९७ सम्म आइपुग्दा १.६५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यस तालको हुलाक सेवा विभागबाट वि.सं. २०५६ सालमा रु १२ को हुलाक टिक समेत प्रकाशनमा ल्याएको छ ।

**ख) बहुला पोखरी**

बहुला पोखरी ताल आलम्मु गा.वि.स. ९ मा पर्दछ । यस तालको लम्बाइ ३०० मिटर र चौडाइ २०० मिटर रहेको छ भने गहिराइ थाहा हुन सकेको छैन । यो ताल फोकसिन्धु तालको हाराहारीमा छ ।

**ग) जटा पोखरी**

जटा पोखरी चरिकोटबाट १६ कोश टाढा उत्तरपूर्वको श्यामा गा.वि.स. -१ मा पर्दछ । यस पोखरीको उचाई ४५०० मिटर उचाईमा रहेको छ । यस पोखरीमा प्रत्येक वर्षको जनै पूर्णिमाको दिन ठूलो मेला लाग्दछ ।

**३.१६ दोलखा जिल्लाको धार्मिक स्थलहरू**

धार्मिक स्थलका दृष्टिकोणले दोलखा जिल्ला निकै धनी मानिन्छ । यहाँ थुप्रै प्रकारका विविध धार्मिक स्थलहरू रहेका छन् । केही प्रमुखको चर्चा गरिएको छ ।

**भीमेश्वर**

श्री भीमेश्वर दोलखाको भीमसेन नेपाल अधिराज्यमा प्रख्यात छ । दोलखा-भीमसेनका नामले प्रख्यात यो मन्दिर चरिकोटबाट ४ किलोमिटर उत्तर पूर्वमा अवस्थित छ । यहाँ विभिन्न ठाउँ र विदेश भारततिरबाट पनि दर्शनाथीहरू आउने गर्दछन् । यस मन्दिरको भीमसेनको मूर्ति १४ इन्च अग्लो रहेको छ भने ६ इन्च चौडा छ । भीमसेनको मन्दिरमा सुनौलो छत र गजुर छ दायाँबायाँ श्रद्धालु भक्तजनले चढाएको पित्तलको राष्ट्रिय झण्डा राखिएको छ । उत्तरतर्फ पित्तलकै ठूलो गदा पखालमा उभ्याई राखेको छ । कुन्ती र द्रौपदीको मूर्ति पछाडी  अलि माथि भक्तजनले चढाएको फलाम त्रिशुलहरु पनि थुप्रै छन् ।

भीमसेन-मूर्तिको पछाडिबाट द्रौपदीको अगाडिसम्म जोडिएको जलकुण्ड छ यसलाई निर्मल जल भनिन्छ । यस जलकुण्डमा दोलखा बजारबाट करिब छ कोस उत्तर-पश्चिम रहेको १२.६८२ फिट अग्लो कालिन्चोक भगवतीको कुण्डबाट जल आउँछ भन्ने जनविश्वास रहेको छ । स्थानीय बासिन्दा कसैको आपसमा झगडा परी किरिया खानु- खुवाउनु परेमा यस जल कुण्डमा हात डुबाई किरिया खाने चलन अद्यावधि छ । कसैको पति, छोराछोरी

परदेश बसेको र धेरै दिनसम्म चिठीपत्र आएन भने सञ्चो विसञ्चो थाहा पाउन भीमसेन-मूर्ति अगाडि दियो बाली हेर्ने चलन छ । दियो सोझो बल्यो भने सञ्चै रहेछ भन्ने र दियो दायाँबायाँ यता उति हल्लियो भने विसञ्चो भएको छ भन्ने जनविश्वास रहेको छ । दोलखा भीमेश्वरको स्थापना र उत्पत्ति कसरी भयो भन्ने बारेमा रोचक भनाइ रहेको छ ।

परापूर्व कालमा यस स्थानमा अथवा अहिलको भीमसेनको मूर्ति मन्दिर भएको स्थानमा घनाजंगल थियो उत्तरपूर्व चीनको सीमाना लामाबगर आउने जानेबाटो पनि यहि पर्दथ्यो र हालसम्म पनि यो बाटो कायम छ । सुनखानीतिरका भारी बोक्ने १२ जना भरियाहरूले यस स्थानमा भात पकाउने सुरसार गरे चुलो बनाउनको लागि २ वटा ढुंगा खोजी एउटा त्यही भएको त्रिकोण ढुंगा मिलाई चुल्हो बनाए । त्यस चुल्होमा भात पकाउँदा त्रिकोण ढुंगा निरको भात काँचो देखियो र भात चलाई पाकेको भात त्यतापारे तैपनि त्रिकोण ढुंगानिरको भात काँचो देखियो । यसरी धेरै चाटि चलाउँदा पनि त्यसतर्फको भात काँचै देखिएकोले भरियाहरूले रिसले त्रिकोण ढुंगालाई फलामे दाबिलोले हिर्काए । हिर्काएपछि त्यस ढंगाबाट दूध र रगत मिश्रित तरल पदार्थ बग्यो । यस्तो देखि भरियाहरू दराइ जुनसुकै देवीदेवता भएपनि हामीलाई क्षमा गरी देऊ भनी मागे र आफ्नो बाटो लागे । केही पएपछि दाहिने निधारमा घाउ र रगत बगाइ आइरहेको एउटा जोगीलाई देखे । भरियाहरूले घाउको कारण सोध्दा “अँ त्यहाँ मलाई हिर्काए” भन्ने जवाफ दिए । ती भरियाहरूले पनि आफूहरूलाई परेको घटना सुनाए । त्यसपछि जोगीले यो भीमेश्वर रहेछ मन्दिर बनाई पूजा गर्नु भनेर अलप भयो । भरियाहरूले जोगीको आदेश अनुसार त्यहाँ मन्दिर बनाइ वर्षेणी बडा देशैंको अष्टमीको दिन १२ वटा बोका पूजा गर्ने कबोल गरी आफ्नो बाटो लागे । त्यसपछि कालान्तरमा राजाले जमिन बनाउन लगाइ राम्रो मन्दिर-पर्खाल बनाई सुनको छाना लगाए । भोली पल्ट सुनको छानो भत्किएको देखे । सुनको छाना नहुने रहेछ भनी चाँदीको छाना राख्न लगाए । त्यो पनि भत्क्यो । चाँदीको पनि नहुने रहेछ भने तामाको बनाउन लगाए । त्यसपछि राजाले “मलाई छाना मन पर्दैन ढाक्रेहरूले झैं खुला नै राख्नु” भन्ने सपना देखे । त्यसपछि छाना नै नराखी खुलैराखे । पछि कालान्तरमा वर्षाको समयमा पानीबाट ओतिन मन्दिरको छाना छाउने र हिउँदमा झिक्ने गर्न थाले । हाल केही वर्षेदेखि मात्र जस्ता-कर्कट-पाताको छाना अस्थायी रूपमा राख्न थालेको छ ।

**भविष्य-सूचक श्री भीमेश्वर**

जब देशमा कुनै ठूलो दैवी संकट प्रकोप, उथलपुथल या राजदरबारमा कुनै अनिष्ठ हुनेवाला छ भने श्री भीमेश्वरमा २/४ महिना अगाडि नै पसिना आउने पर्दछ । यसरी श्री भीमेसेनमा पसिना आयो भने अनिष्ट हुनेवाला छ भन्ने थाहा हुन्छ । पहिला-पहिला यसरी पसिना आयो कि पसिना कपासले पुछी सो कपास राजदरबारमा पठाउने र दरबारबाट पञ्चबलि पूजा पठाउने चलन थियो । हाल त्यस्तो अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट पूजा गर्ने गरेको छ । पसिना आएको थाहा पाउने बित्तिकै त्यहाँ रहेको ठूला-साना नगढा बजाउने गर्दछन् र स्थानीय जनताहरू भेला भइ श्री भीमेश्वरलाई पंखा हम्काउने र जिल्ला प्रशासन कार्यालयमा खबर गर्ने गर्दछन् । यसरी पसिना आइरहेको बेला कुनै किसिमको पूजा गरिँदैन । थाहा भए अनुसार वि.सं. १९९०, १९९७, २००७, २०११, २०१७, २०१८, २०४८, २०३६, २०४५ र २०४६ सालमा पसिना आएको थियो । २०४६ साल मार्ग महिलनामा २ दिन पसिना आयो । त्यस्तै २०५७ साल माघ १ र १५ गते पसिना आयो । त्यसैगरी २०६१ असार ८ र ९ गते पनि पसिना आएको छ ।

## ३.१७ दोलखा जिल्लाको सांस्कृतिक सामाजिक परिचय

दोलखा विविधतामा एकता भएको प्राकृतिक छटाले भरिभराउ जिल्ला हो । विभिन्न जातजाती बसोबास गर्ने हिमाली, पहाडी जिल्ला हो । यहाँका विभिन्न जातजातीमा आ-आफ्नै भेषभूषा पाइन्छ । यहाँ बाहुन, क्षेत्री, तमाङ्ग, नेवार, सेर्पा, थामी, सुरेल, जिरेल, भुजेल, कामी, दमाई, सार्की, गुरुङ्ग, मगर, योगी, माझी, सुनुवार आदि बसोबास गर्दछन् । त्यस्तै भाषा पनि आ-आफ्नै मातृभाषा बोल्छन् । विभिन्न धर्म मान्नेहरू छन् । जसले गर्दा दोलखा बहुजाति, बहुभाषि, बहुधार्मिक, बहुसांस्कृतिक भएको जिल्ला हो ।

हिमाली क्षेत्रमा सेर्पाहरू बसोबास गर्दछन् । जिरीमा जिरेल, सुरीमा सुरेल र सुस्पा, आलम्पु आदि ठाउँमा थामीको बाहुल्यता पाइन्छ । यिनीहरूको आ-आफ्नै रीतिरिवाज र संस्कृति छ । यहाँका मानिसहरू मुख्य रूपमा दशैं तिहार, मागे संक्रान्ति आदि चाडवाड मान्ने गर्दछन् । जात अनुसार चाडपर्व पनि आ-आफ्नै छन् । नेवारहरूको चाड अनुसार विभिन्न जात्रा पर्वहरू छन् । जिल्लाका मानिसहरू प्राय : दाल, भात, ढिडो रोटी, तरकारी, दही, मही, माछामासु र आफ्नो परम्परागत चल्दै आएका खानेकुराहरू खान्छन् ।

## ३.१८ पर्यटन

दोलखा प्राकृतिक मनोरम स्थानहरूले गर्दा पर्यटकीय महत्त्व बोकेको जिल्ला हो । यहाँ ऐतिहासिक, धार्मिक र पर्यटकीय विशेषता नेपालको किराँत इतिहास बोकेको किराँती छाप, ऐतिहासिक महत्त्व नेपालको पहिलो मुद्रा प्रचलन ल्याएको र धार्मिक दृष्टिकोणले देशभित्र र देशबाहिर समेत ख्याति पाएको दोलखाको भीमेश्वर मन्दिर, कालिञ्चोक भगवती मन्दिर शैलुङ्गेश्वर, विगु (टासि गुम्बा) गाई खुरा महादेव (सुकाठोकर) देउलाङ्गेश्वरी महादेव, जटापोखरी, पाँच पोखरी आदि छन् भने चर्चित च्छोरोल्पा हिमताल, गौरीशङ्कर हिमाल, हिमाल मुनिको वेदिङ्ग गाउँ, स्वीट्जरलैण्डको जुरिच शहर जस्तै भौगोलिक बनावट भएको जिरी आदि ठाउँहरू पर्यटकीय स्थलहरू हुन् ।

## ३.१९ दोलखा जिल्लाको साहित्यिक गतिविधि

लोक साहित्य परापूर्व कालदेखि सुरु भएपनि साहित्यिक गतिविधि भने नेपाल एकीकरणको सुरुवातसँगै साहित्य लेखनको थालनी हुँदै आएको छ । विभिन्न खोज अनुसन्धानबाट सचेत साहित्यको लेखन भने सुरुवातको चार दशक अगाडिबाट मात्र सुरु भएको पाइन्छ । दोलखाको साहित्यिक इतिहासको खोजी गर्दा १९९४ को सुब्बबा पूर्ण नारयण प्रधानको 'पैसा वा अविधा' सम्म पुग्नु पर्ने हुन्छ । २०५४ मा प्रकाशित श्यामा भक्ति तरङ्गिणी' उत्कृष्ट काव्य कृति हो । तर लेखकको मृत्यु नै २००२ सालमा भएको थियो । २०२६ सालमा 'आँखा' कालिञ्चोक युवा क्लबद्वारा संचालित पत्रिकाले पनि साहित्यिक गतिविधि अघि बढेको पाइन्छ ।[22] "२०२९ सालमा 'अध्यारामा बाँच्नेहरू एकाङ्की संग्रह लिएर मनबहादुर मुखिया दार्जलिङबाट उदाउँछन् । त्यस्तै उनको 'अनि देउराली रुन्छ' (२०३०), 'फेरि इतिहास दोहरिन्छ' (२०३२) क्रसमा टांगिएको जीन्दगी' (२०३४) छन् ।" २०३० देखि जिरीबाट 'चेर्दोङ' पत्रिकाले प्रगतिवादी साहित्यलाई अंगालेको पाइन्छ । २०३८ सालमा दोलखाबाट 'विद्यार्थी जागरण' नामक पत्रिका प्रकाशित हुन्छ । २०३९ सालमा दोलखाली साहित्यले पनि आख्यानमा प्रवेश गरेको पाइन्छ । विनित वेदनाको 'पूनर्जन्म' नामक उपन्यास प्रकाशनमा आउँछन् । त्यस्तै २०३९ सालमा नै दोलखाबाट 'चिमाल'को प्रकाशन सुरु हुन्छ । यसले १३ अंक भन्दा बढी अंकको यात्रा पूरा गरेको पाइन्छ । २०४४ मा अमरकुमार प्रधानको 'त्रिविध' देखापर्छ । २०४५ मा 'रुक्मिणी परिमणम्' काव्यको विश्लेषण

[22] टिकाराम पोखरेल, **दोलखाको साहित्यिक रूपरेखा**, २०६०

लिएर समालोचक  जगन्नाथ त्रिपाठी उदाउँछन् । २०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि दोलखाको साहित्यमा बाढी आउँछ । २०४७ सालमा रमेश खड्का 'सृजनाकविता संग्रह' लिएर देखापर्छ । २०४७ सालमा नै 'ती फूलहरू खै' लिएर विष्णु सुवेदी कविताको क्षेत्रमा उदाउँछन् । २०४८ साल देखि 'आकुरा' पत्रिका र २०४९ देखि 'अरुणिमा' पत्रिकाको प्रकाशन हुन्छ । २)५० सालमा निबन्ध क्षेत्रमा सुधा त्रिपाठीको 'बादल धर्ती र आस्थाहरु' प्रकाशन हुन्छ । त्यस्तै उनकै २०५३ मा 'जीवन सुत्र र स्वप्नाभाष' र २०५९ मा 'सुट, टाइ र सुंगुर' निबन्ध संग्रह देखापर्छ भने २०५५ मा 'निश्वासका गुजुल्टाहरू' एकाङ्की संग्रह प्रकाशित हुन्छ । टिकाराम शर्माको 'अस्ति हिजो आज भोलि' नाटक प्रकाशित हुन्छ । २०५७ मा पुस्कर राज बुढाथोकीको 'साइतेली परेलीको पानी' लघु गीति संग्रह र टिकाराम पोखरेलको 'धोको' कथा संग्रह, अमरकुमार प्रधानको 'शान्तिकान्ति' कथासंग्रह प्रकाशन हुन्छ । २०५८ सालबाट 'जिरीदीप' जिरीबाट प्रकाशित हुन थाल्छ । २०५८ मा नै दृष्टि चौतारी समालोचना, मोहन चापागाइको बाटो भरिको विसौनीहरू यात्रा संस्मरण लिएर आउँछन् ।

२०६० को दशकमा आउँदा शंकरलाल श्रेष्ठको 'बाबा जून टिपी दिनोस् न !' कथासंग्रह देखापर्छन् । त्यस्तै गरी युवा साहित्यकार चिरञ्जीवि मास्केको 'मान्छे बद्लेको देखेँ (२०६०) गीत गजल संग्रह लिएर उदाउँछन् । गीता लक्ष्मी शिवाकोटीको 'आँखाले संसार नदेखेपनि' (२०६१) कविता संग्रह, विष्णु सुवेदीको 'विधवा भाउजुको देश' (२०६२) कवितासंग्रह प्रकाशित छन् । दिनेश के.सी. को 'टिलटिले घैटो' (२०६३), बालसाहित्यकार सुवर्ण सेढाइको 'सुवर्ण' (२०६३) कवितासंग्रह आदि छन् । २०६४ सालमा जीतकार्कीको 'आस्थाका हिउचुलीहरू' गजल संग्रह २०४९ सालमा 'कोसेली' नामक हवाइ पत्रिका प्रकाशन भई ५ अंक सम्म प्रकाशित हुन्छ । 'नवउदय' २०६१ मा शेरबहादुर भुजेलको सम्पादनमा र २०६१ मा 'जागृति'विश्वास भण्डारीको सम्पादनमा प्रकाशित छन् भने दोलखा टुडे, चरिकोट टुडे, जिजिविषा साप्ताहिक, शैलुडको सूर्य, कालिञ्चोक सन्देश, दोलखा सन्देश, जनरञ्जन, नवतरङ्ग आदिले दोलखाली साहित्यमा योगदान दिइएका छन् । दोलखामा रहेका पुस्तकालयको पनि साहित्यिक चेतमा राख्न चाहने पाठकहरूलाई पढ्ने अवसर प्रदान गरेको छ । जसमा गौरीशङ्कर सामुदायिक पुस्तकालय, भीम पुस्तकालय छन् । २०६४ सालमा 'इन्द्रेणी साहित्य प्रतिष्ठान'ले दोलखाको समकालीन साहित्य २०६४' नामक

साहित्यकृति बजारमा ल्याएको छ । हाल दोलखाको साहित्यिक उत्थानमा जुर्मुराएर लागेको संस्था 'कला प्रतिष्ठान दोलखा' २०६८ रहेको छ ।

### ३.२० निष्कर्ष

दोलखा जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने हिमाली पहाडी जिल्ला हो । २०९१ वर्गकिलोमिटर क्षेत्रफल भएको दोलखा जिल्लामा २ निर्वाचन क्षेत्र ५१ गा.वि.स. एक नगरपालिका छन् । काठमाडौँबाट १३१ कि.मि. पूर्वमा अवस्थित छ । गौरीशङ्कर हिमाल (७१३४) च्छोरोल्पा हिमताल, प्रख्यात भीमेश्वर मन्दिर, कालिन्चोक शैलुङ रमणीय स्थलहरू हुन् । यहाँका मानिसहरू विभिन्न धर्म संस्कृति परमपरामा बाँचेका छन् । आफ्नै खालको रीतिरिवाज छ । दोलखा जिल्लाको महिला साक्षरता ४२ प्रतिशत छ भने भीमेश्वर नगरपालिकामा ५२.१८ प्रतिशत रहेको छ । कुल औसत अन्तरिम संविधान २०६३ अनुसार ६३ प्रतिशत रहेको छ । धार्मिक, ऐतिहासिक साहित्यिक दृष्टिले यो जिल्ला सम्पन्न दखिन्छ । यहाँका मुख्य व्यापारिक केन्द्रहरूमा चरिकोट, जिरी, दोलखा, सिंगटी, मैनापोखरी, तामाकोशी नयापुल, बाघखोर देउराली र किर्ने रहेका छन् ।

## चौथो परिच्छेद

## दोलखामा प्रचलित लोककथाको संकलन र विश्लेषण

### ४.१ विषय परिचय

दोलखा हिमाली पहाडी जिल्ला हो । यहाँ धार्मिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक आदि दृष्टिले प्रसिद्ध मानिन्छ । यस जिल्ला लोककथाका दृष्टिले सम्मुनत परम्परा रहेको हुनाले यस क्षेत्रको नगरपालिका लगायतका केही गाविसबाट कथा संकलन गरिएको छ । संकलित कथाहरूमा दुई मितको कथा, मूर्खले जे पनि गर्छ, विराजको जिन्दगी, मुसाको गोठालो विरालो, आमाको मन, काली दहको कमलको फूल, दोलखा शहरको भैरव कुमारी जात्रा, थामी जातिको उत्पत्ति, ठगमाथिको महा ठग, बाउँटोको कथा, बाला चतुर्दशी, महान् को, आगोमा बोसो नहाल है, पुनर्जीवित महिला र बुद्धिमानी बुहारी रहेका छन् । यी लोककथाहरूको कथाको तत्त्वका आधारमा यस परिच्छेदमा तिनको विश्लेषण गरिएको छ ।

### ४.१.१ परिचय

'दुई मीतको कथा' दोलखा जिल्लाको मिर्गे गा.वि.स. वडा नं. ८ मा प्रचलित पशु पंक्षीसँग सम्बन्धित लोककथा हो । यस कथामा पशु पात्र स्यालले आफ्नै चलाखीबाट बाघलाई समेत मार्न सफल भै आफू जंगलको राजा भएको कुरा वर्णन गरिएको छ । कुनै पनि स्वार्थी व्यक्तिले आफ्नो स्वार्थ पूर्ति गर्न आफ्ना घनिष्ठ मित्रलाई पनि मार्न सक्तो रहेछ भन्ने नीतिपरक ज्ञान यस कथामा व्यक्त भएको छ । यस्ता कथाबाट नीति तथा उपदेश प्राप्त हुने हँदा यसलाई नीतिकथाका रूपमा पनि लिन सकिन्छ ।

### ४.१.२ **दुई मितको** कथाको मूल पाठ

कुनै जङ्गलमा एउटा बाघ र स्याल बस्थे । उनीहरू असाध्यै मिल्दथे । उनिहरू कतै हिँडडुल गर्न पनि सँगसँगै हिँड्दथे । उनीहरू छुट्टाछुट्टै हिँड्दा पनि मितज्यु भनेर छुट्टिएर हिँड्दथे । एकजना विना अर्को बाँच्नै नसक्ने अवस्थामा थिए । एक दिनको कुरा हो स्याल र बाघ छुट्टाछुट्टै आहार खोज्न हिँडे । दुवैले आहार भेटे । स्यालले एउटा बाख्रो भेट्यो भने बाघले बारीमा फर्सी भेट्टायो । स्यालले बाखीलाई मार्‍यो र खान सक्दो मासु खायो । आफूले खाएर वाँकी रहेको मासु मितलाई लगिदिनुपर्‍यो भनेर आफ्नो बाटो लाग्यो । बाटोमा काँडैकाँडा मात्र थियो । उसले मितलाई भनेर बोकेको मासु त्यही काँडामा अल्झेर खस्यो । आधा भन्दा बढी मासु काँडामा नै अल्झेर खसेको हुनाले स्याललाई पीर पर्न थाल्यो । अव मैले के गर्ने होला । मितलाई के भनेर छक्याउने होला भनेर आफ्नो बासस्थानसम्म आईपुग्यो । बाघलाई पनि आफ्ना मित स्यालले बाखी मारेर खाएको कुरा थाहा भईसकेको थियो ।

बाघ स्यालले बाखी मारेर मासु खाएको भन्दा केही पर एउटा खेतीवालको जमिनमा फर्सी फलेको देखेर त्यहीँ गाउँमा गएर खानसक्दो फर्सी खाएको थियो र अनि स्यालले

बाटोभरी मासु खसालेको बाघले देखेको थियो । फर्सीले बाघको पेट अटसमटस भएको थियो । त्यसैले उ आफ्नो पेट कसरी विसेक हुन्छ होला ? घरमा गएर मितज्युसँग केही उपाय  छ कि सल्लाह गरेर पेट विसेक पार्ने उसको सोचाई थियो । उता मित भनाउदो स्याल भने आफुले खानसक्दो मासु खाएर बाँकी रहेको मासु मितलाई ल्याईदिएको त्यही पनि बाटोमा नै खसेको देखेर अव मितलाई छक्याउने विचार गरेको थियो । यत्तिकैमा बाघ ऐया नि मरे भन्दै मितज्यू स्याल भएको ठाउँमा आएर भन्यो, ‘मितज्यू आज बाटोमा कसले मासु खसालेको होला । बाटोभरी मासु खसालेको देखेर म त छक्क परें । यति बाघको कुरा सुन्ने वित्तिकै स्यालले थाहा पाए कि मैले बाटोमा खसालेको मासु मितले नै खाएछन् भनेर उसलाई असाध्यै रिस उठ्यो र बाघसँग भन्यो, ‘मितज्यू अघि तपाईंले ऐया ! ऐया ! भन्नुभएको’ । स्यालका कुरा सुनेर बाघले भन्यो, ‘हेर्नुस मितज्यू आज म तपाईंले बाखी मारेर खाएको ठाउँभन्दा केही पर एउटा खेतीवालाको बारीमा फर्सी फलेको देखेर फर्सी खान गएँ, त्यहीं फर्सी बेस्सरी खाएको हुनाले मेरो पेट फुल्न थालिसक्यो, लौन मितज्यू अब के गर्ने तपाईंसँग केही उपाय छ कि वताई दिनुस् न ।’ बाघको कुरा सुनेर स्यालले मनमनै विचार गऱ्यो, ‘मैले भने मितलाई सम्झेर मासु बोकेर ल्याएँ । बाटोमा खसेको मासु पनि उसले खाएछ । यसले भने त्यत्रो फर्सी खाएर पनि मलाई अलिकति नल्याईदिने यसलाई अब म मर्ने उपाय बताउँछु  र अनि म यस जङ्गलको राजा बन्छु’ भन्ने सोचेर बाघसँग भन्यो, ‘हेर्नुस् मितज्यू तपाईंले यसरी बढी फर्सी खानुभएछ यसलाई छिट्टै निको पार्न बेस्सरी पानी खानुपर्छ अनि त तपाईंको पेट छिटो निको भैहाल्छ नि !’ स्यालको कुरा सुनेर बाघले सोच्यो, मितज्यूले भनेको कुरा ठिक त भनेका होलान् नि भनेर केही परको खोलामा गएर बेस्सरी पानी खायो । जब उसले पानी बेस्सरी खायो उसको पेट बेस्सरी फुल्यो । एकछिन् पछि बाघको पेट फुट्यो र आखिरमा उ मऱ्यो । स्यालले बाघ मरेको देखेर खुसी भयो र आजदेखि यस जङ्गलको राजा स्याल नै भयो ।

सुन्नेलाई .............. **तारादेवी दाहाल मिर्गे-८**

### ४.१.३ **‘दुईमीतको कथा’को विश्लेषण**

**क) कथानक**

बाघ र स्यालका बीचमा मित्रता हुनु तिनीहरू एक आपसमा अत्यन्तै मिलेर बस्नु, एकदिन आहार खोज्न जाँदा छुट्टा छुट्टै बाटो लाग्नु यसकथाको आदिम भाग हो । स्यालले बाखीको सिकार गर्छ भने उता बाघले पनि किसानको बारीमा फर्सी भेटेको छ खान सक्दो खान्छ र अटसमटस भएर आउनु र स्यालले पनि खान सक्दो मासु खाइ सकेर नसकेका भाग बाघलाई बोकेर हिड्नु हिड्दा बाटामा काँडाले तानेर सबै मासु खसाल्नु सबै मासु काँडाले तानेपछि बाघलाई छक्याउने प्रयास गर्नु, यसरी दुवैले एक अर्कालाई छक्याउने

प्रयास गर्नु मध्य भाग हो । बाघले फर्सी धेरै खाएको कारण पेट ठूलो हुनु र स्याललाई ठीक हुने उपाय सोध्दा स्यालले आफ्नो स्वार्थ पूर्तिका निम्ति बाघलाई पानी पिउन लगाएर मार्न लगाउनु कथाको अन्त्य भाग हो । आफू जंगलको राजा हुने लालसले स्यालले बाघ मार्न सफल भयो । यसरी आदि मध्य र अन्त्यको कुशल संयोजनबाट प्रस्तुत कथा निर्मित छ । कथानकको संरचनाका दृष्टिले यो कथा सफल रहेको छ ।

**ख) पात्र**

दुई मीतको कथामा प्रयुक्त पात्रहरू बाघ र स्याल दुवै मानवेत्तर पात्र हुन् । प्रासङ्गिक पात्रमा बाख्री र खेतीवाल आएका छन् तर उनीहरू भूमिका गौण रूपमा देखा परेको छ ।

**अ) बाघ**

दुई मीतको कथाको मुख्य पात्रको रूपमा बाघ आएको छ । ऊ सोझो इमान्दार पात्र हो । जंगलको राजा भैकन पनि उसले स्यालको षड्यन्त्रबाट मृत्युवरण गरेको छ । जसले गर्दा बाघ स्थिर पात्र हो । मीतले बाख्री मारेर खादा पनि आफू फर्सी खाएर बस्ने नटाढ्ने सरल र असल चरित्र बाघमा छ । मीतज्युकै छट्टुपनले आफ्नो इहलीला समाप्त पार्ने सत्पात्र हो ।

**आ) स्याल**

स्याल दुईमीतको कथामा मुख्य पात्रकै रूपमा देखा परेको छ । आफ्नो चलाखी र छट्टुपनबाट जंगलका राजालाई समेत मार्न सफल भएको छ । त्यसैले ऊ गतिशील पात्र हो । फर्सी धेरै खाएर पेट फुलेको बाघले उपाय सोध्दा आफू राजा हुने सपनाले मीतलाई पानी टन्न खाने सल्लाह दिएर मृत्यु गराउने एउटा असत् चरित्रको रुपमा देखापर्दछ । यसरी दुई पात्रलाई प्रयोग गरेर यस कथामा नैतिक चारित्रिक उपदेश प्रदान गरिएको छ ।

**ग) कथोपकथन**

दुईमीतका कथामा दुई पशुपात्रबीच कुराकानी भएको छ । जुन स्याल र बाघको कथोपकथन यस प्रकार छ -

बाघ - मीतज्यू आज बाटोमा कसले मासु खसालेको होला ?
बाटोभरि मासु खसालेको देखेर म त छक्क परे ।

स्याल - मीतज्यू अघि तपाइले ऐया ! ऐया ! जस्ता कथोपकथनहरू कथामा केही ठाउँमा छन् । लोक कथामा पशुपंक्षीमा पनि कुराकानी हुने भाषा बुझ्ने शक्ति हुन्छ भन्ने आत्मशीलतावादी भावना यहाँ प्रयोग गरिएको छ ।

**घ) परिवेश**

'दुईमीतको कथा'को परिवेश जंगल र केहीपर किसानको बारीसम्म रहेको छ । बाघ र स्याल आफ्नो आहारको लागि जंगलभन्दा केही वरपर जाने भएकाले नजिक गाउँसम्म पुगेको देखिन्छ । यस कथामा लौकिक परिवेशको प्रयोग गरिएको छ ।

**ङ) उद्देश्य**

'दुईमीतको कथा'मा स्याल र बाघ बीचमा साधारण स्यालले पनि आफ्नो चलाखीपनका कारण राजा भएकाले मानिसले पनि आफ्नो बुद्धिले सफलता हात पर्न सकिन्छ भन्ने नीति शिक्षा प्रदान गर्दछ साथै कथाको उद्देश्य मनोरञ्जन दिनु पनि रहेको छ । मित्र बीचमा पनि अविश्वास हुन्छ भने नीति सन्देश दिएको छ ।

**च) भाषा**

दुईमीतको कथाको भाषा सरल छ । कथ्य भाषाको प्रयोगले कथा रोचक र स्मरणीय बन्न पुगेको छ । यहाँ मानवेत्तर पात्रले पनि मानक भाषा बोलेका छन् ।

**छ) शैली**

'दुईमीतको कथा'मा वर्णनात्मक र कही कही कथोपकथनात्मक शैली पनि छ । वर्णनात्मक शैलीमा कथा सलल बगेको हुनाले सहजै बुझ्न सकिन्छ ।

'दुई मीतको कथा'मा स्याल र बाघको उपस्थिति भएको र तिनीहरूकै सेरोफेरोमा घटित घटनाको वर्णन छ । दुई पात्रहरूमा स्याल छट्टु र चलाख भएकाले बाघलाई मार्न सफल भै जंगलको राजा भएको छ । यस कथाको भाषाशैली सरल सहज र स्वाभाविक छ । यो नैतिक शिक्षा साथै मनारञ्जन प्रदान गर्न सफल  भएको कथा हो । घटनाहरू श्रृङ्खलित रूपमा अघिबढेको र पात्र भूमिका अलिबढी भएकोले प्रधान कथा मान्न सकिन्छ । जीवनमा अलि बुद्धि लगाउने हो भने मानिसले पनि सफलता प्राप्त गर्न सक्छ भन्ने नीति उपदेश कथाले दिएको छ ।

## ४.२ परिचय

'मुर्खले जे पनि गर्छ' भन्ने कथा दोलखा जिल्लाको भीनपा-७ जिलुमा प्रचलित लोक कथा हो । यस कथामा पनि मुर्खले जे पनि गर्छ भने झै आफ्नै मन्त्रीले राजाको हत्या गरेको छ । अन्तमा चतुरे बाहुन चतुऱ्याइँबाट चिठीको अर्थ खोलेर प्रशस्त सम्पत्ति प्राप्त गरी मान सम्मान पनि पाएको कुरा उल्लेख गरिएको छ ।

### ४.२.१ **मुर्खले जे पनि गर्छ** कथाको मूल पाठ

एकादेशमा एकजना राजा थिए रे । ती राजाका एकजना मन्त्री पनि रहेछन् । एकदिन राजालाई ज्यादै पानी तिर्खा लागेछ र राजाले मन्त्रीलाई पानी लिन पठाएछन् । मन्त्री पानी लिन गए, जाँदा जाँदा बाटामा पोखरी देखे तर पोखरीको छेउमा “पोखरीको पानी खाने मान्छे मुर्ख” भनेर लेखेको रहेछ । अन्त लिन कहाँ जानु राजाले देखेको छैन यहि हिलाले छोप्दिनुपर्‍यो भनेर हिलो झिकेर छोपिदियो । पानी थापेर लिएर गयो । राजालाई पानी दियो । राजाले पानी खाए । त्यस्तो पानी त खाकै थिएन कहिल्यै खाकै थिएन । पानी आचम्मै मिठो भो । राजाले मन्त्रीलाई भने ओहो मन्त्री यो पानी भएको ठाउँमा म आफैं गएर खान्छु गएर तिमी देखाइदेउ भने । मन्त्रीले लौ भनेर लिएर गयो । जुन ठाउँमा गएर हेर्दा अलि अगाडि आकाशबाट पानी आएछ र त्यो हिलो पखालिहालेछ । हिलो पखाल्दा लेखेको अक्षर देखियो, ‘त्यो पोखरीको पानी खाने मान्छे मुर्ख’ । राजाले देखे । ए मन्त्री यहाँ त यस्तो पो लेखेको रहेछ ‘त्यो पोखरीको पानी खाने मान्छे मुर्ख’ भनेर लेखेको रहेछ । अनि तिमी आउँदा पनि थियो मन्त्री ? थ्यो महाराज । ‘देखीदेखी लग्यौ ?’ राजाले भने । ‘हिलोले छोपिदिरथेँ अहिले पानी परेर पखालेछ र देखियो’ भनेर मन्त्रीले जवाफ दियो । अनि यस्तो देखी देखिकन पनि पानी लगेर खुवाउने तिमी त साँच्चिकै मुर्ख रहेछौ त भने । हो महाराज म मूर्ख हुँ । मुर्खले जे पनि गर्छ त भनेर राजाले सोधे मन्त्रीले भन्यो, ‘मुर्खले जे पनि गर्छ । मन्त्रीले राजालाई मुर्खले के गर्छ भनी सोधे र राजाले पनि मुर्खले जे पनि गर्छ भने । राजाले यस्तो उत्तर दिइसकेपछि र मुर्खले जे पनि गर्छ भने देखिन् महाराज म तपाईंलाई काट्दिन्छु भन्यो, साँच्चै काट्छौ ? काट्दिन्छु भनेर किरिङ् झिकिहाल्यो । मलाई काट्ने भए मेरो केही निशाना, केही नमुना राजगद्दीमा लगेर राख र काट भनेर राजाले भने । लौ भनेर ५ अक्षरको चिठ्ठी लेख्यो । अ, प, ट, ख, ह यो ५ अक्षरको केहीपनि छैन राजगद्दीमा लगेर राखेर आयो र राजालाई छर्लम्म काट्यो राजा दुई टुक्रा भए । मन्त्री जस्ताको तस्तै भयो । अब राजगद्दीमा राजा छैनन् त आज छैन भोली छैन खोजी हुँदै जाँदा त राजगद्दीमा ५ अक्षरको कागज छ, अरु केही पनि छैन । अब कसैले पनि अर्थ लाउन सकेनन् । त्यसको माने लगाउन जिल्लाभरका पण्डितहरू झिकाईने भो, जिल्लाभरका होइनन् राज्यभरका नै पण्डितबाजेहरू झिकाइयो, ठूलो कार्यक्रम नै हुन आँट्यो । दुईपट्टि कलश राखीएको छ । वरिपरि मेचहरू छन् । भोली बाह्र बजेको समयमा यो कागजमा भएको अ, प, ट, ख, ह ५ अक्षरको अर्थ लाइसक्नुपर्ने र कसैले पनि अर्थ नलाएमा फलामको कोलमा पोल्ने भनेर

सुनाइयो र त्यो दिन त्यतिकै भयो । अब ती पण्डितहरूमा पनि एकजना चतुरे बाहुन थियो । भोलिसम्ममा ५ अक्षरको माने लाउन सकिएन भने त कोलमा पेलिन्छ भनेर भाग्ने विचार गऱ्यो र त्यहाँबाट हिँड्यो । जङ्गलै जङ्गलको बाटो हिँड्दै थियो । त्यस्तैमा केही आवाज भएजस्तो लाग्यो । त्यहाँ के रहेछ भनेदेखी त्यहाँ चाहिँ स्याल र स्यालिनीको चाँही सम्वाद रहेछ । स्यालिनीलाई साह्रै मासु खान मन लागेछ र स्याललाई शिकार गर्न जानका लागि आग्रह गर्दिरहिछे । स्यालचाहीँ भोली यहि घाटमा चाहिँदो मासु आइपुग्छ भन्दोरहेछ । यो कुरा चतुरे बाहुनले सुनिरहेको थियो । स्यालिनीले कसरी आउँछ भनेर सोधिन् उता चतुरे पनि ध्यानपूर्वक स्याल र स्यालिनीको कुरा सुनिरहेको थियो । स्यालिनीले कसरी आउँछ मासु भनेर सोधिन् । स्यालले थुप्रा लास आईपुग्छ अनि खालिस् मासु भन्दै थियो । स्यालिनीले पनि कसरी आउँछ लास भनेर सोधिन् । उता चतुरे पनि ध्यानपुर्वक स्याल र स्यालिनीको कुरा सुनिरहेको थियो । स्यालिनीले जिद्दी गर्न थाली यो कुरा भोली भनौला अहिले भनेमा भित्ताको पनि कान हुन्छ भन्दै थियो स्याल । कहाँ अहिले कोही पनि छैन कसैले पनि सुन्दैन भनि स्यालिनीले । स्याललाई भन्नै कर लाग्यो र भन्न लाग्यो हाम्रो देशमा राजाको हत्या भएको कुरा राजगद्दीमा ५ अक्षरको चिट्ठी भएको त्यसमा अ, प, ट, ख, ह मात्र छ त्यसको अर्थ कसैले पनि लाउन सक्दैनन् भनेर भनिरहेको थियो । चतुरे पनि कान ठाडा पारिरहेको थियो । अब त्यो ५ अक्षरको अर्थ पनि स्यालिनीले जान्न चाही । उसलाई नभनी स्यालले सुखै पाएन र भन्न कर लाग्यो र भन्न थाल्यो, 'सुन अ-आटव्यको वनमा, प-पोखरीको छेउमा, ट-टुप्पी समातेर, ख-खड्गले, ह-हानेर मारेछ रे । उता चतुरे बाहुनलाई पनि के खोज्छस् काना आँखो झैँ भईहाल्यो र चतुरे राजधानी फर्कियो । भोलिपल्ट सबै पण्डितहरू जम्मा भए । अब त्यो अ, प, ट, ख, ह ५ अक्षरको अर्थ कसले लाउन सक्छ भनियो । चतुरे बाहुन उठ्यो र म भन्छु भन्यो तै मिल्छ कि भन्यो ।

अ- आटव्यको वनमा

प- पोखरीको छेउमा

ट- टुप्पि समातेर

ख- खड्गले

ह- हानेर मारेछ भनेर चतुरेले भन्यो । अन्तबाट अरु केही आउन सक्छ कि भनेर अरुलाई पनि सोधियो । सबैले चतुरेको उत्तरलाई नै समर्थन जनाए । त्यसपछि चतुरे बाहुनलाई सम्मानका साथ देशभर रथयात्रा गरे । उसका सन्तान दर सन्तानलाई दिएर

हात्तीमाथि चढाई विदा गरे । चतुरे बाहुन स्यालले दिएको उपदेशले धनी भएर सुख शान्तिका साथ बस्यो ।

सुन्नेलाई ............. बद्रीप्रसाद सापकोटा

भिनपा-७, जिलु, दोलखा

### ४.२.२ 'मुर्खले जे पनि गर्छ' कथाको विश्लेषण

**क) कथानक**

'मुर्खले जे पनि गर्छ' कथामा राजालाई पानी तिर्खा लागेर मन्त्रीलाई पानी लिन पठाउनु, मन्त्रीले पानी ल्याउनु, पानी राजालाई अति मिठो लाग्नु र आफै मुहानमा नै गएर खान खोजेकाले मन्त्रीले पाखरी सम्म लैजानु, त्यहाँ पोखरीको पानी खाने मान्छे मुर्ख, लेखेको देख्नु र मन्त्रीलाई सोध्नु, सोध्दा मन्त्रीले पनि यहीँबाट पानी लगेको भनेपछि राजाले यस्तो देखी देखी यहाँको पानी मलाई खुवाउने तिमी त साँच्चै मुर्ख रहेछौ भनेर मन्त्रीलाई मुर्खका संज्ञा दिएका छन् । मन्त्रीले पनि स्वीकारेको र 'मुर्खले के गर्छ' भनेर सोध्दा राजाले मुर्खले जे पनि गर्छ भन्ने जवाफ दिएपछि उसो भए म तपाईंलाई काट्छु भन्दा राजाले काट्ने भए राजगद्दीमा केही निशाना छोड्ने आदेश दिएका छन् । मन्त्रीले पनि राजालाई काटी ५ अक्षरको चिठी अ प ट ख ह लेखी राजगद्दीमा पुऱ्याए । राजगद्दीमा ५ अक्षरको चिठीको अर्थ लगाउन देशभरका पण्डित झिकाई अर्थ लगाउन नसकेमा सबैले फलामको कोलमा पेलिएर मृत्युवरण गर्नुपर्ने उर्दी लाएपछि चतुरेबाहन भाग्नु, भाग्ने क्रममा जंगलको बीचमा स्याल र स्यालिनीको कुरा सुन्नु, स्यालिनीलाई मसान घाटमा थुप्रै लाश आउने जानकारी दिने क्रममा सबैकुरा स्यालले भन्दछ । उता चतुरे बाहुनले पनि सबै थाहा पाइ अर्थ लगाउँछ । अर्थ निम्नानुसार छन् :

अ - आटव्यको वनमा

प - पोखरीको छेउमा

ट - टुप्पी समातेर

ख - खड्गले

ह - हानेर मारेछ भनेर चतुरे बाहुनले राजगद्दीमा भनेपछि उसलाई स-सम्मान रथयात्रा सहित मनग्ये पैसा/सम्पत्ति पाएर धनी हुनुसँगै कथाको अन्त्य हुन्छ । यसरी यस कथामा घटनाहरू एकपछि अर्को गर्दै श्रृङ्खलित रूपमा अघि बढेको छ । स्यालको उपदेशले चतुरे बाहुन धनी भएको छ ।

**ख) पात्र**

प्रस्तुत कथामा राजा प्रमुख, मन्त्री खलनायक, चतुरे बाहुन सहायक र स्याल स्यालिनी हात्ती मानवेत्तर गौण पात्र हुन् । मानव र मानवेत्तर पात्रको संयोजनबाट कथाको निर्माण गरिएको छ । हात्ती पनि कथाको अन्त्यमा प्रसङ्गवश आएको छ ।

**अ) राजा**

'मुर्खले जे पनि गर्छ' कथाको मुख्य पात्र हो । ऊ देशको नायक भैकन पनि हुकुम चलाउन नसक्ने एउटा लाचार पात्र हो । उसको मृत्यु आफ्नै मन्त्रीबाट भएको छ । राजामा कुनै परिवर्तन आउन सकेको छैन । त्यसैले ऊ स्थिर पात्र हो । जसले गर्दा राजामा सरलता र इमान्दारीपन देख्न सकिन्छ ।

**आ) मन्त्री**

'मुर्खले जे पनि गर्छ' कथाको मन्त्री सहायक पात्र हो र साथै खलनायक पनि हो । एउटा राजाको हत्या गर्ने हत्यारा पात्र पनि हो । राजाले 'मुर्खले जे पनि गर्छ' भनेपछि उसो भए म तपाईलाई काट्छु भनेर काटेकोले मन्त्रीमा गतिशीलता देख्न सकिन्छ । ऊ विश्वासघाती मन्त्रीका रूपमा रहेको छ ।

**इ) चतुरे बाहुन**

'मुर्खले जे पनि गर्छ' कथामा चतुरे बाहुन सहायक पात्रको रूपमा चित्रित छन् । कथाको मध्य भागदेखि अन्तसम्म चतुरेको भूमिका महत्वपूर्ण छ । अ प ट ख ह को अर्थ नलगाएमा कोलमा पेलिनु पर्ने खबर सुनेपछि भाग्न हिँडेको बाहुन स्याल र स्यालिनीले उपाय बताएपछि फर्केर अ-आट्व्यको वनमा, प-पोखरीको छेउमा, ट-टुप्पी समतेर, ख-खड्गले र ह-हानेर मारेको भनेपछि राज्यबाट स-सम्मानका साथ रथ यात्रा सहित धन दौलत प्राप्त गर्न सफल चतुरे अनुकुल पात्र हो । यही चातुर्यबाट उसले विजय प्राप्त गर्दछ र धन-दौलतसहित समाजमा मर्यादित स्थान समेत प्राप्त गर्दछ ।

**ग) कथोपकथन**

'मुर्खले जे पनि गर्छ' कथा वर्णनात्मक शैलीमा अगाडि बढे पनि कथोपकथनको पनि केही बाहुल्यता रहेको छ । यस कथामा राजा र मन्त्रीको कथोपकथन

राजा : र मन्त्री यहाँ यस्तो पो रहेछ पोखरीको पानि खाने मान्छे मुर्ख भनेर लेखेको रहेछ अनि तिमी आउँदा पनि थियो मन्त्री ?

मन्त्री : थ्यो महाराज

स्याल र स्यालिनीको कथोपकथन

स्याल : भोली घाटमा चाहिदो मासु आइपुग्छ ।

स्यालिनी : कसरी आउँछ मासु ?

स्याल : थुप्रा लाश आइपुग्छन् अनि खालिस् मासु

स्यालिनी : कसरी आउँछ लास ? आदि कथोपकथनहरू छन् ।

यी कथोपकथनका माध्यमबाट कथाको आन्तरिक रहस्य खुल्न आएको छ । यसरी कथोपकथनका माध्यामबाट तथ्य बाहिर ल्याउनु यस कथाको विशेषता हो ।

**घ) परिवेश**

'मुर्खले जे पनि गर्छ' कथाको परिवेश दरबार क्षेत्रको वरिपरि, जंगल, पानी खाने पोखरी रहेको छ । देश भरका पण्डितहरू बोलाउनुको घटनाले एउटा राज्यको परिवेशको चित्रण छ । त्यस्तै स्याल र स्यालिनी कुरा गर्दा मसान घाटको पनि परिवेश आएको छ । कथाले मागे अनुसारको परिवेश आएको हुँदा यस दृष्टिले कथा सफल देखिन्छ । लौकिक परिवेशमा कथा निर्मित छ ।

**ङ) उद्देश्य**

यस कथाको प्रमुख उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्नु हो । चतुरेको बाठोपनले ऊ धनी बन्नाको साथसाथै मानसम्मान पनि मिलेको छ । त्यसैले केही सफलता हासिल गर्न विवेकपूर्ण रूपमा गरियो भने अवश्य विजय हुन्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको पाइन्छ ।

**च) भाषा**

'मूर्ख जे पनि गर्छ' कथाको भाषा क्लिष्ठ नभइ सरल रहेको छ । स्याल र स्यालिनीको भाषा पनि मानक रहेकोले मानवले बुझ्ने खालको छ । यस कथामा स्थानीय लवजको प्रभाव छ । जस्तैः- यस्तो पानी खाकै थेन पानी आचम्म मिठो भो, थ्यो महाराज जस्ता शब्दहरू प्रयोग भएका छन् ।

**छ) शैली**

प्रस्तुत कथाको शैली वर्णनात्मक साथै कथोपकथनात्मक रहेको छ । मन्त्रीले राजालाई महाराज भनेको हुँदा उच्च आदर शैली पनि देख्न सकिन्छ । कथाको आरम्भ ( एकादेश ....) अन्त्यमा ( सुन्नेलाई ...) लोक शैलीको प्रयोग भएको छ ।

'मूर्खले जे पनि गर्छ' कथाको घटनाक्रम श्रृङ्खलित रूपमा घटेको छ । स्याल र स्यालिनी मानवेत्तर पात्रका माध्यमबाट चतुरे बाहुन सफलताको शिखरमा पुगेको छ । स्यालिनीको हठीपनका कारण मासु खाने आशा आशामै सीमित रह्यो । यस कथाले नैतिक शिक्षाका साथै मनोञ्जन प्रदान गरेको छ । कथाको नायक राजाको आफ्ने मन्त्रीबाट हत्या भएको छ । कथाको भाषा सरल र सहज र वर्णनात्मक र संवाद शैलीका कारण लोक कथा मनोञ्जन रोचक र कुटूहलपूर्ण छ ।

## ४.३ परिचय

'विराजको जिन्दगी' कथा दोलखाको नाम्दुमा प्रचलित पारिवारिक विषयमा आधारित कथा हो । यस कथाको पात्र विराज सौतेनी आमाको नराम्रो व्यवहारबाट प्रताडित छ सौतेनी आमाको भेदभावपूर्ण व्यवहार यस कथामा देख्न सकिन्छ । आमाको अवहेलनाबाट आहत बनेको विराजले जुक्ति र बुद्धिका कारण प्रशस्त सुन ल्याएपछि सौतेनी आमाले हेला नगर्ने प्रण गरी कथा सुखान्तमा गएर टुङ्गिएको छ ।

### ४.३.१ **विराजको जिन्दगी** कथाको मूल पाठ

एकादेशमा दुईजना राजा र रानी बस्दथे । उनीहरूको एउटा छोरो थियो । एकदिन रानी यस संसारबाट टाढा भइन् । अब राजाको दरबारमा राजा र टुहुरो छोरो मात्र बाँकी रहे र २/४ महिना सम्म त राजाले छोराको हेरचाह राम्रै गरे पछि उनी छोराको हेरचाह गर्दा गर्दा वाक्क भए । उनलाई अर्को रानी विवाह गर्ने इच्छा भयो ।

एक दिनको कुरा हो राजाले अर्को रानी विवाह गरे २/४ दिनसम्म त राजाके डरले गर्दा रानीले सौतेनी छोरालाई राम्रै गरिन् । सौतेनी छोराको नाम विराज थियो । विारज पनि शुक्ला पक्षका पदमा झै दिनप्रतिदिन बढ्दै गयो । उ एक दम असल थियो । उनले सौतेनी आमा भए तापनि आफ्नै आमा सरह व्यवहार गर्दथ्ये । सौतेनी आमाले जे जस्तो खान दिन पनि त्यस्तैमा विराज सन्तुष्ट थियो । समय वित्दै गयो, कान्छी रानी पनि एकदिन छोराको आमा बनिन् । जब उनी छोराको आमा बनिन् तब झन विराजलाई हेलाको दृष्टिले हेर्न थालिन् । विराजले केही रातो गल्ती गऱ्यो भने पनि राजासंग कुरा लगाउथिन् । राजाले पनि कान्छी रानीको कुरा सुनेर विराजलाई केही नराम्रा बचन लगाउथे । आफ्ना बुबा आमाले जे जस्तो गरे पनि विराजले धैर्य धारणा गरेरै बस्थ्यो । हुँदा हुँदा त रानीले विराजलाई भात खानुको सट्टा भुसको रोटी बनाएर खान दिन थालिन् । उही बाबुको छोरा उसलाई चित्त दुख्न थाल्यो । विराज अब ठूलो भैसकेको थियो । रानीले राजा आफ्नो छोरा र आफूलाई चौरासी

व्यञ्जन पस्किन थालिन । विराजलाई भने दुइवटा भुसको रोटी ए ! विराज ला खा मिठो खाना खाने तेरो कर्ममा भएको भए त मेरो कोखमा जन्म लिने थिइस् । कान्छी आमाको तुच्छ बचनले विराजको मन छियाछिया भयो । राजा पनि चुपचाप भएर श्रीमतीको चर्तिकला हेरिनै रहे । विारजले भुसको रोटी टपक्क टिपेर आफ्नो कोठामा सुत्न गयो । उनलाई राती सुत्न मन लागेन उनको मनमा अनेक किसिमका कुराहरू खेल्न थाले उनले विचार गरे । कान्छी आमाले मलाई यस्तो व्यवहार गर्छिन् तै पनि मसहन्छु । कति सहनु सहनुको पनि त हद हुन्छ ? अब म सहन, त्यसैले म यहाँ बस्दिन, म यहाँ बस्नै नसक्ने भइसकें भोलि विहानै उज्यालो नहुँदै यस राक्षसी घरलाई छोडेर जान्छु भनेर त्यस रात उनी जसरी तसरी विताउने कोशिस गरे । करिब तीन बजेको थियो । आकाशमा चन्द्रमा चम्किलो थियो । सबैजना मस्त निद्रामा थिए । विराजले विस्तारै ढोका खोल्यो । जुनको तह-तह उज्यालो पछि लाग्यो । जाँदा-जाँदा दुइवटा जाटा थिए । जुन एउटा बाटोतर्फ हिड्यो भने शहर तर्फ पुगिन्थ्यो । भने अर्को बाटो हिड्यो भने जङ्गलतर्फ पुगिन्थ्यो । कान्छी आमाले हिजो बेलुका दिएको भुसको रोटी विराजले कम्मरमा बाधेको थियो । ऊ घरबाट कहिल्यै नहिडेको हुनाले कुन बाटो जाँदा कहाँ पुगिन्छ भन्ने कुरा थाहा थिएन । जाँदा-जाँदा उ जङ्गल तर्फको बाटो भएर जति बाटो हिडे पनि जङ्गल कहिल्यै सकिएन । अब उसलाई डर लाग्न थाल्यो । रात पनि पर्न थाल्यो । अब उसलाई आपत् पनि पर्न लाग्यो किनभने वरपर कसैको पनि घर थिएन । हिडेर कतै टाढा जाने समय पनि थिएन । त्यसैले कम्मरमा बाधेको भुसको दुइवटा रोटीलाई ढुङ्गामा राख्यो । उसले कराएर भन्यो- “एउटा अहिले खान्छु, अर्को भोलि खान्छु ।” दैव संजोग सोही ढुङ्गा मुनि घरजम गरी बसेका बनमा भुतहरू पनि दुइवटै थिए । दुवैजना भुतका लोग्ने स्वास्नी विराजको कुरा सुनेर थर्कमान भए र एक आपसमा भन्न लागे अहो ? आजसम्म त हामीले सबैलाई खान्थ्यौ तर आज हामीलाई खाने को आएछ, बाहिर निस्कनु पर्‍यो र जो भए पनि चित्त बुझाएर पठाउनु पर्‍यो भनेर दुवै जना बाहिर निस्के र एक मुरी सुन विराजलाई देखाउँदै भने- “हजुर ! हामीलाई नखानुस्, बरु तपाइलाई जीवनभर पुग्ने सुन दिन्छौं ।” यति भूतका कुरा सुनेर विराजले हैन एउटा अहिले खान्छु भोलि विहानै खान्छु भने पछि फेरि भूतले हात जोड्दै भन्यो -“के इच्छा छ भन्नुस् हजुर !” यति भूतका कुरा सुनेर विराज खुशी हुँदै भन्यो -“यो सुन बोक्ने एउटा हात्ती दिने भए देउ हैन भने एउटा अहिले खान्छु, अर्को भोलि विहानै खान्छु ।” विराजका कुरा सुनेर आफ्नो ज्यान जानुभन्दा हात्ती दिनै पर्‍यो भनेर उनीहरूले हात्ती उसको अगाडी ल्याइदिए र सुनको

भारी बाँधेर हात्तीलाई बोकाइ विराजलाई पनि हात्ती माथि चढाए त्यसपछि भूतका बुढाबुढीले विराजलाई त्यहाँबाट विदा गरे र भूतका बुढाबुढी ढुक्कसंग बसे ।

उता विरा खुशी हुँदै घर पुग्यो । कान्छी आमाले छोरो हात्तीमा चढेर आएको देखेर खुशी भइन् । राजा पनि हात्तीमाथि सुन ल्याएको देखेर आत्तिए र रानीले मनमनै सोचिन् मैले यसलाई हेला गरे । आज मलाई विराजले सुनै सुनले पुरिने बनाइदियो । अब म यसलाई भुसको राटी कहिल्यै खान दिन्न । मिठोखान दिएर आफ्नै छोरा जस्तै माया गरेर राख्छु भनेर छोरालाई एकैछिन भए पनि काखमा राखिन् । राजाले पनि छोरासंग माफ मागे । यसरी कान्छी रानीले विराजलाई कहिल्यै हेला नगर्ने बाचा गरी सदा सदाको लागि मिलेर बसे ।

सन्नेलाई सुनको माला.............................. **मणिप्रसाद दाहाल**

**नाम्दु दोलखा**

## ४.३.२ 'विराजको जिन्दगी' कथाको विश्लेषण

### क) कथानक

'विराजको जिन्दगी' कथा विराजकै केन्द्रीयतामा निर्मित छ । आमाको मृत्यु हुनु, पिता (राजा)ले अर्को विवाह गर्नु कथाको प्रारम्भ भाग हो । एक दुई दिन सौतेनी आमाले पनि विराजलाई राम्रै गर्छिन् । जब उनको छोरा जन्मन्छ अनि विराजलाई सौतेनी व्यवहार देखाउँछिन् । आफ्नो छोरालाई चौरासी व्यञ्जन खाना र विराजलाई भुसको रोटी दिन्छिन् । एकै बाबुको सन्तानमा पनि फरकपन आएपछि विराजमा पनि वितृष्ण पैदा हुन्छ । आमाको तुच्छ बचनबाट विराज आजित भैसेकेको थियो । त्यसै ऊ भुसको रोटी टिपेर घर छोडेर रातको तेस्रो प्रहरमा हिड्छ , जाँदा जाँदा रात परिसक्दा पनि जंगल नसिद्धिनु र त्यसै जगंलको बिचमा एउटा ढुङ्गामा बसी अघिल्लो दिनको रोटी एउटा अहिले खान्छु अर्को भोलि खान्छु भन्नु, दैवसंयोग भुतका बुढाबुढी निस्की थर्कमान भै डराएर हामीलाई नखाउ, तिमीलाई एकमुरी सुन दिन्छु भन्ने घटनासम्म पुग्दा कथाको मध्य भाग हुन्छ । भुतले दिएको सुन हात्ती माथि बोकाई आफू पनि हात्तीमा सवार भइ आएको देखेर रानी खुशी भै अब कहिल्यै हेला नगर्ने बाचा गर्दछे । राजाले पनि छोरासँग माफी मागी अन्त्यमा सबै मिलेर बस्नु कथाको अन्तिम चरण हो । यसरी प्रस्तुत कथा पूर्ण भएको छ र संयोगान्त कथाका रूपमा रहेको छ ।

**ख) पात्र**

प्रस्तुत कथामा मुख्य पात्रको रूपमा विराज रहेको छ भने कान्छी रानी खल पात्रको रूपमा उपस्थित छिन् । राजा, जेठी रानी, हात्ती, गौण पात्र हुन् । भुतका लोग्ने स्वास्नी सहायक मानवेत्तर पात्रका रूपमा उभिएका छन् । मानव (राजा, रानी, विराज, छोरो) र मानवेत्तर (हात्ती भुतका लोग्ने स्वास्नी) पात्रको संयोजनले कथा रोमाञ्चक बनेको छ ।

**अ) विराज**

'विराजको जिन्दगी' कथाको प्रमुख पात्र हो । उसैको सेरोफेरोमा कथा बुनिएको छ । सौतेनी आमाले लगाएको तुच्छ बचन अवहेलना झेल्न विवश पात्र हो । तर उसले हार खाँदैन । जसले गर्दा सुन ल्याउन सफल हुन्छ । त्यसैले ऊ गतिशील पात्र हो । उसमा असल इमान्दारीपन भेट्न सकिन्छ । भुतका बुढाबुढीलाई पनि आफ्नो बुद्धिले एउटा अहिले खान्छु अर्को भोलि खान्छु भनेर सकुशल घर फर्किइ परिवारमा मिलन भएकोले विराज अनुकूल व्यक्ति हो ।

**आ) कान्छी रानी**

'विराजको जिन्दगी' कथाको खलपात्रको रूपमा कान्छी रानी देखापर्दछे । आफ्नो छोरालाई चौरासी व्यञ्जन पस्किने र विराजलाई भुसको रोटी दिने पक्षपाती चरित्र देखिन्छ । बचन वाणहरू प्रहार गर्न र अन्त्यमा सुन ल्याएको देखेपछि खुशी भएर आफूले गरेको गल्ती प्रति पश्चाताप गरी अब यसलाई कहिल्यै भुसको रोटी दिन्न भन्ने भनाईबाट कान्छी रानीमा आएको परिवर्तनले उसलाई गतिशील पात्रको रूपमा लिन सकिन्छ ।

**इ) भुतका लोग्नेस्वास्नी**

'विराजको जिन्दगी" कथाको सहायक पात्रका रुपमा भुतको लोग्ने स्वास्नी पनि आएका छन् । सौतेनी आमाको हेलाबाट घर छोडेर हिँडेको विराज सौतेनी आमाले दिएको भुसको रोटी एउटा अहिले खान्छु अर्को भोलि खान्छु भन्दा ढुङ्गा मुनिबाट भुतहरू निस्की नखानु भनी एक मुरी सुन दिएर हात्ती माथि चढाइ पठाउने मानवेत्तर पात्र हुन् । भुतले दिएको सुन विराजको परिवारमा मिलन गराउन सफल भएकोले भुत उसको लागि सहयोगी भएर आएका छन् । यस कथामा राजा गौण भूमिका भएका पात्रका रूपमा देखिन्छन् । यिनै पात्रहरूको संयोजनबाट कथा पुष्ट हुन पुगेको छ ।

**ग) कथोपकथन**

'विराजको जिन्दगी' कथामा कथोपकथन कही कतै कतै आएको छ । कथा वर्णनात्मक शैलीमा अघि बढेकाले कथोपकथन प्रयोग कमै मात्रामा पाउन सकिन्छ । तापनि भुत र विराजको बीचको कथोपकथन महत्वपूर्ण छ ।

भुत : के इच्छा छ भन्नुस् हजुर ?

विराज : यो सुन बोक्ने एउटा हात्ती दिने भए देऊ हैन भने एउटा अहिले खान्छु अर्को भोलि विहानै खान्छु ।

यसरी भुत र मानवबीच पनि मानक भाषामा कथोपकथन भएकोले कथा रोचक बन्न पुगेको छ ।

**घ) परिवेश**

'विराजको जिन्दगी' कथामा उसका बाबु आमा राजा रानी भएको प्रसङ्गमा एउटा दरबारको चित्रण छ भने विराजले घर छोडेर हिँडे पछिको घटना हेर्दा जंगलमा पुगेको हुनाले जंगलको आकाशमा चन्द्रमा चम्किलो र जुनको टहटह उज्यालोले रातको परिवेशको चित्रण गरेको छ । यहाँ अलौकिक परिवेशको पनि चित्रण छ किनकि भुतका बुढाबुढीले विराजलाई सुन दिएको घटनाबाट यो कुरा प्रष्ट हुन्छ ।

**ङ) उद्देश्य**

यस कथाको मूल उद्देशय मनोरञ्जन दिनु नै रहेको छ । कथामा विराज भुतको भूमिकाले महत्वपूर्ण स्थान पाएकाले पारिवारिक मेलमिलाप कायम भएको छ । विराजको चरित्रले निडर साहसी र आत्मविश्वासी व्यक्तित्वको सन्देश दिएको छ । स्वैरकल्पनामा आधारित यस कथाले सौतेनी आमाको कुर व्यवहार उजागर गरेको छ ।

**च) भाषा**

विराजको जिन्दगी कथाको भाषा सरल रहेको छ । भुत र मानव बीचमा पनि मानक भाषाको प्रयोग गरिएको छ । यसबाट लोककथामा आत्मशील भावनाको चित्रण हुन्छ भन्ने कुरा स्पष्ट भएको छ ।

**छ) शैली**

विराजको जिन्दगी कथाको शैली वर्णनात्मक छ । कथा सलल अगाडी बढेको छ । एक/दुई ठाउँमा कथोपकथन पनि भएको छ । अन्य कथा झैँ यस कथा पनि कथयिताले रोचक ढंगबाट वर्णन गरेका छन् ।

'विराजको जिन्दगी' कथामा विराजले भोग्नु परेका पीडा सौतेनी आमाबाट सहनु परेका तुच्छ बचनबाणहरू र अन्तमा सुन लिएर घर फर्किन सफल भएको कथाको वर्णन गरिएको छ । यस कथामा मानव र मानवेत्तर दुवै चरित्रको चित्रण छ । संवाद विराज र भुतसँग आएको छ । आमा नभएको टुहुरोलाई हेला गर्नु हुँदैन भन्ने सन्देश दिएको छ । सौतेनी आमाले कहिल्यै हेला नगर्ने बाचा गरेकाले कथा सुखान्तमा टुङ्गिएको छ । राजदरबारको क्षेत्र, वनजंगल, रातको समयको चित्रण छ । यस कथाको भाषाशैली वर्णनात्मक रहेको छ । सरल सहज सबैले बुझ्न सक्ने भाषाले कथा रोचक बनेको र मनोरञ्जनपूर्ण छ ।

## ४.४ परिचय

'मुसाको गोठालो विरालो' कथा दोलखा जिल्लाको भीमेश्वर नगरपालिका आसपासका क्षेत्रमा प्रचलित उखानमूलक कथा हो । आफ्नो चलाखीपनबाट मुसाको गोठालो गर्ने काम पाएको विरालो पछि छट्टु भएर कामबाट निस्कासित भएको विषयवस्तुमा आधारित लोककथा हो । यो कथा मनोरञ्जनको निम्ति प्रयोग गरिन्छ ।

### ४.४.१ **मुसाको गोठालो विरालो** कथाको मूल पाठ

एक ठाउँमा चाहि एउटा विरालो मुसाको वथान भएको ठाउँमा गएछ रे । अब त्यहाँ त मुसा खान नपाएको विरालो मुसाको नाइकेसंग काम मागेछ रे के काम दिनु भन्दा त विरालोले भनेछ म तपाइको मुसाहरू हेर्ने काम गर्छु भनेछ । मुसाले तिमी कहाँ बस्छौ भन्दा म नारान थानमा बस्ने धुसा ओढ्ने कन्दमुल मात्र खाने जोगी हुँ भनेर विरालेले भन्यो मुसालाई जवाफ दियो र मुसाको नाइकेले पनि हाम्रो मुसा खायौ भने के गर्ने भन्दा त मका मुसा खान्छु म मासु नखाने ब्रत बस्ने जोगीले पनि मासु खान्छ त भनेछ । त्यसपछि मुसाको नाइकेले पनि विरालोलाई काम दिने कुरामा सहमति जनायो र विरालोलाई पनि काम दियो कस्तो काम त भन्दा खेरिमा मुसाको नाइके आफू अगाडि लाग्ने र विरालोले पछिबाट मुसाको लावास्कर धपाउने काम । त्यति थुप्रै मुसाको बथानमा एउटा मुसो चाहि पुच्छर नभएको डुहुरे मुसा थियो । अब विरालोले काम सुरु गऱ्यो एक हप्ता वा ८/९ दिनसम्म दिनदिनै मुसाहरू गन्दा जतिको त्यति नै भयो । विरालोले आफ्नो काममा विश्वास दिलाउन पहिले पहिले त मुसालाई केही गरेन खाली धपाउने काम मात्र गऱ्यो । यसरी ८/१० वित्दा सम्म विरालोले मुसा नखाई आफ्नो काम गरेकोले मुसाको नाइकेलाई पनि विश्वास लाग्यो र दिनदिनै मुसाको गन्ती नगरीकन हप्ता हप्ता दिनमा मुसा गन्ने काम भयो । यसरी केही

समय काम गरेपछि विरालोले पनि अब कसरी मुसा खाउ भन्ने जुक्ति निकाली पछाडिबाट एउटा पुच्छर नभएको डुहुरे मुसालाई खायो । पछि मुसा गन्ती गर्ने दिनमा मुसा गन्दा त पुच्छर नभएको डुहुरे मुसा छैन । त्यसपछि मुसाको नाइकेले विरालोलाई सोध्दा थाहा छैन भन्यो । म ब्रत बस्ने कन्तमुल खानेले पनि कही मुसा खान्छु त भन्यो । त्यसपछि मुसाको नाइकेले विरालोले खाएर हग्ने (दिशा गर्ने) पोखरीको डिलनेर गएर हेर्न एउटा मुसालाई लगाएछ । मुसाले गएर हेर्दा त विरालो दिसामा मुसाको हाडखोर र भुत्ला रहेछ । यो कुरा मुसाले आएर आफ्नो नाइकेलाई भन्यो । त्यसपछि मुसाको नाइकेले पनि जाता हे नारानथान ओढताहे धुसा खाता हे कन्तमूल हक्ता हे मुसा भनेर सबै मुसाहरूको बथान मिलेर त्यस विरालोलाई चुट्न सम्म चुटेर त्यहाँबाट खेदेछन् रे ।

सुन्नेलाई सुन ............................................ **रवि चन्द सुनुवार**

**भी.न.पा. १० चरिको**

### ४.४.२ 'मुसाको गोठालो विरालो' कथाको विश्लेषण

**क) कथानक**

'मुसाको गोठालो विरालो' कथामा विरालोको केन्द्रीयतामा घटनाहरू घटेका छन् । विरालोले मुसाहरूको बथानमा गएर मुसाको नाइकेसँग काम माग्नु सम्मको घटना आदि भाग हो । मुसाले विरालोलाई आफ्नो फौज खान्छौ के काम दिनु ? भन्दा म नारन थानमा बस्ने धुसा आढ्ने, कन्दमुल खाने जोगी हुँ भन्नु कथाको मध्य भाग हो । काम पाइसकेपछि केही दिनसम्म विश्वास दिलाउन राम्रै काम गर्नु पछि डुहुरे मुसो खानु, मुसा गन्दा एउटा पुच्छर नभएको मुसा नहुनु विरालोले विस्ट्याएको ठाउँमा गएर हेर्दा त भुत्ला र हाडखोर भेट्नु र सबै मुसाहरू मिलेर जाताहे नारानथान, खाता हे कन्दमुल ओदता हे धुसा हक्ताहे मुसा भनेर पिटेर खेद्नु कथाको अन्त्य भाग हो । यसरी कथाको अन्त्य भएको छ। आदि, मध्य र अन्त्यको संयोजन उपयुक्त देखिन्छ ।

**ख) पात्र**

प्रस्तुत कथाको प्रमुख पात्र विरालो रहेको छ । पहिल सरल बन्ने र पछि बठ्याइ गरेर मुसा खाएपछि कामबाट छुटकारा पाएको छट्टु विरालो पशु पात्र हो । यस कथामा रहेको अर्को मुसा यी दुवै मानवेत्तर पात्र हुन् । विरालो आफ्नो बथानको एक मुसा खाएपछि

विरालोलाई खेद्ने सफल मुसाको नाइके एक गतिशील र सत् पात्र हो भने विरालो असत् पात्र हो । यिनै मानवेत्तर पशुपंक्षीलाई पात्र बनाई यस कथालाई रोचक बनाइएको छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथामा मुसा र विरालोको बीचमा कथोपकथन भएको छ ।

विरालो : म तपाइँको मुसाहरू हेर्ने काम गर्छु ।

मुसा : कहाँ बस्छौ ?

विरालो : म नारानथानमा बस्ने, धुसा, ओढ्ने, कन्दमुल खाने जोगी हुँ । यसरी मुसा र विरालोको कथोपकथनले कथा रोचक बनेको छ ।

**घ) परिवेश**

यस कथाको परिवेश लौकिक रहेको छ । 'मुसाको गोठालो विरालो' कथामा विरालोले मुसाको गोठालो गर्ने भएकाले जंगलको चित्रण गर्न सकिन्छ ।

**ङ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य नै मनोरञ्जन प्रदान गर्नु हो साथै नैतिक शिक्षा दिनु पनि रहेको छ । छलकपट राखेर गरेको कामको फल मिल्दैन ।

**च) भाषा**

'मुसाको गोठालो विरालो कथाको भाषा सरल सहज र स्वाभाविक छ । स्थानीय शब्दको प्रयोग भएको छ । जाता हे नारनथान, ओढ्ता हे, धुसा खाता हे कन्थमूल, हक्ताहे मुसा ।

**छ) शैली**

प्रस्तुत कथाको शैली वर्णनात्मक र कहीँ कहीँ कथोपकथनात्मक शैलीको पनि प्रयोग गरिएको छ । जसले गर्दा कथा रोमान्चकारी बन्न पुगेको छ ।

प्रस्तुत कथामा मुसा र विरालो दुई मानवेत्तर पात्रका बीचमा कथानक बुनिएको छ । यस कथा मनोरञ्जन प्रदान गर्ने, त्यस्तै छल्नु, ढाँट्नु हुन्न भने नीति शिक्षा पनि दिएको छ । वर्णनात्मक शैली सरल भाषाशैलीले कथा रोचक बनेको छ

**४.५ परिचय**

'आमाको मन' दोलखा जिल्लाको मेलुङ गा.वि.स. मा प्रचलित नीति कथा हो । आमाबुढी भएपछि छोराबुहारीले गर्ने व्यवहार कस्तो हुन्छ भन्ने कुरा यसमा चित्रण गरिएको

छ । बुढाबुढीलाई परिवारले बोझ मान्ने प्रचलनम आधारित नीति मूलक कथा हो । आमाको मन सँधै छोराछोरीको भलाईमा कन्द्रीत हुने कुरा देखाउन खोजिएको छ ।

**४.५.१ आमाको मन** कथाको मूल पाठ

कुनै एक गाउँमा एक सानो परिवार थियो । एक छोराबुहारी बुढी आमा र नाति नातिनी थिए । आमाको पाखुरामा बल हुँदा आफ्ना ताजा रगतका भरले सम्पूर्ण काम भ्याउने गर्दथिन् । नातिनातिनाको हेरचाह गर्न पनि भ्याउथिन् । उनलाई छोराबुहारीले गर्ने फितलो काम मन पर्दैनथ्यो । उनी लाटोको हीत जस्तो भनेर अपजस लगाउने गर्थिन् । सासूको अगाडि बुहारी पनि केही छिटो हात चलाए झैं दिलो काम गर्ने गर्थिन् तर जेहोस् तिनीहरू एक आपसमा मिलेर नै बस्दथे, दिनहरू वित्दै गयो ।

एकदिनको कुरा हो एकाविहानै छोरा बाहिर जानु परेछ बुढी आमाको राम्रो हेरचाह गर्नु नि भन्दै आफ्नो काममा हतार हतार गरी लागेछ । आमाको मुख न्याउरो भएको थियो विस्तारै खाना खाने बेला भयो । नातिनातिनाले खाएको भंडारमा बसेर बुढी आमाले गहभरी आँशु भरेर हेरिरहिन् । पहिला आमालाई दिएर खाने छोरा र नाति नातिनाी आज भोकले आन्द्रा छुत्ती खेल्दा पनि त्यही हेरी रहनु पर्दा ती आमाको आँशु बाहेक अरु सहारा रहेन । अन्तिममा ठुस्किएर हेर्दै नहेरी उनको अगाडि भात आइपुग्यो । त्यै पनि उनले त्यो भात खाइन् । बुढी प्रति गरिने व्यवहार दिनप्रतिदिन फरक पर्दै गयो ।

झुकझुकी उज्यालो भएको थियो, चिन्ताले निन्द्रामा नपरेकी बुढी आमाले नराम्रो सपना देखेकाले उनी उठिरहिन् र निदाउन खोज्दा पनि निद्रा परेनछ । आँखी झ्यालबाट घुर्मेलो घुर्मेलो कालो काग थाङ्ग्रा माथि बसेर कराउन थाल्यो । कागको आवाज चिन्ही उनी हा...हा...हा... नभनी सुबोल सुबोल भनी काग हटाउने गर्थिन् तर आफु खुशी त्यहाँबाट उठेर गयो । त्यसपछि केही बेरमै छोरा ओछ्यानमा आएर बस्यो अनि उनले पाहुना आउने संकेत छोरालाई दिइन् । नभन्दै त्यस बेलुकी पाहुना पनि आए, धेरै प्रकारका खानेकुरा बनाइएको थियो । बुढी आमालाई भोकले व्याकुल बनाएको थियो त्यसैले उनी बुहारीको छेउमा गएर "मलाई थोरै खानेकुरा लेन यस थालमा" भनेर बुढीले थाल अघि सार्दा थाल फाली दिएर "पर्ख ! पहिला पाहुनालाई दिउँ" भनिन् । बुढी निराश बनेर फेरी आछ्यानमा घोप्टो परेर सुतिन् । छोराको आवाज आयो त्यतिबेला सम्म पाहुनाले खाई सकेका थिए । त्यसैले आमाले खाना खाई सक्नु भयो भनेर सोध्दा "खानै मान्नु भएन लौ तपाई नै भन्नुस् तपाईको आमालाई" भनिन् र हतार हतार गरेर आमालाई खाना खान आग्रह गरेर खान

दिए । त्यो बुहारीलाई असह्य भएको थियो । त्यसैले उनी आमाछोरा बीच षड्यन्त्र रच्न थालिन् । आमाको राम्रो हेरचाह नभएकोले बोली प्राय अस्पष्ट सानो भएको थियो । शरीर गम्भीर र क्षीण भएको थियो त्यसैले छोरा आमा प्रति चिन्तित थियो । एकरात उनीले श्रीमानलाई भनिन् -"हेर्नोस् न यत्रो हेरचाह गर्दा गर्दै पनि तपाईको आमा त यो छोरो कहिले मर्ला र आनन्द होला भनेर सराप्छिन मलाई त साह्रै पीर लाग्छ" भनी कुरा लगाइन् । ऊ सुने नसुने भयो । भोलि पल्ट विहानै खीर पकाइन् र सबैलाई दिइन् तर सासुको छेवैमा लगेर खान्थ्यौ कि ? भनी फिर्ता गरेर आमा त नखाने रे भनेर सुनाइन् । हो न हो आमा विरामी भएर होला अथवा रिसाएर होस् रुख पनि त बाङ्गो भएपछि बाटो छेक्छ नि त्यस्तै हो भनी टर्रोपन देखायो बुढीले इसाराले छोरा बोलाउँदै खीर मागिन् तर बुहारीले तँ कहिले मर्लास् भने र धारो हात लगाएको भनी अर्थलगाई श्रीमानलाई उकासिन् र छोरो पनि रिसायो । उनी सहारा विहिन भइन् रुन लागिन्, कराउन लागिन् तर लौरो बाहेक केही पनि भएन उनको ।

कचकच खप्न नसक्ने कि बुढीआमा एकान्त ठाउँमा लगि छोडि देऊ कि म माइत जान्छु भनेर दिनदिनै उनी झगडा निकाल्न लागिन् । उताबुढी आमाको कचकच यता श्रीमातीको कचकच खप्न नसकेर आमाले आफूलाई रीस गरी सरापेको आरोपमा चारधाम घुमाउन लैजान्छु भनी आमालाई विश्वास दिलायो । त्यसपछि एउटा डोको ठीक पारेर आमालाई डोको माथि राखेर एकान्त जंगलको बीचको ओडारमा ल्याएर छाडेको थियो त्यतिबेला आमाले आफूलाई जंगलको ओडारमा ल्याएर छाडेको थाहा पाइन् तर दुःखित भए तापनि पानी पर्न लागेको अनि गड्याङ गुड्याङ गर्न लागेको सुनेर आमाले प्राथना गर्न लागिन् -"गड्याङ गरोस् गुडुङ गरोस् तर मेरो छोरा घरमा नपुगी पानी नपरोस्" यस्तो कुरा नजिकै रहेको छोराले आफ्नो आमाको माया आफूमाथि नसिदिएको कुरा थाहा पाइ पश्चातापमा पिसुल्टिइ फेरी फर्केर गइ डोको माथि राखी पुन : घरतिरै फर्काएर लग्यो र गल्ती आमाको नभई श्रीमतीको भएको महसुश गऱ्यो । त्यस दिन देखि आफ्नै प्रत्यक्ष निगरानीमा आमाको पालन पोषण गर्न लाग्यो । राम्रो हेरचाह भएकोले बुढी फेरिदै आइन् र श्रीमतीलाई पनि भन्यो - आमाको राम्रो हेरचाह हाम्रो पनि यस्तै बेला आउँछ । "भन्ने उपदेश दिँदै तीनै जना त्यस दिन देखि आनन्दसँग रेह ।

सुन्नेलाई सुनको माला.......

**यशोदा पौड्याल**

**मेलुङ-दोलखा**

### ४.५.२ 'आमाको मन' कथाको विश्लेषण

**क) कथानक**

प्रस्तुत कथामा सामाजिक विषयवस्तुमा आधारित परिवारमा हुने परम्परागत बुहार्तन प्रथा र त्यसबाट हुने प्रतिशोधको भावनालाई चित्रण गरिएको छ । सासूलाई बुहारीले गर्ने व्यवहारलाई कथाको घटनाक्रममा बुनिएको छ । आफूहरू खाना खाएर अघाएपछि सासुलाई खानदिनु, पछिपछि हुँदै जाँदा मिठो मिठो पकाउँदा बुढीले थोरै खानेकुरा माग्दा पनि पाहुनालाई दिएपछि भनेर थालै फाल्दिनु, पछि छोराले सोध्दा खानै माग्नु भएन भनेर नदिने र आमा छोरामा फाटो ल्याउन षड्यन्त्र रच्नु आदि घटनाहरू कथाको विकास भाग हो । खीर पकाएर सासूको छेउमा लगी खान्थ्यौ कि भनी फर्काएर ल्याउनु, खान नपाएकी बुढीको बोल्न सक्ने ह्याउ नभएपछि इसाराले खाना माग्दा छोरो कहिले मर्ला भनेर सराप्छिन् आमा भनेर कुरा लाउनु बुढीलाई अन्तै लगिदेउ नभए माइत जान्छु भनेर घुर्की लाउनु, छोराले पनि आमालाई चारधाम लैजान्छु भनी डोकोमा बोकेर जंगलको बीच ओडारमा छोड्नु घर फर्कन लाग्दा मेघ गर्जी पानी पर्न आँटेकाले आमाले "गड्याङ्गरोस् गुडुङगरोस् मेरो छोरो घर पुगी पानी नपरोस्" भनेको छोराले पनि सुन्नु र मेरो आमाको माया आफूप्रति रहिरहेको थाहापाइ पश्चातापमा जली पुनः आमालाई घरमा ल्याई आमाको स्याहार सुसार गर्न र बुहारीलाई हाम्रो पनि यस्तो अवस्था आउँछ आमाको राम्रो हेरचाह गर भनेर कथाको अन्त्य हुन्छ । यसरी यस कथामा घटनाक्रम श्रृङ्खलित रूपमा अगाडि बढेको छ ।

**ख) पात्र**

यस कथामा मुख्य, खल, सहायक र गौण पात्र रहेका छन् । यस कथाको केन्द्रीय पात्र बुढी आमा हुन् भने खल पात्र बुहारी, सहायक छोरा र गौण पात्रमा नातिनातिना पाहुना रहेका छन् ।

**(अ) बुढी आमा**

बुढी आमा यस कथाको पीडित पात्र हो । अशिक्षित समाज परम्परावादी मनस्थिति भएकी पात्रको प्रतिनिधित्व बुढी आमाबाट भएको छ । पहिले सासू बुहारीको काम लाटो हात जस्तो भनेर अपजस लाउथिन् । पछि आफ्नै बुहारीबाट पीडित भएर केही भन्न नसक्ने अवस्थामा पुगेकी स्थिर पात्र हुन् । सधैं सन्तानको राम्रो चाहने सत् पात्रको रूपमा चित्रित छिन् ।

**(आ) छोरा**

'आमाको मन' काको छोरा सहायक पुरुष पात्र हो । बुहारीको कुरा सुनेर जंगल लिएर गएको पनि आमाको आफूप्रतिको माया नसिद्दिएको थाहा पाएपछि घर ल्याएर हेरचाह गरेकाले ऊ गतिशील सत् पात्र हो ।

**(इ) बुहारी**

प्रस्तुत कथाको खलपात्रको रूपमा चित्रित छे । सासूलाई घरबाट निकाल्न लोग्नेलाई अनेक कुरा लगाउने षड्यन्त्र रच्ने असत् पात्र हो । झगडा निकालेर घरमा तहल्का मच्चाउने पात्रको रूपमा चिनिन्छ । आफ्नो लोग्नेले आमाप्रतिका व्यवहारमा परिवर्तन ल्याएपछि उसमा पनि परिवर्तन आएको देखिन्छ । त्यसैले बुहारीलाई गतिशील पात्रका रूपमा लिन सकिन्छ ।

**ग) कथोपकथन**

'आमाको मन' कथा वर्णनात्मक शैलीमा प्रस्तुत भएपनि आमा-बुहारी बीच छोरा-बुहारी बीच कथोपकथन भएको छ ।

सासु : मलाई थोरै खानेकुरा लेन यस थालमा

बुहारी : पर्ख पहिला पाहुनालाई दिऊँ

छोरा : आमाले खाना खाइसक्नु भयो ?

बुहारी : खानै मान्नु भएन लौ ! तपाइँ नै भन्नुस् तपाइको आमालाई ।

**घ) परिवेश**

'आमाको मन' कथाको परिवेश लौकिक रहेको छ । ग्रामीण समाजमा निर्मित घर आँगन जंगलको ओढार यस कथाको मूल परिवेश हो ।

**ङ) उद्देश्य**

पुस्तक कथाको उद्देश्य बुढाबुढीको राम्रो हेरचाह गर्नुपर्छ भन्ने रहेको छ । नेपाली समाजमा हुने घटनाको यथार्थ चित्रण यस कथामा पाउन सकिन्छ । आमा बाबुले सन्तानका लागि सधैँ भलो चाहने हुँदा बुढाबुढीलाई हेला गर्नु हुँदैन भन्ने नीति शिक्षा दिन खोजिएको छ ।

**च) भाषा**

यस कथाको भाषा सरल रहेको छ । यसमा नेपाली मानक भाषाको प्रयोग भएको छ । जसले गर्दा कथा सबैले सहज बुझ्न सक्छन् ।

**छ) शैली**

प्रस्तुत कथाको शैली वर्णनात्मक रहेको छ । घटनाक्रम कथायिताले वर्णन गरे तापनि कहीँ कहीँ कथोपकथनात्मक शैली पनि रहेको छ ।

प्रस्तुत कथा पारिवारिक घटनाक्रम भित्र एउटा समाजको चित्रण देखाउन खोजिएको छ । श्रोतालाई मनोरञ्जन साथै नैतिक शिक्षा दिन सफल यस कथाको आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ । एउटा बुहारीबाट पीडित सासूको मनोदशाको चित्रण गरिएको छ । सरल सहज वर्णनात्मक शैलीले कथामा रोचकता थपेको छ ।

## ४.६ परिचय

"काली दहको कमलको फूल" कथा दोलखा जिल्लाको सुन्द्रावती गा.वि.स. मा प्रचलित लोककथा हो । यस कथामा असत्य माथि सत्यको विजय गराइएको छ । दीर्घजीविले सम्पूर्ण राक्षसलाई जुक्ति र बुद्धि लगाएर मार्न सफल भई मानिसको उद्धार गरेको प्रसङ्गलाई समेटेर यो कथा निर्मित भएको छ । यो शौर्य र पराक्रममा केन्द्रीत कथा हो ।

### ४.६.१ **कालीदहको कमलको फूल** कथाको मूल पाठ

धेरै वर्ष अगाडि अड्कल भूमि नाम गरेको देशमा अनकन्टार जंगलको बीचमा एउटा कालो पोखरी थियो । त्यसलाई कालो दह भनेर सबैले चिन्दथे । साहशी र वीर पुरुष बाहेक अन्य पोखरीको वरपर जाने आट कसैले पनि गर्दैनथे । त्यहाँ रातमा त के दिनमा नै राक्षसहरूको राज्य चल्दथ्यो । नाचगान र जात्रा लाग्दथ्यो । राक्षसहरूको राजा मांशरुचीको हुकुम अनुसार त्यहाँ उसका मुड्की वीर कालनयन, खसजिब्रे र नङवीर जस्ता मन्त्रीहरूले राज्यको चाँजो पाँजो मिलाउँथे । मांशरुची राक्षसका ७ वटी रानी थिए । ७ वटै रानीहरू

मान्छेको मासु खाने नाच्ने गाउने र सँधै भरि मोजमस्तीमा बसेका थिए । त्यहाँ राजाको आज्ञा अनुसार सिपाहीहरूले जहाँबाट पनि एकजना मान्छे जिउँदै ल्याउन पर्दथ्यो र त्यसलाई राक्षसका राजा मांशरुचीले कालीदहको बीचमा रहेको कमलको फूलको झाडिबाट एउटा फूल टिपेर ल्याउन आदेश दिन्थ्यो । त्यस मनुष्यले फूलको थुङ्गा ल्याएर राजालाई टक्र्याउनु पर्दथ्यो तर यस प्रकारको काम साह्रै गाह्रो र ज्यान जाने खालको थियो । त्यही फूल टिप्न पठाइएका मानिसहरू कोही पनि जिउँदै फर्कँदैनथे । कमलको फूलको फेदमा रहेको कालो नागले डसेर सबै मर्दथे । राक्षसका सिपाहीहरू डुङ्गामा चढी त्यहाँ फूल टिप्न जाँदा मरेका मानिस र फूल लिएर आउँदथे । त्यो फूल राक्षस राजा मांशरुचीले शिवलाई चढाउँथ्यो किनकी राक्षस शिवभक्त थिए । त्यहाँ मानिसका टाउकाले ठूलो माला बनेको थियो भने हाडहरूले त्यहाँ पहाड बनेको थियो । मानिसको त्यहाँ यस्तै यस्तै प्रकारबाट मृत्यु हुन्थ्यो ।

यसरी अड्कल भूमिमा राक्षसको सयौँवर्ष राज्य चलेको थियो । राक्षसका हजारौँ सेनाहरू थिए । मर्यादा पालक दुतहरूले भरिपूर्ण स्फटिकको खम्बा हालेको विशाल महलमा राक्षस भुँडी फूलाई फुलाई मान्छेका चोक्टाहरू लुछ्ने गर्दथे । हात्ती घोटा र पालकीमा बसेर राक्षसहरू वन विहार र जल विहार गर्दथे । राक्षसहरूको अत्याचारले सारा अड्कल भूमिमा बासिन्दाहरू निराश थिए । एक दिन राक्षसहरूले पिण्डादेव बाजेको कान्छो छोरो दीर्घजीवीलाई आफ्नो दरबारतिर लगे । जसरी राक्षसले हिजो अस्ति कमलको फूल टिप्न पठाए । अह्राउने बित्तिकै उसले गोठाला जाँदा बजाउने बाँसुरी बजाउन थाल्यो । बाँसुरीको मीठो धुनले सारा राक्षसहरू मुग्ध बने र यसलाई कालोदह तिर पठाउन छाडेर उसको बाँसुरीको धुनमा नै व्यस्त भए । राक्षसहरू मात्र होइन उसको बाँसुरीको धुनबाट कालोदहका नागराजा पनि मुग्ध बने कमलका फूलहरू पनि बाँसुरीको धुनतर्फ लत्रिए । त्यस दीर्घजीवी नाम गरेको केटोले त्यस राक्षस दरबारमा तहल्का मच्चाइदियो । थुप्रै मानिसहरूको रगत पिएर र मासु खाएर रमाएका राक्षसहरूको आज आहारा टुटेको हुँदा राक्षसका सिपाइहरू फेरि गाउँतिर लाग्न थाले । मान्छेलाई समातेर ल्याउने काम उनीहरूको थियो । जब उनीहरू गाउँतिर पस्न लागेका थिए । त्यसैबेला त्यस केटोले फेरि बाँसुरी बजाइदियो । बाँसुरीको धुन सुन्नासाथ फेरि राक्षहरूले भोक र मासु खान नपाएको पीडा बिर्सिएर धुन सुन्न लागे ।

त्यस केटोले राक्षसको अखडामा ७ दिन बितायो । ७ दिन पछि राक्षसको स्नानको मौका पारी बाँसुरीको धुनले राक्षसका सेनाहरूलाई मुग्ध बनाउँदै राक्षसको अखडाबाट

उम्कियो । त्यहाँ बस्दाखेरी उसले राक्षसको दरबारमा भएका गोप्य कुराहरू पत्ता लगायो । राक्षसका ७ रानीहरूको राक्षसप्रति भक्तिबाट राक्षस अमर बनेर बसेको गोप्य कुरा पत्ता लगायो । राक्षसको पोखरी पनि वास्तविक पोखरी नभइ जादुमय पोखरी रहेछ भन्ने कुरा पनि पत्ता लगायो र राक्षस मांशरुचीले नुहाउने समयमा ७ वटा काला सर्पले पहरा गर्दथे र त्यस कालीदहको दक्षिण तिरको स्नान चोकमा राक्षस नुहाउँथ्यो । त्यसो केटोले त्यो पनि पत्ता लगायो कि राक्षस राजा नुहाउने समयमा उसका ७ रानीहरू सर्पको रूपमा बदलिएर आफ्ना पतिको पहरा गर्दथे । यी सबै राक्षसका दरबारको गोप्य कुरा पत्ता लगाइसकेपछि त्यो दीर्घजीवी आफ्नो घर फर्कियो । गाउँमा भद्र भलाद्मी र बुद्धिजीवी सबैलाई भेला गराएर राक्षसको विषयमा छलफल गऱ्यो । राक्षसको अन्त्य गर्ने घोषणाका साथ दीर्घजीवि सबै गाउँलेहरूको स्याबासी थाप्दै कौवावन भन्ने लंगलतिर लाग्यो । केटोलाई जसरी पनि राक्षसी राज्य खतम गरी आफ्नो गाउँका सारा मानिसहरूको मुक्तिका लागि योजना तयार गर्नु थियो । यसै सिलसिलामा कौवा वनमा पुगेर उसले कागका राजासँग भेट गऱ्यो र सम्पर्क बढायो । सम्पर्क बढाउने शिलशिलामा त्यस बनका ७ कागसंग उसको राम्रो सम्बन्ध भयो । ती ७ वटा कागहरूले उसको काममा सँधै सहयोग गर्ने बचन दिए । दीर्घजीविले उसलाई कागहरूले सहयोग गरेवापत काग राजालाई उसको बाँसुरी उपहार दिने बचन दियो । यसरी राक्षस राज्यको नास गर्ने विषयमा काग राज्यमा दीर्घजीविले योजना तयार पाऱ्यो । योजना अनुसार कागहरूकै सहयोगमा उसले ६ वटा सुनका गुच्चा र एउटा भ्यागुतो तयार पाऱ्यो । सोमबार घमाइलो विहान थियो । राक्षस ७ वटा सर्पको पहराको बीचमा आनन्दका साथ स्नान गरिरहेको थियो । सुन्दर पोखरी ढकमक्क फुलेका मखमलका फूल, सजिसजाउ वगैँचाहरू, मनमोहक दृश्य त्यहाँ थियो । आज राक्षसको अन्त्य हुने दिन थियो र दीर्घजीविले योजना बनाइसकेको थियो । योजना अनुसार ७ वटा उसका काग मित्रहरू उसको आज्ञानुसार ६ वटाले सुनका गुच्चा र एउटाले जिउँदै भ्यागुतो बोकी दीर्घजीविले सिकाए बमोजिम राक्षसको अखडातिर उडे । सिकाए अनुसार नै राक्षस नुहाउन लागेको ठाउँमा लगी गुच्चाहरू खसाली दिए । त्यहाँ राक्षस नुहाउदा पहारा गरिरहेका ७ सर्पमध्ये ६ वटाले सुनका गुच्चा पाएर नाँच्न थाले । खुशीले गर्दा पहारा दिन छाडी दिए । उता बाँकी एउटा सर्प चाही केही नपाएर रिसले चुर भइसकेको थियो । यसै बखत अर्को काग आएर उसको अगाडी भ्यागुतो खसाली दियो र त्यो सर्प च्याप्प समात्यो । सुनको गुच्चा नपाएको रिसको झोकमा उसले भ्यागुतोलाई निलिदियो र भ्यागुतोको आहारा गरेपछि उसले राक्षस आफ्नो

पति हो भन्ने सबै बिर्सिदिइ र मस्त नुहाइरहेको राक्षसको शिरमा उसले डसीदिइ राक्षस केही क्षणमा नै नुहाउँदा नुहाउँदै कालो पोखरीमा खसेर मऱ्यो । राक्षस लडेको आवाज सारा गाउँमा सुनियो । सबैले राक्षस मरेको खुशीयाली मनाए दीर्घजीविले आफ्नो बाचा अनुसार कागराजालाई आफ्नो बाँसुरी उपहार दिइ विदा भइ गाउँ फर्कियो । गाउँमा उसलाई बाजा गाजाका साथ स्वागत गरियो र उसलाई मिली काजी पद थियो ।

सुन्नेलाई सुनको.................................... **विष्णुमायाा वली**

**सुन्द्रवती**

## ४.६.२ 'कालीदहको कमलको फूल' कथाको विश्लेषण

### क) कथानक

'कली दहको कमलको फूल' कथामा विभिन्न घटना क्रमहरू रहेका छन् । अड्कल भूमिको जंगलको बीचमा कालो पोखरी हुनु त्यहाँ राक्षसको राज्य चल्नुबाट कथाको शुभारम्भ गरिएको छ । राक्षसको राजा माशरुचिको राज्यमा मुड्की वीर , खसजिब्रे, कालनयन र नङ्वीर मन्त्रीले राज्यको व्यवस्था मिलाउँछन् । राजाका ७ वटी रानी हुन्छन् । राक्षस राजा मान्छेको आहार गर्छ । त्यसको लागि काली दहमा फूल टिप्न लगाउँदा कालीदहमा फूल टिप्न जाने मान्छे जिउँदो फर्कदैन र सिपाहीलाई ल्याउन लगाई मान्छे आफू खाने र फूल शिवलाई चढाउने गर्दछ । त्यहाँ मान्छेको टाउकाको माला थियो भने हाडहरूले पहाड बनेको थियो । यसरी राक्षसले मानिसलाई दुःख दिइरहेको थियो । राक्षसको अन्याय अत्याचारले त्यहाँका बासिन्दालाई पिरोलेकाले गाउँलेहरूले दीर्घजीविलाई दरबार लगे । राजाले दीर्घजीविलाई फूल टिप्न पठाए । फूल टिप्न जाँदा दीर्घजीविले गोठालो जाँदा बजाउने गरेको बाँसुरी बजाउन थाल्यो । बाँसुरीको धुनले राक्षसहरू सबै त्यतैतिर मुग्ध भए । यसै प्रकारले बासुरी बजाउँदा राक्षसको आहार टुट्यो । आहार टुटेकाले सिपाहीहरू गाउँतिर पस्न लाग्दा दीर्घजीविले बाँसुरी बजायो । फेरी सबै भोक तिर्खा भुलेर धुन सुन्न लागे । यसरी दीर्घजीविले दरबारको सेनालाई मुग्ध बनाउँदै गोप्य रहस्य पत्ता लगाई राक्षस नुहाउँदा ७ रानी सर्प बनेर पहरा दिने गरेकाले माँशरुचि अमर रहेको रहस्य बुझेपछि गाउँमा आउनु कथाको मध्य भाग हो । गाउँमा आएर सबै सँग छलफल गरी राक्षसलाई मार्ने योजना बनाउनु, त्यसको सफलताको लागि कौवा वनमा गइ कागका राजासँग भेटेर सम्पर्क बढाउनु कागसँग राम्रो सम्बन्ध भएपछि ७ वटा कागले सहयोग गर्ने बाचा गरेपछि उसलाई काममा सहजताको अनुभूति हुनु कथाको विकासको चरमोत्कर्ष भाग हो । कागले

सहयोग गरेवापत बाँसुरी उपहार दिने घोषणा गर्दछ । योजना मुताविक ६ वटाकागले सुनका गुच्चा र एक कागले भ्यागुतो बोकेर नुहाइरहेको राक्षस भएको ठाउँमा जान्छन् । कागले सुनका गुच्च खसाल्नु, पहरा गरिरहेका छ रानीले गुच्चापाई खुशीले नाँच्नु, बाँकी रहेकी एउटी रानीले सुनका गुच्चा नपाएर रिसले चुर भएको बेलामा भयागुतो खसाल्नु, भ्यागुतो आहार गरेपछि सर्प (रानी) ले मस्त नुहाइरहेको राजालाई शिरमा डस्नु राजा मर्नु, राजा मरेको आवाज सारा गाउँ सम्म फैलनु र गाउँमा हर्षोल्लास मनाउने घटनासँगै कथाको अन्त्य भएको छ । यसरी दीर्घजीविको सक्रियतामा राक्षस राजालाई मार्न सफल भएको छ । दीर्घजीविले पनि आफ्नो बाचा बमोजिम कागलाई बाँसुरी उपहार दियो । गाउँमा बाजा गाजा सहित स्वागत गर्दै काजीपद दिए । यसरी कथाको अन्त्य हुन्छ । राक्षसलाई दीर्घजीविले जुक्ति लगाएर मारी सारा गाउँलेको उद्धार गरेको छ ।

**ख) पात्र**

'कालीदहको कमलको फूल' कथामा विभिन्न पात्रहरूको चयन गरिएको छ । मानव मानवेत्तर पात्रको संयोजनबाट कथामा रोचकता थपेको छ । मानव पात्रमा दीर्घजीवि र गाउँले छन् । यस कथाको प्रमुख पात्र दीर्घजीवि रहेको छ । खलपात्रका रुपमा मांशरुचि राजा रहेका छन् । सहायक पात्रमा कौवाहरू र गौण पात्रमा ७ रानीहरू, गाउँले राक्षसका सिपाही मुड्कीवीर, कालनयन, खसजिब्रे नङ्वीर हात्तीघोडा, भ्यागुतो आदि छन् । यस कथाको बनोट लोक कथा बमोजिम गरिएको छ । मानव, राक्षस पशुपंक्षी आदिको कुशल ढंगबाट संयोजन गरिएको छ ।

(अ) **दीर्घजीवि**

'कालीदहको कमलको फूल' कथाको मध्य भाग तिर देखा पर्ने दीर्घ जीवि मुख्य मानव पात्र हो । यस कथामा उसको महत्वपूर्ण भूमिका रहेका छन् । राक्षसको राजा मांशरुचिको हत्या गर्न सफल एक गतिशील पात्र हो । दीर्घजीविको बाँसुरीले राक्षसको राज्यमा दरबारका गोप्य कुरा पत्ता लगाउन उसलाई सघाउ पुऱ्याएको पाइन्छ । ऊ सारा गाउँलेलाई राक्षसको पञ्जाबाट मुक्त गराउने सत् पात्रको रूपमा चित्रित छ ।

(आ) **मांशरुचि (राजा)**

'कालीदहको मलको फूलू' कथाको राजा मांशरुचि मानवेत्तर खल पात्र हो । उसको स्वभाव मान्छेको मासु खाने र देखावटी रूपमा शिवभक्त पनि रहेको छ । गाउँलेलाई दुःख

दिने तहल्का मच्चाउने काम भएकाले मांशरुचि असत् चरित्रको हो । केही गर्न नसक्ने भएकोले अन्त्यमा आफ्नै रानीले डसेर मृत्यु भएको छ ।

**(इ) कौवा**

यस कथाको राक्षसको अन्त्य गर्नमा कौवाको पनि महत्वपूर्ण भूमिका रहेको छ । त्यसैले कौवा मानवेत्तर पंक्षी सहायक पात्रको रूपमा यस कथामा उभिएको छ । कौवाको उपस्थिति कथाको अन्तिम चरणमा रहेको छ । एउटा पंक्षी भएर पनि मानिसलाई सहयोग गर्न सफल गतिशील पात्र हो । मानिसको सहयोगीका रूपमा आएकोले यसलाई सत् पात्रको रूपमा लिन सकिन्छ ।

**ग) कथोपकथन**

'कालीदहको कमलको फूल' कथा वर्णनात्मक शैलीमा अघिबढेको देखिन्छ । यस कथामा धेरै थरी पात्रविधान भैकन पनि कथोपकथन कही कतै भएको पाइँदैन ।

**घ) परिवेश**

'कालीदहको कमलको फूल' कथाको परिवेश अड्कल भूमिको अनकन्टार जंगल, पोखरी, कालो दह देखिन्छ । त्यस्तै हाडहरूले बनेको ठूलो पहाड रहेको छ । राक्षसहरूले मानिसलाई दुःख दिने भएकोले गाउँसम्मको परिवेशलाई लिन सकिन्छ । राक्षस पशुपंक्षी आदि प्रसङ्गले अलौकिक परिवेशको चित्रण छ ।

**ङ) उद्देश्य**

यस कथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । अरुको कुभलो चाहनेको अन्त्य चाडै हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । यहाँ पनि राक्षस राजाको अन्त्य भएको छ । दीर्घजीविको शाहसी आत्मविश्वासीपनले राक्षसलाई मार्न सफल भएको छ । स्वैर कल्पनामा आधारित कथाले सबैको मन जित्न सफल भएको छ ।

**च) भाषा**

'कालीदहको कमलको फूल' कथाको भाषा सामान्य जनमानसले बुझ्ने सरल खालको छ । कथाको घटनाक्रमहरू एक पछि अर्को गर्दै सलल बगेको हुनाले बुझ्न सहज बनेको छ ।

**छ) शैली**

'कालीदहको कमलको फूल' कथाको शैली वर्णनात्मक रहेको छ । जसले गर्दा सरल शैली रहेकाले रोमाञ्चकारी बन्न पुगको छ ।

प्रस्तुत कथा स्वैरैकल्पनामा आधारित सुखान्त कथा हो । मनोरञ्जन र जादु तत्त्वले भरिएको यस कथामा मांशरुचि राजा रु ऊ सँग आख्यानको संगठन पात्रहरूको छनौट, कुतूहल प्रधान परिवेशको चित्रण भाषाशैलीको रोचकता आदिले आख्यान तत्त्वको सन्तुलित र रोचक प्रयोगले कथा रोचक बन्न पुगेको छ ।

## ४.७ परिचय

'दोलखा शहरको भैरवकुमारी जात्रा' दोलखा जिल्लाको दोलखा शहरमा प्रचलित जात्रा हो । यो मिथकको प्रयोग गरिएको लोककथा हो । यस कथामा बालकुमारी कसरी जमिनमुनि रहिन् र किन भैरवकुमारी जात्रा मनाइन्छ भन्ने बारेमा बुनिएको लोककथाको विषयवस्तुमा आधारित छ ।

### ४.७.१ **दोलखा शहरको भैरवकुमारी जात्रा** कथाको मूल पाठ

प्राचीन कालमा देवी भगवतीका आठौं दिदी बहिनी थिए रे । तिनीहरू सबै जना नै अज्ञात स्थलमा भौतारिएर हिडेका रहेछन् । त्यसमध्ये सबैभन्दा जेठी दिदी कालिञ्चोकी माई कालिञ्चोक शिखरकै डाँडो कुण्डमा रमाएर बस्न थालिन रे । अरु चाहिँ देश तर्फ छरिएछन् । ती मध्ये माहिली र कान्छी बैनी त्रिपुरा सुन्दरी र बालकुमारी द्वल्खा तर्फ नै आएछन् । सबैभन्दा कान्छी बहिनी "सुकुमारी सानी अति प्यारी लाग्ने भएर दिदीले छोड्न नसक्ने भएर साथै लिएर हिडिनरे । ती दुई दिदी बहिनी द्वल्खाबाट कहिले तामाकोशी सम्म पुगेर सङ्लो पानी खाने, नुहाउने, पानी र बालुवा फ्याकाफ्याक गरेर खेल्ने गरेर बहुतै रमाइलो गरेर दिन बिताउँथे । त्यस्तै पूर्वपट्टि गौरीशंकर हिमालको आल्हादकारी सौन्दर्यलाई आँखामा उतारी राख्नुपर्ने कम थिएन । दिदी बहिनी दुवैबाट निकै प्राकृतिक रोमाञ्चक दृश्यको अवलोकन गरी डुल्ने खेल्ने काम गर्थे । दिदी चाहिँ गम्भिर र भावुक थिइन । बहिनी र चुलबुले र चञ्चल थिइन । कहिले त बहिनी चञ्चल र अस्थिरताको कारणले कहिले दिक्क र निरास मान्थी तर बहिनी त्यसमा पनि रिसाइदिन्थी । त्यसपछि दिदीले फकाउने काम हुन्थ्यो । एक रात उनीहरू तामाकोशीबाट उकालिदै रहेको बेला एउटा अर्धबैंसे मानिसले ती दुई बहिनीको अस्तित्वको आभास कसरी पाए कुन्नी उनीहरू दुवैले वास्ता नगरेको जस्तो गरेपनि दिदीले चाल पाइसकेकी थिइन् । हाम्रो घुमेर डुलेर हिड्ने दिन धेरै छैन । भनेर बहिनीलाई भनिन्, बहिनीले परेला झिम्क्याउँदै सोधिन किन ? सँधै कसरी दिन काटेर हामी काम पनि चल्दैन । कि त पहिलाको ठाउँमा फर्किनै पर्छ । कि त त्यही स्थायी रूपले बसोबास गरेर बस्नै पर्ने हुन्छ । यसरी डुलफिर गरेको स्थानीय बासीले मन

पराउँदैनन् । कान्छी बहिनीले बुद्रुक बुद्रुक जिउ हल्लाउँदै उफ्रदै हिड्दै सोधिन्- दिदी हामी कसरी कहाँ बस्ने ? आफूलाई यसरी रमाइलो गर्दै दिन बिताउन मन पर्छ भनिन् । दिदी अलि परिपक्क हुनाको साथै अनुहार र देहको रूपमा सौन्दर्य अद्भूतको थियो । बहिनीमा पनि सुन्दरतामा काम थिइनन् । तैपनि उनीहरूका दिदी बहिनीमा दिदी जति राम्री अरु कोही पनि थिएनन् । त्यसैले पनि दिदीलाई त्रिपुरा सुन्दरी भगवतीको नामाकरण गरेर युक्तिसंगत प्रशंसा गरेका होलान् ।

दिदीले समयसमयमा बहिनीलाई सम्झाउने गर्थी । तँ केटाकेटी नै छेस्, चकचके बानी, प्वाक्क बोल्ने स्वभाव र बढी ढिट गर्ने बानीमा केटाकेटीपन नै देखिन्थी त्यसैले बहिनी बालाकुमारी भनेर कहलियो । अझै भन्नुपर्दा दोलखा बालकुमारीको अर्को नाम 'कोबी देउ' भन्ने चलन छ । उनी परिपक्क प्रौढ हुन नसकी बालक नै रहिन् । घुमेर डुल्ने मात्र नभएर उनीहरूलाई दुई नामुद तान्त्रिकले पछ्याएको पछ्याई गरेकोले आश्चर्य पनि लाग्यो । पछि निकै बाटो काटिसकेपछि दुई तान्त्रिक दिदी बहिनीको आमुन्ने सामुन्ने भयो । ति तान्त्रिक पुरुष अरु पुरुषभन्दा निकै भिन्दै थिए । उनीहरू दुई व्यक्तित्वशाली देखिन्थे । तिनीहरू दुई एक पुरुष अलि परिपक्क अनि बुझक्कड र फर्कदो बैंसको थियो । तिनीहरू दुवै पुरुषले न त मस्तक गरेर अनुनय विनय गरिरहेका थिए र भने हजुरलाई चिन्यौ, हजुरहरू आरध्य देवी भगवतीहरू हुनुहुँदो रहेछ । ती दुवै दिदी बहिनी चुप नै लागिरहे । ती दुवै तान्त्रिकले लामो लयबद्ध रूपमा बाचन गरिरहेका थिए । दिदीले ती पुरुषको स्थिति गौर गरेर मनन गरेर, सुनेर बहिनीले त्यति ध्यान दिएको जस्तो लागेन । उनीहरूको स्तुतिलाई स्वीकृति जनाइन् । दिदीले स्तृति स्वीकार्नुको कारण के रहेछ भने उनले तामाकोशीको नागबेली दृश्य र गौरीशंकरको दृश्य दर्शन गरिरहने लोभ कायम राखेर सर्त राखिन् । हाम्रो निवास तामाकोशीको दृश्य देखिने हुनुपर्छ भनिन् । नभन्दै तिनीहरू त्यही डाँडा टुप्पोमा तोलिया इटाको घर बन्यो र ति दिदी बहिनी दुवै जना त्यही घरमा स्थापित भए । मान्छेको जात बाठो हुँदो रहेछ, कुनै निर्दिष्ट ठाउँमा हामीलाई सँधैका लागि स्थापित गराइ पूजाको भाग मात्र पर सारेर सीमित परिधिभित्र रहने बाध्य गरायो । उनीहरूको चञ्चल बानी माथि मानव, अंकुश दिदीले चाहिँ गाम्भीर्यको आवरण उडेर रहनु झैं भयो, जसमा सत्य भएन । बैनी स्थल निवास छोडी शहर चाहर्न थालिन । दिदीको आज्ञा समेत अटेर गरी स्वच्छन्द भ्रमण गर्न तर्फ लागिन् । बहिनीको फिरन्ते भ्रमणको स्वीकारेले कान्छो चाहिँ तान्त्रिकले उनको ध्यान खिचेको रहेछ । पछि कान्छो तान्त्रिक बहिनीसँग घुम्न थाल्यो । उनीहरू

भत्तिपूर्व मित्रता देखिन्थ्यो । बहिनीलाई मान्छेको संगतले निकै रमाइलो र आनन्दित बनाएछ । हुनत दिदीले बहिनीलाई समय समयमा चेतावनी दिने र सम्झाउने काम पनि हुन्थ्यो । मान्छेको संगत नगर्नु, हेलमेल नबढाउनु, मान्छेको पूज्य हुनु बेश मित्र हुनु होइन भनेर तर उनले गतिशील संगतको मिठो अनुभूति पाउन सजिलो, सहज र रुचीकर लाग्यो । बहिनीचाँही कहिले वस्ती पूरै फन्को मार्ने, कहिले शहर माथिको फुस्रोटार (सियौटार) सम्म उक्लनु, कहिले भने जङ्गलै जङ्गल ओलिएर तामाकोशी वा दोल्ती खेला पुग्ने कैयन पटक खेतैखेत चाहारिदै सिमलको रूखमुनी छहारीमा पल्टने वा त्यसका आसपासका ठूला ढुङ्गाहरूमा लुकामारी खेल्ने निकै आनन्ददायका अनुभूति गर्दथ्यो । बहिनीले पहिला एक्लै डुल्दाको अनुभव र मान्छेको साथमा डुल्दाको अनुभवमा फरक पाइन् । मानिससँग डुल्दा झन रस बस्न गयो । उनलाई बन्धुसँग धर्ती र पातालका स्वर्गका र आकाशका प्रसङ्गमा छोडिदियो । उनीहरूका बीचमा अनेक गफ हुन्थे । एकदिन कान्छो तान्त्रिकले (बन्धु) प्रस्ताव राख्यो । पाताल घुम्ने प्रसङ्गले गर्दा बहिनीलाई सुन्दा त रोमाञ्चित र हर्षित भइन् रमाइला दृश्य अवलोकन गर्न पाउने अभिलाषाले हतासिन् त्यसपछि उनीहरू दुवै सहर छोडेर केही ओरालो लागे पछि जङ्गल सुरु भयो र तामाकोशीतिर जानेबाटो समीपमा त्यही जङ्गलमा सानो एकान्त चउरमा खाल्डो खनी भू-गर्भस्थित पातल परिदर्शन गर्न जाने सल्लाह भयो ।

भोलिपल्ट बहिनी चाँहि पुग्दा तान्त्रिकले सब प्रबन्ध मिलाइ सकेको थियो । पाताल मार्गमा झट्ट हेर्दा गहिराइ अथाह भएको खाल्डो तयार थियो । उसले कम्मरमा डोरी बाँध्यो । बहिनी पनि तान्त्रिकले दिएको डोरी बाँधेर झुन्डिदै तल जान सजिलो पार्न कम्मरमा कसिएको डोरीले हातमा पनि बाध्यो । त्यसपछि दुवै खाल्डोको मुखमा आए । बन्धुले कुन्नी के मात्र उच्चारण गऱ्यो अनि विस्तारै खाल्डोभित्र प्रवेश गरी डोरीको भरमा झुण्डिदै तलतल गयो । बहिनी अगाडि अगाडि तान्त्रिक पछाडि पछाडि हुँदै खाल्डोको शुन्य, शान्त निष्पट्ट अँध्यारो अनि फेदमा उनी कुन बेलामा पुगी आफैँलाई पत्तो भएन । पातालको रोचक कल्पनाको विपना हेर्न जाँदा सोचेको जस्तो थिएन । त्यहाँबाट कता जाने भन्ने त्यसको भेउ नै पाइन । त्यस पछि फर्केर हेर्दा त खाल्डो माथिको मुख पनि कुनै ठूलो ढुङ्गाले छोपिसकेको थियो । त्यसपछि उनले तान्त्रिकलाई बोलाइन् । तर उनको आवाज त्यही निष्पट्ट खाल्डोभित्र मात्र धन्किरह्यो । अनि मात्र थाहा पाइन् तान्त्रिक कतिखेर फर्किसकेछ । उनको बन्धन हत्तपत्त खुल्दैनथ्यो । उनको कम्मरमा बँधिएको डोरी फलाम कै थियो । खाल्डो खनेर र

आवरण लगाउने पनि उही तान्त्रिक नै रहेछ । उनी त पृथ्वीको गर्भगृहमा जेलमा बन्धनमा परेछ । मान्छेको निर्दयी षड्यन्त्रमा परेको भान भयो ।

बहिनी चाहिँलाई बन्धनमा परेपछि दिदीको अर्ती सम्झी र चेतावनी प्रति ध्यान नदिएकोमा आफैँलाई सरापी अनि अतालिएर चिच्याउने, कराउने र बन्धुलाई बोलाउने गर्थी । त्यो खाल्डोभित्र तान्त्रिकको स्वर कताकता सुनियो र उनको फिरन्ते बानीले उनको सहरलाई दु:खी बनाएको र बस्तीभरि उत्पात भै रह्यो । महामारी, खडेरी, असिना, अतिवृष्टि र यी सबै प्रकृतिको धुव्रचक्र नभएर उनकै कारणले भएको भनी त्यसैले उनलाई तान्त्रिकले पृथ्वीको गर्भभित्र कैद गरेको रे । तान्त्रिकले छलेर मितेरी गास्नु, उनको कम्मरमा फलामको डोरी बाँधेको र तान्त्रिकले आफ्नो कम्मरमा जौको पिठोको नक्कली डोरीले बाँधेको जस्तो देखाएछ । उनी सँधै खाल्डो भित्रै रहने भइन् । बाहिर निस्कन नपाउने भइन् । त्यस दिन नै तान्त्रिकको कताकता बोली सुनिन्थ्यो भन्दै थियो । उनले त्यस खाल्डोबाट मुक्ति पाउन खोलाको ढुङ्गा आँप हुनेछ, भुटेको भटमासबाट टुसा पलाउने छ र भँगेराले पाइला चाली हिँड्ने छ । त्यस समयमा मात्र मुक्ति पाउने रे । त्यसैले उनकै सम्झना र महिमा गायन गरेर सम्मान सहित वर्षेनी जात्रा चलाउने बाचामात्र गरेर बन्दी बनाएरै राखे रे ।

सुन्नेलाई .................. **यादव कुमारी कसजु**

**भी.न.पा.-२, दोलखा**

## ४.७.२ 'दोलखा शहरको भैरवकुमारी जात्रा' को विश्लेषण

### क) कथानक

'दोलखा शहरको भैरबकुमारी जात्रा' कथाको कथानकमा देवी भगवतीका आठौं दिदीबहिनी मध्ये २ दिदीबहिनीको चर्चा गरिएको छ । यो कथा पुरानो किंवदन्तीमा आधारित छ । यस कथामा मिथकको प्रयोग गरिएकोछ देवीमा दिव्य शक्ति युक्त भएर पनि तान्त्रिकको फन्दमा परी जमिनमुनि नै रहनु परेको बालाकुमारीको कथाको घटनाहरू संगठनबाट निर्मित छ । बालाकुमारीको चञ्चल र अस्थिर स्वभावका कारण तान्त्रिकले फसाउन सफल भएको छ । दिदीले सम्झाउँदा पनि नमानी आफ्नै जिद्दीपनाले अन्तिममा पछुताउनु परेको छ । आफ्नो फिरन्ते बानीले गर्दा कान्छो तान्त्रिकको संगतले गर्दा कुराकानी गर्दा पातालको प्रसङ्ग ल्याइ घुम्न जाने भनी कान्छो तान्त्रिकले षड्यन्त्र गरी बालकुमारीलाई फसायो बालाकुमारी पनि पातालको रोचक कल्पनाको विपना हेर्न जादा पृथ्वीभित्र थुनिएको पछि मात्र बुझ्नु कथानकको मध्य भाग हो । बालकुमारी थुनिएपछि गाउँ बस्तीमा विभिन्न उत्पात भयो ।

खडेरी, महामारी, असिना अतिवृष्टि भयो । जसले गर्दा उनले मुक्ति पाउन खोलाको ढुङ्गा आप हुनुपर्ने, भुटेको भटमासमा टुसा पलाएमा र भंगेरोले पाइला चाली हिँडेमा मात्र मुक्ति पाउने भीन उनकै सम्झनामा भैरबकुमारी जात्रा चलाउने भनी बाचा गरेर बन्दी बनाएरै राखे । यसैबाट कथाको अन्त्य हुन्छ । यसरी बालाकुमारीको जीवनसँग सम्बन्ध भएका घटना श्रृङ्खलालाई उन्ने काम गरी लोककथा निर्माण गरिएको छ ।

**ख) पात्र**

प्रस्तुत कथामा बालाकुमारी प्रमुख त्रिपुरीसुन्दरी सहायक यी दुई दिव्यशक्तियुक्त मानवेत्तर पात्र हुन् भने नामुद तान्त्रिक र कान्छो तान्त्रिक मानवीय खल पात्र हुन् । कालिन्चोकी माइ र अन्य दिदी बहिनी गौण पात्रका रूपमा आएका छन् ।

**अ) बालाकुमारी**

'दोलखा शहरको भैरवकुमारी जात्रा' कथाको प्रमुख पात्रको रूपमा बालाकुमारी रहेकी छिन् । उनी दिव्यशक्तियुक्त भैकन पनि तान्त्रिकको फन्दामा परेर आफ्नो जीवन पातालको बन्धन/खाल्डोमा परेकी स्थिर पात्र हो । बढी चञ्चले स्वभाव र दिदीले भनेको नमान्दा उनको त्यो दुर्दशा भएको छ ।

**आ) त्रिपुरासुन्दरी**

यस कथाको सहायक पात्रको रूपमा वा बालकुमारीको दिदीको रूपमा आएको मानवेत्तर पात्र हुन् । उनी असल सरल चरित्रको रूपमा देखा पर्छिन् । तान्त्रिकलाई चिनेकी उनीहरूको संगतबाट बच्न सफल तर बहिनीलाई बचाउन असफल भएको स्थिर पात्रको रूपमा लिन सकिन्छ । बालकुमारीलाई समय समयमा चेतावनी दिने र सम्झाउने सत् पात्र हुन् ।

**इ) कान्छो तान्त्रिक**

'दोलखा शहरको भैरवकुमारी जात्रा' कथाको खलपात्रको रूपमा देखापर्दछ । बालकुमारीलाई फसाइ/षड्यन्त्र गरी पातालमा नै कैद गर्न सफल गतिशीलमानव पात्र हो । आफ्नो प्रेमिकालाई खाडलमा थुनेर राख्ने निर्दयी असत् चरित्रको व्यक्ति भन्न सकिन्छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथामा धेरैजसो कथा वर्णनात्मक भएकोले कथोपकथन कमै प्रयोग भएको पाइन्छ । तापनि त्रिपुरासुन्दरी र बालकुमारीको कथोकथन छ ।

त्रिपुरासुन्दरी : हाम्रो घुमेर, डुलेर दिन धेरै छैन ।

बालकुमारी : किन ?

कथयिताले वर्णनका माध्यामबाट प्रत्येक चरित्रको आन्तरिक तथ्य प्रकट गरेको पाइन्छ ।

**घ) परिवेश**

प्रस्तुत कथा अलौकिक परिवेशयुक्त छ । देवी भगवातीका दिदी बहिनी दोलखाबाट तामाकोशीसम्म पुगेर नुहाउने, पानी खेल्ने, गौरीशङ्कर हिमालको मनमोहक दृश्यावलोकनले प्रकृतिको चित्रण छ भने कालिन्चोकी माइको प्रसङ्गले कालिन्चोक डाँडा जंगल दोल्ती खोला, खेत आदि परिवेश वर्णन कथामा छ ।

**ङ) उद्देश्य**

प्रस्तुत कथामा सांस्कृतिक आस्थामा चित्रण गरिएको छ । प्राचीन पुराकथालाई जनसमक्ष ल्याउने काम गरिएको छ । आफु पनि नजान्ने अरुले भनेको पनि नमान्नेले गर्दा अन्तमा दुःख पाउने पछुताउने सिवाय केही हुँदैन भन्ने सन्देश बालकुमारीको चरित्रबाट लिन सकिन्छ । मनोरञ्जन प्रदान गर्नाको साथै कथा अतिरञ्जित रहेको छ ।

**च) भाषा**

प्रस्तुत कथाको भाषा मानक रहेको छ । भाषा सरल र सहज भएकोले सजिलै बुझ्न सकिन्छ । स्थानीय भाषाको पनि कतै प्रयोग पाइन्छ । द्वाल्खा, कोबीदेउ जस्ता शब्दको प्रयोग छ ।

**छ) शैली**

'दोलखा सहरको भैरवकुमारी जात्रा' कथाको शैली वर्णनात्मक रहेको छ । कहीँ कहीँ कथोपकथनात्मक शैली पनि रहेको छ ।

प्रस्तुत कथामा स्वैरकल्पनाले भरिएको मनोरञ्जन प्रदायक कथा हो । मानव र मानवेत्तर पात्रको संयोजनमा कथाको घटनाहरू बुन्ने काम भएको छ । अलौकिक परिवेशको चित्रण भएको र तान्त्रिकको षड्यन्त्रमा फसेको बालकुमारीको चरित्रले कथालाई रोमाञ्चकारी बनाएको छ । कथाको भाषाशैली सरल सहज र वर्णनात्मक शैलीको रहेको छ । आख्यान तत्त्वको संयोजनले कथा पूर्ण बनेको छ ।

**४.८ परिचय**

'थामी जातिको उत्पत्ति' कथा दोलखा जिल्लाका थामी जातिमा प्रचलित मिथक हो । यस कथामा थामीहरूका पुर्खाको परिचय तिनीहरूको उत्पत्ति कहाँबाट कसरी भयो भन्ने बारेमा आख्यान रहेको छ । यापाती धुकु (आदि पुरुष) र सुनारी आजी (आदि नारी) को

चरित्रबाट थामीहरूको पुस्ता अघि बढेको वर्णन यस कथामार्फत गरिएको छ । यो कथा आस्था र निष्ठाका साथ भन्ने प्रचलन छ ।

**४.८.१ थामी जातिको उत्पत्ति** कथाको मूल पाठ

पहिलेपहिले श्रीमाङ गड (बारा जिल्लाको कुनै ठाउँ) मा किरातहरूको बस्ती थियो रे त्यहाँ दुरु (भूकम्प) गयो बाढी गयो रे पहिरो गयो रे सबै भागाभाग हुँदा दुईजना भागेर तामाकोशी नदीको किनारै किनार वारपार एक जना केटा एकापट्टि अर्को जना केटी अर्को पट्टि भाग्दै आउँदै थिए । तिनीहरूको भेट चै हुँदैन वारिपारि कुराकानी हुँदा परिचय भो रे । हिड्दा हिड्दा रात पर्दा उनीहरू एकै ठाउँमा बास बस्थे तर वारिपारी नै । हिड्दै खाने समय एकै हुन्थ्यो । आफू-आफु पकाउँथे, खान्थे अनि फेरी यात्रा सुरु गर्थे रे किनारैकिनारबाट । केटी (कतुवा) सँग धागो कात्ने सीप थियो । उनी धागो कात्दै हिड्थिन् । हिड्दाहिड्दा नागदहमा आएर ती केटाकेटीको भेट भयो । अब ती दुईको भेट नभए पनि पहिला नै वारिपारी कुराकानीको क्रममा परिचय भइसकेको थियो । अब ती दुईले एकअर्कामा विवाह गर्ने सल्लाह गरे रे । अनि विहे गरे । अब हिड्दाहिड्दै दोल्ती खोला हुँदै सुस्पाक्षमावती, राङराङथली भन्ने ठाउँमा आइपुगे । त्यो ठाउँ चाहिँ पाहा, मह र कन्दमुलहरू प्रशस्त पाइने ठाउँ भएकोले उनीहरू त्यही बस्ने विचार गरी तिनीहरू त्यहीँ बसे । उनीहरू बस्दा रहँदा ८ छोरी ७ छोराको जन्म भयो रे । अब खाना खान हरेक वस्तुको आवश्यक हुन थाल्यो । तिनीहरू त्यही जंगलबाट काठ दाउरा काट्न थाले र खाने भाँडा टोके, कापडे (कचौरा र थाल) बनाउन डाडु, दाबिलो, ढिकी बनाउन रुख काटे । अब त्यसको चोइटा बगाएर नागदहमा पुऱ्याएछ । नागदहमा माझीले तीप थापेको थियो । त्यस तीपमा माछा नपरेर त्यही काठको चोइटा परेछ । त्यहाँ त्यो माझीले तीपमा परेको माछा भीमसेनलाई बली दिन राजा कहाँ पुऱ्याउनु पर्थ्यो तर काठको चोइटा परेकाले माझी पनि त्यही काठको चोइटा राजाकहाँ पुऱ्याएर राजालाई तीपमा त चोइटा परेर आएको कुरा बिन्ती गरे । अब राजाले मेरो वनमा मेरो राज्यमा कसले रुख काट्न लगायो भनी खोजी गर्न पठाए । खोजी गर्दै जाँदा राङराङथलीमा यापाती धुकु (केटा मान्छे) लाई पक्रेर ल्याए । अब श्रीमान्लाई छुटाउन जाने क्रममा सुनारीआजी (श्रीमती) मृग र कालिज लिएर गइन् रे । तर त्यो कोसेली राजाले मेरो राज्यको मेरो वनको मृग र कालिज मलाई नै कोसेली दिने भनेर त्यो मृग र कालिज लिएनन् । राजाले कोसेली नलिएपछि सुनारीआजीले कपालको लट्टाबाट सुनको थाली निकाली त्यसमा सुनको हात्ती दिएपछि राजाले यापाती घुकुलाई छुटाइदिए रे ।

अनि तिनी आफ्नै बासस्थानमा गई बस्न थाले । हुँदा हुँदा समय वित्दै जाँदा छोराछोरी पनि ठुला भए । छोराछोरीको विहे गर्नको लागि कुटुम्ब कोही नभएकोले उनीहरू बुढाबुढीबीच सल्लाह गरे । विहे गर्ने अरु कोही नभएकोले जेठा छोरालाई जेठी छोरी, माहिलालाई माहिली गर्दै सात जनाको विहे गरिदिएरे र एक एक दिशामा पठाए । जता गए पनि तीन दिनमा बाबुआमालाई भेट्न आउन भने ।

सात जनाको विहे भएपछि कान्छी छोरी बाँकी रहिन् । घरबाट निस्कँदाको रात काँ, कुन ठाउँमा बस्यौ भनेर तीन दिनमा आउँदा सोधे । कोही क्याङ (चिलाउनेको फेद) मा बस्ने, क्याङपोले जात, जाइको फेदमा बस्ने जैधाने सोतरको घारीमा बस्ने रिसमीचाल्दा, कुनै कसैको घरको जाँताको कुनामा बस्ने याङटेसिरी, लालीगुराँसको फेदमा बस्ने आल्दासिरी जस्ता जातमा विभाजन गरी सात जोडी मिलेर छुट्टाछुट्टै ठाउँमा बस्ती बसाले । त्यसपछि एक एक वर्षमा बाआमा भेट्थे र उनीहरूको पनि सन्तान जन्मिए तर तिनीहरू आ-आफ्नो दाजुभाइ दिदी बहिनीको बिहे हाड नाताको सम्बन्धले छोरा छोरी लाटा, अपाङ्ग भएका, अङ्गभङ्ग भएका भए । त्यसैले हाडनाताको सम्बन्धमा सराप पऱ्यो हामीलाई भनी सराप पन्छाउन क्रिया सार्न लोङमा आपा र लोङमा आमाको पूजा गर्नुपर्छ त्यसको लागी भाले पाठी, अन्न चढाएर, सराप नलागोस् भनी वर मागे । (अहिले पनि जाँड रक्सी, रोटी, चिउरा चढाएको ठाउँमा दुबो मर्छ, कुनै झारपात पनि पलाउँदैन)

आठ छोरी मध्ये कान्छी छोरी बाँकी रहिन् । उनी तपस्या गरेर बस्छु भनेर विगुडुगुमा गएर तपस्या गरेर बसिन् । उसको प्रतिज्ञा के रह्यो भने सूर्यको ताप पनि नलिने र कुनै केटा मान्छेको अनुहार पनि नहेर्ने, बाह्र वर्षको लागि तपस्यारत रहिन् रे । त्यसबेला दोलखामा दोल्खे राजा (खाण्डौ राजा) थिए । राजाले विभिन्न कुरा मिलाउन प्रशासन, त्यहाँको जात्रा चलाउन, रैतीसँग राय रकम (कर वा तिरो) उठाउनु पर्थ्यो । सबैको घरबाट पैसा आउने तिनै तपस्वीको घरबाट मात्र कर नआउने किनकि उनी त घरबाट निस्कँदैनथिन् । राजालाई रिस उठ्यो । मेरै राज्यमा बसेर राय रकम नतिर्ने को रहेछ भनेर राजा आफैँ गए । तपस्वीको घरमा पुगे । बोलाउँदा कोही आउँदैन । ढोका लगाएको छ । त्यसपछि राजाले जवरजस्ती ढोका खोले । भित्र गएर तपस्वीनीसँग विभिन्न गाली गलौच गरेर कर नतिर्ने  कारण सोधे । केटी असाध्यै राम्री थिइन रे । तीनको रूपमा राजा भुलेर केही समय वितेपछि राजगद्दिमा राजा नभएपछि रैतीहरू राजा खोज्न हिँडे र राजालाई तपस्वीनीको घरमा भेटे । रैतीहरू लिन आको । राजाले था पाएपछि राजाचाहिँ राज्यमा

फर्कने सुरसार गर्न लागे । अब ति केटीले राजालाई छोडेर जान नदिने भई । किनकि तवस्वीनीको सत् डगिसकेको थियो । उनी गर्भवती पनि भइसकेकी थिइन् । अब राजा विलख बन्धनमा परे । राजाले ती केटीलाई ल्याउनु पऱ्यो । उनको सम्पत्ति भनेको देवी देवता मात्र थिए । तपस्वी भएर तिनैको आराधानमा बसेकी थिइन् । आफ्नो अस्तित्व सतीत्व बचाउन नसकोले ती देवी देवतालाई आलम्पु, विगु, चागु (खोपाचागु), बाबरे, चिलंखामा बस भनेर स्थान तोकिदिएर आफू राजाको पछि लागिन् । देवतासँग पनि विदा मागेर खोपाचागु, बुकुनडाँडामा आएर सेरगाम (भाग लगाउने) गरिदिइन । राजाले राज्यमा लिएर आएको र रैती र रानीले थाहा पाउँछन् भनेर दोलखाको दुंगल टोलमा ल्याएर एक घरमा ल्याएर लुकाए । तीनलाई खानपिनको लागि राजाले बाँसको लिङ्गमा पानी चिउरा, अचार झुण्ड्याउन कारिन्दालाई लगाउथे र त्यही झ्यालबाट तानेर खानु भनेका थिए ।

उता तपस्वीनीका दाजुहरू चेलीबेटी काँ गई भनेर पोरजुङ र नोर्जुङ दाजुहरू बैनी खोज्न हजार हातको पिताम्बर लिएर हिडे । अब बैनी मरिच भनी कात्रो ओढाउला बाँचिच भनी पगरी गुथाएर ल्याउँला भनी सारा खोजे कही छैन । कही नभेटेपछि आफ्नो कला देखाएर दोलखाको विभिन्न टोलमा भ्रमण गर्न थाले मुरली बजाएर नाँच्दा सबैले हेर्थे । त्यस्तै झ्यालबाट चिउराको पोको तानेको थिइन् ठोका चुरा लाको आफ्नो बैनीको हात तिनीहरूले चिने र बैनी बसेको घर पत्ता लगाए ढोका बाहिरबाट ताला लाएको बन्द थियो बैनी त्या भएको थापाएपछि जबरजस्ती दैलो फोरेर भित्र पसे सोधेर हिड हामी तँलाई लिन आएको भनी दाजुले समाउन गए । समाउन जाँदा थेङमाथेङ (छुनुहुँदैन) भनिन् दाजुहरूले "किन हुँदैन" भनेर सोधे । सोधिएसकेपछि म गर्भवती थियो त्यो गर्भ तुह्यो (गर्भपतन) भयो भनिन् । दाजुले फेरि सोधे- "नासापाला (छोरी) कि टुसापाला (छोरा) थियो ?" भने त्यो चाहि नासापाला थियो भनिन् । त्यो का छ भने बैनीले सिस्नो घारीमा भनिन् र दाजुहरू सिस्नुघारीमा गएर हजार हातको पिताम्बरको पगरी भान्जीलाई चढाएर बैनीका आए । बैनी लिन आएका राजाले थाहा नपाइकन घरबाट निकालेर सुन्द्रावती पुऱ्याए त्यही खेत आगेको डिलमा ल्याएपछि रातपनि पऱ्यो हिड्न पनि सकिनन् सुत्केरी कमजोरी थिइन् त्यही कतै वरिपरी वस्ती भएको ठाउँ रहेछ । अरु मुरली शब्द डुमडुम शब्द सुन्न पाउने ठाउँ रछ म यही बस्छु भनिन् र बसिन् । अब मेरो सत् अझै छ भने एकै रातमा ७ महले दरबार बन् भनेकाले १ रातमा दरबार बनेछ र त्यही बसिछ । यो कुरा कान्छीलाई त दाजुहरूले भगाएर लगेको कुरा राजाले थाहा पाए र राजा त्यही पुगे र त्यै दरबारमा बस्न लागे । थमिनीसँग

बस्दा राजाका ३ भाइ छोरा जन्मिए तिनीहरूलाई पनि अंश खान दिनुपर्‍यो तत्पश्चात् ती तीन भाइ छोरालाई देवता पितृ बुझाएर खानु भनी गुठीको जग्गा दिए । यो कुरा दोलखाको मन्त्री मण्डलमा थाहा भो त्यहाँ खुल्दुली चल्यो र त्यहाँका रैतीले यो पातकी राजा हो भनी दोलखामा अर्को राजा नियुक्ति गरी राजा मान्न लागे । अब त्यस पुरानो राजालाई त्यहीबाट हटाउने निर्णय गरे । फलानो दिन हामी पल्टन लिएर आउँछौ र त्यहाँबाट लगार छौ भनी चिठी पठाए । यस्तो चिठी आएपछि राजालाई फसाद पर्‍यो राजा पीरमा परे अब आफ्नो त पल्टन पनि छैन रैती पनि छैन मलाई यहाँबाट लगाइछन् भनेर राजाले दरबार वरिपरिका वन बुट्टामा सबैमा रातोमाटो र कमेरोले सजाए, पल्टन बनाए । टाढाबाट हेर्दा त लडाइ गर्नको लागि तम्तयार अवस्थामा बसेको लडाकु जस्तै देखिन्थ्यो ।

दोलखा राज्यबाट पल्टन गए राजालाई खेद्नको लागि छलुवाको डिलसम्म पुगेर हेरे घरवरिपरि सबै सेताराता पल्टन देखे र डराएर फर्के ।

राजापट्टिको छोरा : रोइमी जाति

अरु दाजुभाइका : डिक्याथामी

सुन्नेलाई ……………… **मुकुन्द शिवाकोटी**

**सुनखानी, दोलखा**

### ४.८.२ 'थामी जातिको उत्पत्ति' कथाको विश्लेषण

**क) कथानक**

प्रस्तुत कथामा थामीको सृष्टि भएको घटनालाई कथानकमा उन्ने काम भएको छ , सिमरङ्गडमा किरातहरूको बस्तीमा दूरु (भुकम्प) जाँदा बाढी जाँदा मानिसहरू भागाभाग भइ दुई जना चाहिँ तामाकोशीको तीरैतिर भाग्दै आएको घटनाबाट कथाको उठान भएको छ । तामाकोशीको दुई किनारमा १ जना केटी सुनारी आजी १ जना केटी यापाती धुकु आउनु, तिनीहरू बीचमा परिचय हुनु, ती दुईको भेट नागदहमा आएर हुनु, विवाह गर्नु, हिँड्दै दोल्ती खोला, सुष्पा क्षमावतीको राङराङथलीमा आइ पुग्नु, कन्दमूल पाहा, मह भएको ठाउँमा बस्नु, ८ छोरी ७ छोराको जन्म हुनु काठबाट विभिन्न भाँडावर्तन बनाउने क्रममा काठको चोइटा नागदहमा थापेको तीपमा पर्नु, माझिले दोल्खे राजालाई काठको चोइटा परेको विन्ति चढाउनु, राजाले आफ्नो राज्यमा को आयो भनी खोजी गरी थापाती धुकुलाई पक्रेर ल्याउनु, छुटाउने क्रममा सुनारी आजीले कपालको लट्टाबाट सुनको थाली निकाली

सुनको हात्ती दिएर श्रीमानलाई छुटाउन, छोराछोरीको विवाह आफ्नै छोरा छोरी बीच गराउनु, कान्छीछोरी बाँकी रहनु जस्ता घटनाहरू अघि बढिरहेका छन् । ७ छोराछोरीले छुट्टाछुट्टै ठाउँमा बस्ती बसाली विभिन्न जातमा विभाजित भएको छ ।

७ छोराछोरीको विवाह पछि बाँकी रहेकी कान्छी छोरी सूर्य र केटा मान्छेको मुख नहेर्ने व्रत बस्नु, दोलखामा विभिन्न प्रशासन चलाउन तिनै तपस्वीको घरबाट राय रकम नआउनु, बुझ्दै जाँदा राजा तपस्वीको सौन्दर्यमा भुलेर राजाले राजकाज विर्सनु, रैतीहरू राजा खोज्न हिड्नु तपस्विनीको सतीत्त्व डगिसकेकोले राजाले सँगै लिएर आइ रैती र रानीबाट लुकाइ राख्नु, दुई दाजुहरू चेली खोज्दै हिँड्ने क्रममा ठोका चुरा लाएको बहिनी चिन्नु र लिएर हिड्नु, बीच बाटो मै बास बस्नु, तपस्विनीले एक रातमै दरबार बन् भन्दा दरबार बन्नु आदि घटनाहरू कथाको मध्य भाग हो । त्यसपछि तिनी त्यहीँ बस्नु उता राजाले तपस्वी भगाएर लगेको थाहापाई खोज्न हिँड्नु हिँड्दा राजा त्यही दरबारमा आउनु रहँदा बस्दा ३ छोराहरू जन्मिनु राजाले ती छोरालाई गुठीको जग्गा दिएको कुरा मन्त्रीमण्डलमा थाहा हुनु र पातकी राजा भनी दोलखामा अर्को राजा नियुक्त गरी पुरानो राजा हटाउन पल्टन लिएर आउँछौ भन्ने चिठी आएपछि राजाले पनि सबै वन बुटामा रातो र सेतो कमेरो माटोले सजाइ पल्टन बनाउनु, लडाइ गर्न आएका पल्टनहरू टाढैबाट कमेरा र माटाले सजिएका पल्टन देखेपछि पुराना राजाले ठूलो पल्टन तयार गरेछन् भन्ने सम्झी फर्कनु आदि घटना कथाको अन्त्य भाग हो । यसरी कथाको अन्त्य भएको छ । राजा पट्टिका सन्तान रोइमी जाति र अरु दाजुभाइका सन्तान डिक्याथामी भनेर विभाजित भएको छ । यसरी यो कथा विभिन्न घटना श्रृङ्खलाको संयोजनले पूर्ण बनेको छ । यो आस्था र श्रद्धाले भनिने कथा हो । थामी जातिका आदि पूर्खा लोङ्मा आपा र लोङमा आमालाई अझै पनि पितृका रूपमा पुजा गर्ने प्रचलन रहेको छ ।

**ख) पात्र**

प्रस्तुत कथा एक उत्पत्ति सम्बन्धी भएकाले मुख्य पात्रका रूपमा कथाको आदि भागमा थापाती धुकु सुनारी आजी देखिन्छ भने मध्य भागमा राजा र तपस्विनी रहेको छ । अरु ७ छोरा ७ छोरीमा तपस्वीको दाजु नोर्जुङ र पोर्जुङ सहायक पात्रका रूपमा आएका छन् । अरु दाजुभाइ, दिदीहरू, राज्यका रैतीहरू गौण पात्र हुन् । यसका अतिरिक्त यस कथामा थामी जातिका विभिन्न थरहरू कसरी रहन गए भन्ने बारेमा पनि प्रकाश पारिएको

छ । यस कथा अनुसार क्याङपोले, जैधाने, रिसमीचाल्दा, याङ्टेसिरी, आल्दासिरी आदि थामी जातिका थरहरू रहन गएको कुरा यस कथामा वर्णन गरिएको छ ।

**अ) यापाती धुकु**

यापाती धुकु यस कथाको केन्द्रीय आदि पुरुषका रूपमा आएको छ । आफ्नो पुस्ता विस्तारमा यापाती धुकुलाई सांस्कृतिक नायक (Cultural Hero) भन्न सकिन्छ । त्यसैले यी थामी जातिको आदि पुरुषलाई गतिशील र सत् पात्रका रूपमा लिन सकिन्छ ।

**आ) सुनारी आजी**

सुनारी आजी यस कथाको प्रमुख आदि नारी (नारी) पात्र हुन् । पुस्ता विस्तारमा महत्वपूर्ण भूमिका खेलेकी यिनी अनुकुल र सत् पात्रका रूपमा लिन सकिन्छ । यापाती धुकुलाई राजाबाट छुटाउन सफल गतिशील आँटिली र साहसी पात्रका रूपमा रहेकी छिन् ।

**इ) राजा**

राजा यस कथाको सहायक नायक हो । राजाले पनि तपस्वीको संसर्गमा रही थामी जातिको विकासमा सहयोग पुऱ्याएका छन् । सुन्दरीमा भुलेर राजकाज विर्सिएको र राजाबाट नै हटाइएकोले यिनमा स्थिरता पाउन सकिन्छ ।

**ई) तपस्वी**

'थामी जातिको उत्पत्ति' कथामा सहायक नारी पात्रका रूपमा चित्रित छिन् । विहे नगर्ने केटामान्छे र सूर्य नहेर्ने व्रत्र बसेकी तपस्वी पछि गएर राजासँगको उठबसले तीन छोराको आमा भएको घटनाबाट गतिशील चरित्रका रूपमा लिन सकिन्छ । आफ्नो अस्तित्त्वमा अडिग नरहेकोले असत् पात्रको रूपमा लिन सकिन्छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथाको घटनाक्रम उत्पत्ति सम्बन्धि भएका त्यति धेरै कथोपकथन छैन तापनि एका दुई कथोपकथन भने पाइन्छ । घटनाक्रमहरू सबै वर्णनात्मक शैलीमा अघि बढेको छ । नाटकीय कथोपकथन नभएपनि आख्यानमा प्रस्तुत गरिने संवादको प्रयोगले कथा सशक्त देखिन्छ । दाजु र बहिनीको संवादले कथा रोचक बढेको छ ।

बहिनी : थेङमाथेङ (छुन हुँदैन)

दाजु : कि हुँदैन ?

बहिनी : म गर्भवती थियो त्यो गर्भ तुह्यो ।

दाजु : नासापाला (छोरी) कि टुसापाला (छोरा) ?

**घ) परिवेश**

प्रस्तुत कथाको परिवेश श्रीमाङगड देखि तामाकोशीको तीर दोल्ती खोला, सुष्पा क्षमावती हुँदै राङराङथली सम्मको परिवेशको चित्रणको छ । सुनारी आजीले कपालको लट्टाबाट सुनको थालीमा हात्ती निकालेको र तपस्वीनीले एक रातमा ७ महले दरबार बन भन्दा बनेकाले अलौकिक परिवेशको पनि चित्रण आउँछ । त्यस्तै दोलखा सहर, आलम्पु, विगु, खोपाचाँगु, बाबरे चिलंखा सुन्द्रावती आदि ठाउँको पनि चित्रण छ ।

**ङ) उद्देश्य**

यस कथाको मुख्य ध्येय थामी जातिको उत्पत्तिको जानकारी दिनु हो भने अर्को मनोरञ्जन प्रदान गर्नु रहेको छ । थामी जातिका उत्पत्ति सम्बन्धी मिथक भएकोले यस कथालाई आस्था र श्रद्धा साथ भन्ने/सुन्ने गरिन्छ । त्यसैले जातिय इतिहास प्रस्तुत गर्ने मिथक हो ।

**च) भाषा**

प्रस्तुत कथाको भाषा थामी जातिमा प्रचलित मिथक भएकाले यसमा ती शब्दको बाहुल्यता रहेको पाइन्छ । थामी जातिको भाषिक प्रभावबाट प्रभावित छ । यसमा सरल भाषा रहेको छ । कथामा प्रयुक्त थामी भाषाका शब्दहरू निम्नानुसार छन् । यापाती धुकु (केटा मान्छे), सुनारी आजी (केटी मान्छे), थेङमाथेङ (छुनु हुँदैन) नासापला (छोरी) टुसा पाला (छोरा) आदि रहेका छन् । त्यस्तै स्थानीय थामीका जातहरूमा क्याङपाले, जैधाने रिसमीचाल्दा याङटेसिरी, आल्दा सिरी आदि छन् । स्थनीय शब्दमा, तोके, कापडे (कचौरा र थाल)। सेरगाम (भाग ल्याउने) इत्यादि ।

**छ) शैली**

यस कथाको शैली वर्णनात्मक रहेको छ । कथ्य शैलीको प्रयोगले कथा रोचक र स्मरणीय बन्न पुगेको छ । मिथकीय कथन शैली यस कथामा प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथा थामी जातिको उत्पत्ति सम्बन्धि भएकाले रोचक प्रस्तुति रहेको छ । कथाको घटना क्रम आदि, मध्य र अन्त्यको श्रङ्खला मिलेकाले कुतूहलपूर्ण छ सिमरङगडमा भुकम्प जाँदा भाग्ने क्रममा दुईजना तामाकोशीको किनार हुँदै दोल्ती खोला, नागदह, सस्पा क्षमावतीको राङराङथली सम्मको परिवेश कथामा प्रस्तुत छ । दोल्खामा खाण्डौ राजा तपस्विनीको प्रसङ्गबाट कथा थप मनोरञ्जनपूर्ण छ । मानवीय पात्रको प्रयोगले कथा लैकिक परिवेशमा भएपनि तपस्विनीको असाधारण शक्तिका कारणले अलौकिक परिवेशको पनि भान

हुन्छ । यस कथाको उद्देश्य भनेको आफ्नो जातित्त्वको उत्भव र विकास कसरी भयो भन्ने अवगत गराउनुका साथै मनोरञ्जन प्रदान गर्नु पनि रहेको छ । यस कथाको भाषाशैली सरल र वर्णनात्मक शैलीमा रहेको छ । जातिगत कथा भएकाले केही स्थनीय शब्दको प्रयोग पाइन्छ ।

## ४.९ परिचय

'ठग माथिको महा ठग' कथाको दोलखा जिल्लाको भीमेश्वर नगरपालिका ७ जिलुमा प्रचलित लोककथा हो । यस कथामा अरुलाई ठगी आफ्नो जीविका चलाउने हरेकृष्णको परिवारमा झन् ठग श्रीकृष्णको फेलापरि उल्टै आफू ठगिएको घटनाक्रमलाई कथानकमा बुन्ने काम भएको छ ।

### ४.९.१ **ठगमाथि महा ठग** कथाको मूल पाठ

एकादेशमा हरेकृष्ण नाम भएका एक जना ठग थिए । उनी आफ्नी बुहारीको साथमा रहेर बटुवाहरूलाई ठग्ने काममा लामो समयदेखि तल्लीन थिए । उनी बटुवाहरूलाई आफ्नो घरमा बास राख्ने, सम्मानपूर्वक खान दिने, मिठामिठा गफ गर्ने तर कदाचित घरवरपर दिसा गरेको पाइएमा निजलाई जरिवाना गरी सोही रकमले जीवन धानिराखेका थिए । लामो जंगलको यात्रा पुरा गरेपछि उनको घर आउने हुँदा सोही घरमा बटुवाहरूलाई बास नबसी सुखै थिएन । तसर्थ बाध्यताबस् भए पनि सो घरमा वटुवाहरू बास बस्न बाध्य हुन्थे । हरेकृष्णकी बुहारीले खानामा मिलावट गरेको विषादीले झाडापखला लागि घरवरपर दिसा गर्दा भोलिपल्ट जो कोही पनि जरिवानामा परिहाल्थे ।

यसै गरी धेरैवर्ष वितिसकेको थियो । हरेकृष्णको परिवार ठग विद्याबाटै निकै धनी भइसकेका थिए । यसरी रहँदा बस्दा उनी पनि साठी वर्ष जतिका भइसकेका थिए । सोही समयमा एकजना श्रीकृष्ण नाम गरेका व्यक्ति सोही बाटो हुँदै पल्लो गाउँमा जाँदैथिए । उनी साह्रै चलाख र गम्भिर प्रकृतिका मानिस थिए । ती पनि हिड्दै जाँदा सोही घरमा बास बस्न पुगे । बास बस्नुभन्दा पहिले हरेकृष्णले आफ्नो पुरानो चलन अनुसार खानपिनको व्यवस्था राम्रो गर्ने तर राती घरवरिपरि झाडापखला गरेको पाइएमा तपाईलाई हजारौं रुपैयाँ जरिवाना हुनेछ, गलाको सिक्री, औंलाको औंठी तथा कोट जुत्ता समेत जफत हुनेछ । यस्तो प्रस्ताव सुनेर यति सञ्चो छ, के भइहाल्ला र ? भनी सबै कुरा मञ्जुर गर्दै श्रीकृष्ण सोही घरमा बास बसे । मानिस अलि धनाड्य खालको देखिएको हुँदा र अलि मोटोघाटोसमेत भएकोले उसलाई औषधीको मात्रा बढाउन समेत बुहारीलाई निर्देशन गरी आफू कुखुरा

काट्ने, पुलाउ पकाउने लगायत विभिन्न परिकारहरूको तयारी गर्न थाले । यता श्रीकृष्णले विचार गरे यदि मैले दिसा पखला गरिन भने मलाई चाहिँ के दिने होला ? भनी आफ्नो मनको कुरा राखे र त्यसबाट हुने नाफा घाटाको कुरा समेत गरे । तत्कालै ठग बुढाले यदि हामीले भनेसरह तपाईलाई केही भएन भने तपाईका साथमा भएका रुपैयाँ, सुन, चाँदी, लुगा, कपडा आदिको पुरै हिसाब गरी त्यसको दोब्बर रकम दिने भनी वाचा बन्धन गरे ।

साँझ आठ बजेतिर खाना पाक्यो, सबैजना बसे । बुहारीले खुबै सतर्कताका साथ औषधीमूलो गरेको मासु तरकारीको परिकार आजका पाहुना (श्रीकृष्ण) लाई पस्किइन् । ठग हरेकृष्णले पनि साह्रै खातिर गरी पाहुनालाई खानपिन गराइ आफूले पनि खाना खाए । सुत्ने बेला पाहुनालाई छिँडीको तलामा राम्रा गुन्टामा सुताइ आफू माथिल्लो तलामा गई सुते । रातको बाह्र बज्दै थियो, निद्राबाट बिउँझेका श्रीकृष्णको पेट दमाहा जस्तो भई फुलेको र रोपाइमा गरा साय झैँ पेट कराइरहेको थियो । उनले झट्ट सम्झे बाहिर फेर दिसा नगर्नु भनेको छ, के कसो हुने हो ? ढोका खोल्ने र कुकुर समेत ढोकामा भएको कारण बरण्डाभित्रै दिसा गर्नुपर्ने अवस्था भएकोले उनले विचार गरे भित्र त दिसा नगर्नु भनेको छैन । किन भित्रै नगरुँ ! यस्तो विचार गरी खाली गाग्रीमा बसी दिसा गर्दै गए, पटक-पटक पखला गर्दा गाग्री टन्न भरियो, गाग्रीलाई जहाँको तहिँ राखे । पखला लाग्न छाडेको छैन त्यसपछि खाली कसौँडीमा भरे, त्यसपछि औँखोरा, करुवामा भरे, अझै पेट कराउन र दिसा लाग्न छोडेन र उनले आगो नभएको अंगेनामा पनि पखला गरे र अन्त्यमा बाँकी रहेको बुढाले बोक्ने गरेको धनुको ठोक्रोमा पनि दिसाले भरिदिए । उज्यालो भयो, उनी हलन्टट्टु भई ओछ्यान पल्टिरहे ।

यता रातमै पाहुना भाग्लान् भनी ठग बुढा डराउँदै बुहारीलाई बोलाइरहे । "बुहारी उठ्न किन ढिला गर्छ्यौ ? पाहुनाबाट रकम असुल्नु पर्दैन ? छिटो उठ् !" बुहारी हत्पताउँदै उठी र घरको आँगन, करेसो, पेटी, पिँडी आदि ठाउँमा पुरै खोजी गरी तर कतै पनि दिसा भेटिन । ससुरासँग गई खुसुक्क कुरा गरी कतै दिसा नभएको, पाहुना आरामले सुतिरहेको कुरा सुनेपछि हरेकृष्णको सातो गयो । आफैँ उठी बत्ती समेत बाली चारैतिर खोजी गरे तैपनि दिशा भेटिएन । बाध्य भई पाहुनाका नजिक आई सञ्चो विसञ्चोको खबर सोधे, श्रीकृष्ण पनि जुरुक्क उठी हिजो आफूलाई गरेको वाचा अनुसार आफूले कतै दिसा पखला नगरी बद्मासी नगरेकोले आफ्नो शरीरमा भएको सबै सम्पत्तिको दोब्बर रकम यथाशिघ्र दिन अनुरोध गरे । बुढा अलि नाक बजाउँदै थिए, श्रीकृष्णले ठुलो डाँको गरी बोलेको बचन

तुरुन्त पूरा गर, नत्र पुलिस कहाँ लान्छु भनी धम्क्याए । विचरा ठग, महा ठगको फेला परेको कुरा हरेकृष्णले पत्तै पाएनन् । त्यसपछि बाकस खोली श्रीकृष्णका शरीरमा भएको सम्पत्तिको दोब्बर रकम दिई पाहुनालाई विदा गरे । पाहुना श्रीकृष्ण पनि साह्रै हतारो गरी पखलाले सिद्धिएको जिउ हुर्रेखेल्दै बाटो लागे ।

यता आगो बाल्न भनी बुहारीले अँगेनामा जोडी राखेको ठुटो झिकेर हेरिन् नमिठो गन्ध आयो । आगो भएजस्तो लागेन र छाम्नु पऱ्यो भनी हात घुसार्दा सिङ्गै हात अँगेनाको पखला भरि पऱ्यो । त्यसपछि ससुरालाई गुहार्दै बुबा त्यसले त अँगेनाभरि पो छेरेछ भनी चिच्याउन थाली र अम्खराको पानी लगी हात धुन लाग्दा त्यहाँ रहेको पखलाले झन बढी गन्ध फैलायो । ससुरो पनि दौडदै तल आयो र करुवामा रहेको पानी बाहिर फाली गाग्रीको पानीले हातमुख धुन थाल्यो, मुखमा के कुल्ला गरेथो दिसाले पुरा गन्ध फैलायो र छिछि र दुर्दुर् गर्दै थुक्न थाल्यो । बुहारी छिटो गर् मलाई अलिकति खाना बनाइ देउ, म दूध दुहेर आउँछु, तिमी कसौडीमा भात पकाइ राख र दूध र भात खाई म त्यस ठगलाई भेटेर आज नपिटी छाड्दिन । यसरी बुहारी कसौडीमा चामल हालिन् तर कसौडीभरि पखला भएकाले भात पकाउन कठिन पऱ्यो भने बाल्टीमा पनि एक पटकको पखला भएकोले दूध दुहुन लगेको बाल्टी पनि सोही हालतको देखियो । यसरी चेत विचेत भएका ठग परिवार अव भोकै भएपनि खोज्न जान भनी वाण राखेको ठोक्रो काँधमा भिरी धनु समेत भिरी बुढा पश्चिम दिशा तर्फ लागे । उता श्रीकृष्ण एक घण्टा जति हिडेर खुइय्या, खुइय्या गर्दै माथि डाँडाको देउरालीनेरको छहारीमा निकैबेर पल्टिए र एक निद्रा पनि निदाए । उनी अलि बोल्न र हिड्न सक्ने भए, त्यसैबेला ठग हरेकृष्ण सोही देउरालीमा पुगी पाती टिपी हे देउराली देउता त्यो महा ठग भेटिई जाओस् त्यसलाई आज म छाड्दै छाड्दिनँ भनी ढोग्न निहुरिदा ठोक्रोमा भएको पखला देउराली देउताको शिरैमा चुहियो । यो देखी ठग छक्क पर्दैथियो । सुतेर बसेको श्रीकृष्णले त्यो दृश्य देखी दौडदै आई त्यस ठगलाई देउराली देउतामा अरु दूध चढाउँछन् यसले दिसा चढायो है भनी जोडजोडले करायो र वरपर दाउरा झिक्रा खोज्ने, गाइबाखा चराउने मान्छेहरू झुम्मिए, देउरालीमा हेरे । ठगको ठोक्रो पनि हेरे, साँच्चै पखाला बोकी देउरालीमा चढाएको थाहा भएपछि ठगलाई सबैले दुई दुई मुक्का पिटे र मुख भत्काइदिए । विचरा ! धेरै वर्ष अघिदेखि दुनियाँलाई ठग्दै आएको ठग श्रीकृष्ण आजको घटनाले चित खायो र अवदेखि उप्रान्त कहिल्यै नठग्ने वाचा गर्दै श्रीकृष्ण लगायत सबैसँग माफी माग्यो र घरतर्फ लाग्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला ............... राम प्रसाद सापकोटा

भी.न.पा.-७, जिलु, दोलखा

### ४.९. 'ठग माथिको महाठग' कथाको विश्लेषण

**क) कथानक**

'ठगमाथिको महा ठग' कथामा लामो समय देखि ठग्दै आएका हरे कृष्णको जीवनमा झन महा ठगको फेला परेको घटनाको श्रृङ्खलामा कथा अघि बढेको छ । लामो समय देखि ठग्दै आएका हरिकृष्णको घरमा बटुवाहरूवास बस्न आउने र मिठामिठा खानेकुरामा विषादी मिसावठ गरी झाडापखाला गर्न बाध्य बनाउने तर कही कतै भाडापखाला गरेमा बटुवाको श्री सम्पत्ति दिई जीवन धानिरहेका घटनाबाट कथाको शुभारम्भ भएको छ । ठगविद्या बाटै धनी भएका हरेकृष्णको घरमा एकदिन श्रीकृष्ण बास बस्न आउँछन् । खानपीनको राम्रो व्यवस्था गरिने तर बटुवाले कतै कही फोहोर गरेमा सुनको सिक्री औँठी सबै जफत हुने र केही गरी फोहोर नगरेमा चाहिँ हरेकृष्णले दोब्बर दिनुपर्ने बाचा गर्दछन् श्रीकृष्ण अलि धनाध्य देखिनु माटोघाटो भएकाले बुहारीलाई औषधीको मात्रा बढाउन लगाउनु, खानपिनपछि पाहुनालाई छिँडीमा सुताई आफू माथिल्लो तलामा गई सुत्नु उता रातको दोस्रो प्रहरमा भने श्रीकृष्णको पेट दमाहा जस्तो भइ फुलेको रोपाइको गरा साय भैं कराएकोले पखाला नगरी सुख नपाउनु, त्यस्तैमा बाहिर कतै नगर्ने बाचा गरेकाले भित्रै गाग्री कसौडी, करुवा, बाल्टी, आमखोरा, अगेना कही बाँकी नराखी अन्त्यमा धनुको ठोक्रोमा समेत दिसाले भर्नुसम्म घटनाको विकास भाग हो भने विहान सबेरै बुहारीलाई उठाइ सबैतिर दिसा हेर्न लगाउनु, कतै नभएपछि टर्च बाली आफै पिढी करेसामा हेर्नु फोहोर नपाएपछि श्रीकृष्णलाई सन्चो विसन्चो सोध्नु, श्रीकृष्णले पनि आफूले कतै बदमसी नगरेकाले आफ्नो शरीरमा भएको सम्पत्तिको दोब्बर रकम मागी त्यहाँबाट हिँड्नु, उता चुल्होमा आगो बाल्न लाग्दा नमिठो गन्ध आउनु आम्खोराको पानीले पखाल्दा झनै दुर्गन्ध फैलनु, ससुराले पनि गाग्रीको पानीले हात मुख धुदा झनै दुगन्ध फैलाइ छि ! छि ! गर्दै थुकी दुध दुहुन जानु, कसौडीमा चामल हाल्दा पखाला भएको दूध दुहुने बाल्टी पनि बाँकी नरहेकाले वाण राखेको धनु भिरेर महा ठगलाई खोज्न जानु, जाँदा देउराली देउता पनि चढाइ ढोग्दा ठोक्रोबाट दिसा झर्नु, श्रीकृष्ण पनि त्यही छहारीमा सुतेकाले श्रीकृष्णले दिसा चढायो भनी कराउनु, वरिपरिका सबै मान्छे जम्मा भई पिटेर मुख भत्काउनु, श्रीकृष्ण

लगायत सबैसँग माफी मागी कहिल्यै नठग्ने बाचा गरी कथाका अन्त्य भएको छ । यसरी सधैँ अरूलाई ठग्ने व्यक्ति आफै ठगिएको घटनाको कथानक सँगै कथा टुङ्गिएको छ ।

**ख) पात्र**

'ठग माथिको महा ठग' कथामा हरेकृष्ण मुख्य, श्रीकृष्ण सहायक र बुहारी गाई बाखा चराउने, दाउरा झिक्रा खोज्ने गौण पात्रहरू रहेका छन् । मानव पात्रको संयोजनबाट कथाको निर्माण भएको छ ।

**अ) हरेकृष्ण**

प्रस्तुत कथाको केन्द्रीय पात्रका रूपमा हरेकृष्ण रहेको छ । उसको सेरोफेरोमा घटनाले निरन्तरता पाएको छ  अरूलाई ठगेर नै जीविकोपार्जन गर्दै आएको हरेकृष्ण महाठगको फेला परी सबै सम्पत्ति गुमाउन पुगेको असत् चरित्रको व्यक्ति हो । बटुवालाई खानामा विष मिलाई ठग्ने आफू ठगिएको र पिटाइ सम्म खान पुगी अन्तमा नठग्ने बाचा गरेकाले उसमा गतिशीलता पाउन सकिन्छ । असत् पात्रबाट सत्पात्र हुन पुगेको हरेकृष्ण गतिशील पात्रका रूपमा रहेको पाइन्छ ।

**आ) श्रीकृष्ण**

श्रीकृष्ण यस कथामा सहायक पात्रका रूपमा उभिएको छ । सँधै अरुलाई ठग्ने हरेकृष्णलाई उल्टै ठगी सम्पत्ति असुल्न सफल गतिशील चरित्र हो । हरेकृष्णको ठग्ने प्रवृत्ति उजागर गर्ने सत् पात्र हो ।

यसरी सँधै ठग्ने हरेकृष्ण, ठगलाई पनि ठग्न सफल श्रीकृष्ण ससुरालाई ठग्न सहयोग गर्ने बुहारी केही गाउँले पात्रको संयोजनमा कथा निर्मित छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथाको कथोपकथन कहीं कहीं मात्रा रहेको छ । कथानक वार्णनात्मक रूपमा अघि बढेकोले कथोपकथन प्रयोग कमै रहेको छ । हरेकृष्ण र बुहारी, हरेकृष्ण र श्रीकृष्ण बीचमा कथोपकथन भएको देखिन्छ ।

ससुराः बुहारी उठन किन ढिला गर्छ्यौ ? पाहुनाबाट रकम असल्नु पर्दैन ?

श्रीकृष्णः बोलेको बचन तुरुन्त पूरा गर, नत्र पुलिस कहाँ लान्छु ।

**घ) परिवेश**

'ठगमाथिको महाठग' कथामा जंगल, हरेकृष्णको घर आँगन, छिडी, देउराली आदि परिवेशको चित्रण छ। कथा लौकिक परिवेशमा निर्मित छ ।

**ङ) उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य मुख्यतः मनोरञ्जन प्रदान गर्नु रहेको छ । साथै सधैं अरुलाई ठग्ने हरेकृष्ण एकदिन आफै महान् ठगको फेला परेको छ । नराम्रो कामको फल नराम्रै हुन्छ र त्यसको टिकाउ हुँदैन भन्ने सन्देश छोड्न कथा सफल छ ।

**च) भाषा**

प्रस्तुत कथा सरल भाषामा अघि बढेको छ । मानक भाषा भएकोले कथा सहजै बुझ्न सकिनछ । कथामा प्रयुक्त शब्दहरूमा दमाह, गरा ठोको, हुर्रे खेल्दै आदि रहेको छन् ।

**छ) शैली**

'ठगमाथिको महा ठग' कथा वर्णनात्मक शैलीमा अघि बढेको छ । कहीँ कहीँ कथोपकथनात्मक शैली पनि भेट्न सकिन्छ ।

प्रस्तुत कथा हरेकृष्णको ठग्नेकला र त्यसबाट पाएको प्रतिफल कस्तो हुन्छ भन्ने घटनामा आधारित छ । मानव पात्रको संयोजनमा नै कथा तयार भएको छ । संवादात्मक शैली, वर्णनात्मकले कथामा रोचकता थपेको छ । अरुलाई ठग्नेको आफूप्रति ठगिन्छ भनने कुरा देखाउन खोजिएको छ । विभिन्न किसिमको पात्र संयोजन नभएपनि कथा मनोरञ्जन मूलक रहेको छ । लौकिक परिवेशको चित्रण र सरल सहज भाषा  शैलीले कथा बुझ्न सजिलो भएको छ ।

**४.१० परिचय**

'बाउँटोको कथा' दोलखा जिल्लाको भी.न.पा. आसपासमा प्रचलित हास्य रसले युक्त लोककथा हो । यस कथामा एक कुरा भने अर्को सुन्ने सबै बाउँटै बाउँटाको कथानकले घटनाक्रम अघि बढेको छ ।

**४.१०.१ बाउँटोको कथा** कथाको मूल पाठ

एउटा घरमा हजुर बुबा हजुरमुमा २ जना आमाबुबा र २ जना बहिनी १ गरी जम्मा ५ जनाको परिवार रछ । तिनीहरू ५ जनाको विचार पाँचै थरीको थियो । बुढा आँखा देख्दा रैनछन् । बुढाको घाम विस्कुन हाल्देर लामो लौरो दिनछन् । केही आउँछ कि भनी हेर्न लगाउने, बुढीको भात भान्साको काम गर्ने, त्यतिकै त्यतिकै बुहारीको घाँसपात गर्ने, छोराको

गोरु जोत्ने र नातिनीको काम बाखा हेर्ने गोठालो रछ । एक दिन छोराले अघिल्लो बेलुका उर्दि लायो । “आमा भोली बिहानै भात चाँडै पकाउनु म भिरबारीमा जोत्न जान्छु, बुहारीले गोरुलाई घाँसपात, ढुटो पिठो गर्नु” भन्यो । छोराले जोत्न जान्छु भन्दैमा आमाको मनमा झ्वास्स गऱ्यो । भएको एउटै छोरो भिरबारीमा जोत्न जान्छु भन्यो । पाटा साँघुरा छन् गोरु फर्काउँदा अनौ फुक्लेर भिरबाट लडेर मर्ने पो हो कि भन्ने लाग्यो । त्यो तेसै सकियो बेलुका सबै सुते । बिहान उठेर सबै आ-आफ्नै काममा लागे । बुढालाई विस्कुन हाल्दिए । छोराले गोरु फुकाएर धपाउन लागे । बुहारीले घाँसपात ठिक पारिन् र बसिन् । अब उता छोराले भिरबारीमा लगेर गोरु नारी सकेर हलो घुसारीसकेपछि सुर्ती पो खानुपऱ्यो भनेर अँगेरीको पात टिपी सुर्ती बेरेर खान लाग्यो । त्यहीबेलामा उताबाट दुईजना मान्छे आएर ओ दाई उता जाने बाटो कता हो भनेर सोधे त्यसले म त बेच्दिनँ बेच्दिनँ भन्यो । होइन कस्तो के भन्छन् यी दाई । उता जाने बाटो कता हो पो भनेको ? भनेर बटुवाले फेरी भन्छन् । “होइना यस्ता राम्रा मिलेका गोरु बेच्दिनँ भनेपछि बेच्दिनँ बेच्दिनँ ।” यो मान्छे त कस्तो बाँउटो पो रहेछ भनेर हिँडे । हलीले उठेर जोत्न थाल्यो ।

उता श्रीमती घरमा खाजा बनाउने पिठो थोरै रहेछ । सासूले खाजा थोरै बनाइदिएकाले श्रीमानले बीचबाटोमा खाजा खाएर थोरै ल्याई भन्ने पो हो की भन्दै खाजा लिएर बुहारी गई र घाँस बिसाइ । लोग्ने चाहिँ कुरा लाउन लाग्यो । ए है भन्यो र हजुर भनी अगि दुई जना गोरु किन्ने मान्छे आथे । मैले त बेच्दिनँ बेच्दिनँ भनेँ । तपाईका आमाले बनाइदिएको खाजा नै त्यति छ त मैले कहाँ खानु भनी । हैन अगि दुई जना गोरु बेचबेच भने मैले बेच्दिनँ भनेँ । होइन तिम्रा आमाले दिएकै त्यति हो त खाए खाउ नखाए नखाऊ भनेर मलाई त्यसै चोरको अप्टी लाउने भनेर रुदै हिँडिन् । बुढोको पालो यो त कस्ती बाउँटी रहिछे भनेर भन्यो । उता आमा बुहारीले छोरोको के खबर ल्याउने भनेर बसेकी थिइन । बुहारी त रुँदै पो आउँछे । बुढीको मन तिल जत्रो छोरा भिरबाट लडेर मऱ्यो कि भन्ने खुलदुली चलिरहेको थियो । बुहारी रुँदै आएको देखि बुढीले सोधी । के भयो बाबु ? बज्यै तपाईले खाजा थोरै बनाइदिनुभएछ तपाईका छोराले मलाई बाटामा खाजा झिकेर खाई भनेर चोर लाए, झण्डै पिटे, गाली गरे भनी । बुढीले छोरो राजा मलाई त हिजै मर्छ जस्तो लागेको थियो । लडेर मरिगछ भनेर रुन थालिन् । हैन यो के सुन्न भयो तपाईका छोराले मलाई खाजा चोर लाए भनिन् र यो बुढी त कस्ती बाउँटी रैछ भनी बुहारीले सासूलाई बाउटी भनी । बुढी रुँदै बुढा भएको ठाउँमा गएर ए बुढा ! बुढा ! भनी आज छोरो जोत्न

गको ? गोरु फर्काउँदा अनौ फुक्लेर भिरबाट मरिमगच भने । “तँ अपराधी बुढी यत्रो बिस्कुन हेरेँ मुइले कल्लालाई दिएँ र आज मलाई चोर लाउने ?” भनेर बुढाले भने- के सुने हैन हैन, छोरो भिरबाट लडेर मरिगोपो भनेको त । अबदेखि तँ अपराधिनी बुढीको बिस्कुन हेँर्दिन भनी बुढा रुँदै नातिनी भएको ठाउँतिर हिँडे । नातिनी भर्खर अठार वर्षकी छे । उसको मनमा पनि अहिलेसम्म बाखा हेरेँ । कति हेर्नु माइतीको चाकरी जति गरे पनि त्यति भनेर सोचेर बसेकी थिइ ।

बुढा गएर बाबु सरस्वती भनेर बोलाए । नातिनीले हजुर भनी हेर बाबै तेरी आमैले आज यत्रो समयसम्म बिस्कुन हेरेँ, अर्कालाई दिए भनी भन्दा नातिनीले तपाईंले दिएको ठाउँमा हुन्न भन्दिन भनी । हैन तेरी आमैले मलाई विस्कुन चोर लगाई भनेको भन्दा नातिनी फेरि भन्छे तपाईले दिएको ठाउँमा म खुसीले जान्छ, जान्न भन्दिनँ भनी । बुढाले यो त कस्ती बाउँटी रैछ भनेर नातिनीलाई भने । बाटो हिड्नेले गोरु जोत्नेलाई बाउँटो, गोरु जोत्नेले श्रीमतीलाई बाउँटी, बुहारीले सासूलाई बाउँटी, सासूले ससुरालाई बाउँटो र बुढाले नातिनीलाई बाउँटी भनेर भने । सुन्नेलाई ……………… **विन्दा चौलागाइ**

**भी.न.पा.-५**

### ४.१०.२ ‘बाउँटोको कथा’ कथाको विश्लेषण

#### क) कथानक

प्रस्तुत कथामा भनेको कुरा नबुझ्दै आफ्नै तरिकाले अर्थ लगाउने पात्रहरूको संयोजनमा कथा बुनिएको छ । घरमा ५ सदस्य बीचमा सबैको कामको बाँडफाँड भई छोराले भोली विहानै भात पकाउन लगाएको घटनाबाट कथाको सुरुवात भएको छ । आँखा नदेख्ने बुढालाई विस्कुन हालि दिएर लौरो दिइ हेर्न लगाउनु आमाको भात भान्छाको बुहारीको घाँसपात र नातिनीको बाख्रा हेर्न गोठालो काम गर्नु परेको छ । यसै क्रममा छोराले भीरबारीमा जोत्न जानु, दुई बटुवाले बाटो सोध्नु उत्तरमा बेच्दिनँ बेच्दिनँ भन्नु बुहारीले खाजा लिएर जाँदा लोग्नेले गोरु किन्न आएका कुरा गर्दा तिम्री आमाले दिएकै यति हो मलाई चोरको अप्टी लाउने भन्नु, उता सासूले छोराको हाल खबर सोध्दा बुहारीले तपाईका छोराले बाटोमा खाजा झिकेर खाइ भने भन्दा बुढीआमा मेरो राजा मलाई हिजै मर्छ भन्ने लागेको थियो मरिगछ भन्नु, बुढा भएको ठाउँमा छोरो मरेको कुरा गर्दा तँ अपराधी मलाई बिस्कुन चोरलाई भनेर नातिनी भएको ठाउँमा गइ हजुर आमाले बिस्कुन चोरलाई भन्दा नातिनी तपाइँले दिएका ठाउँमा खुशी साथ जान्छु हुन्न भन्दिन भन्नु र बुढाले

कस्ती बाउँटी रैछ भनेर भने । यसरी कथाको अन्त्य भएको छ यस कथामा बटुवाले छोरालाई बाउटो, छोराले बुहारीलाई बाउटी, बुहारीले सासूलाई र सासूले बुढालाई र बुढाले नातिनीलाई बाउँटी भनेका छन् ।

**ख) पात्र**

प्रस्तुत कथामा पात्र विधान एकै परिवारका सदस्यबीचमा नै समायोजन गरिएको छ । सबै पात्रको भूमिका समान रहे तापनि कामको बाँडफाँड छोराले गरेको हुँदा प्रमुख पात्रको रूपमा छोरालाई लिन सकिन्छ । बुढाबुढी, बुहारी, नातिनी सहायक पात्रका रूपमा चित्रित छन् । एकहल गोरु, बाखा र बटुवा प्रसङ्गमा आएका गौण पात्र हुन् । यी पात्रहरूको जीवनमा कुनै परिवर्तन आउन सकेको छैन । त्यसैले यिनीहरूलाई स्थिर पात्रको रूपमा लिन सकिन्छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथा कथायिताले वर्णन गरेको हुँदा वर्णनात्मक शैलीमा नै अघि बढेको छ । कुनै कुनै ठाउँको कथोपकथनले कथामा थप रोचकता प्रदान गरेको छ । विभिन्न किसिमका कथोपकथन यस कथामा पाउन सकिन्छ ।

बटुवा : ओ दाई उता जाने बाटो कता हो ?

हली : मत बेच्दिनँ  बेच्दिनँ ।

छोरा : अगि दुईजना गोरु किन्ने मान्छे आ थे । मैले त बेच्दिनँ बेच्दिनँ भनेँ ।

बुहारी : तपाइका आमाले बनाइदिएको खाजा नै त्यति छ त मैले कहाँ खानु ।

यस्ता कथोपकथनहरूले कथा मनोरञ्जनपूर्ण बनेको छ ।

**घ) उद्देश्य**

'बाउँटोको कथा' कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । कथामा प्रयुक्त पात्रले दिने जवाफ हास्यास्पद रहेको छ । भनेको कुरा अर्को सुन्दा जीवनमा सफलता प्राप्त गर्न सकिँदैन भन्ने कुरा कथा मार्फत देखाउन खोजिएको छ ।

**ङ) परिवेश**

प्रस्तुत कथाको परिवेश घर आँगन, बारी, जंगल, बाटो आदि छन् । यिनै परिवेशको सेरोफेरोमा कथा बुनिएको छ । कथा लौकिक परिवेशमा निर्मित छ ।

**च) भाषा**

प्रस्तुत कथाको भाषा सरल सहज बुभ्न सकिने खालको छ । गाउँघरमा बोलिने भाषामा कथा प्रस्तुत छ । जस्तै : रछ, रैनछन्, मरिगछ, मरिगोपो जस्ता शब्दहरू कथामा प्रयुक्त छन् ।

**छ) शैली**

'बाउटोको कथा' कथाको शैली वर्णनात्मक रहेको छ । कही कही भने कथोकथनात्मक शैली पनि अँगालिएको छ । त्यही कथोकथन कथा थप मनोरञ्जनपूर्ण बनेको छ ।

'बाउटोको कथा' कथामा घटनाहरू श्रृङ्खलित रूपमा अघि बढेको छ । एउटा कुरा भन्दा अर्को सुन्ने सबै बाउटा पात्र भएकाले कथानक हास्यरसयुक्त छ । समान भूमिका भएका पात्रको संयोजन गरिएको छ । कथा वर्णनात्मक शैलीमा अघि बढे तापनि कथोकथनले कथा मनोरञ्जनपूर्ण बनेको छ । कथामा लौकिक परिवेशको चित्रण पाउन सकिनछ । कथाको भाषाशैली सबैले बुझ्रेर मनोरञ्जन लिन सक्ने मानक भाषाको सरल रूपमा प्रयोग गरिएको छ ।

**४.११ परिचय**

बालाचतुर्दशी कथा' दोलखा जिल्लाको दोलखा आसपासमा प्रचलित मिथक हो । लौकिक परिवेशको चित्रण भएको दोलखाको नेवार राजाले राक्षसलाई मार्न सफल घटनावलीको विषयवस्तु रहेको छ ।

**४.११.१ बाला चतुर्दशी** कथाको मूल पाठ

पहिले पहिले तामाकोशी पारि मार्बुतिर राक्षसको राज्य थियो रे । त्यहाँ राक्षसले मार्बु खाएछ रे त्यताबाट हुँदै हुँदै राक्षस दोलखामा पनि आएछ रे । दोलखामा त्यतिबेला दोल्खे राजा थियो । अब यो राज्य कसरी हात पारुँ भनी राक्षसले जाल बुन्दै थियो । त्यसैबेला दोलखाको नेवार राजाले पनि पखतलीको पोखरीको छेउमा राजाले खानपिन दिएर राक्षससँग मीत लाएछ । अनि दोल्खे राजाले तामाकोशी देखि माथि चरङ्गे खोला देखि बारि थाङ्सासम्म मेरो विर्ता भन्यो रे । अब राक्षसले मान्छे यसलाई कसरी हटाउ भनेर राजाले तीन वर्खामा मात्र आउनु भन्यो रे । अब ३ वर्खपछि आउँदा कसरी चिन्ने भनेर दुवैले दाह्री पाल्ने भनेर रे । तीन बर्खसम्म त राक्षसले पनि दाह्री पालेको र नेवार राजाले पनि दाह्री पालेको लामोलामो । राक्षसलाई फेरि तीन वर्खामा राक्षस आउँदा त दोल्खे राजा -मित) ले

दाह्री काटेको थियो । त्यो देखेपछि मितलाई किन दाह्री काटेको भनेर सोध्यो । उता नेवार राजाको दाउ कसरी यो राक्षसलाई मारुँ भन्ने थियो । त्यसैले दाह्रीमा जुम्रा परेर लिाएको हुनाले दाह्री काटेको भन्यो । त्यसपछि राक्षसले मेरो पनि चामचुम्रा छ चिलाएको छ भन्यो । राजाले पनि षड्यन्त्र गरी मार्ने विचार गऱ्यो । राक्षसको दाह्री काट्ने क्रममा राक्षसलाई माऱ्यो र राक्षसको टाउको गएर देवीकोटमा झुण्डियो । त्यहाँ रागो पूजा गरिन्छ । त्यहाँको रागो थामीले काट्छ । त्यसैबेला देखि दोल्खे नेवार राजाले बाला चतुर्दशीका दिन राक्षसको नाममा सद्विउ छर्ने चलन चलाए रे ।

सुन्नेलाई सुनको माला ..........................

**बज्रसिंह लामा**

**भी.न.पा. -१**

### ४.११.२ 'बाला चतुर्दशी कथाको' विश्लेषण

**क) कथानक**

यस कथामा तामाकोशी पारि मार्बु भन्ने ठाउँका सबै मानिसलाई मारेर खाई राक्षसका राजा दोलखामा आएको घटनाबाट कथा प्रारम्भ भएको छ । राक्षसले आफ्नो देशका जनतालाई पनि मार्छ भन्ने लागेर दोल्खे राजाले बेलैमा बुद्धि पुऱ्याएर राक्षससँग मित लगाए । अनि तीन/तीन वर्षमा आउँदा दुवैले दाह्री पाल्ने सम्झौता गरी पठाए । अर्को चोटी राक्षस आउँदा राजाले दाह्री काटेको हुन्छ । राक्षसले किन दाह्री काट्यौत मितज्यू ! भनेर सोध्दा राजाले जुम्रा परेर दाह्री काटेको हुँ भन्नु । त्यसै समयमा राक्षसमा राक्षसले पनि मेरो पनि दाह्रीमा जुम्रा परेको छ भन्नु र राजाले राक्षसको दाह्री काट्ने निहुँमा राक्षसलाई मार्न सफल भएको कथा यहाँ  चित्रण गरिएको छ । जसले गर्दा काटिएको टाउको देवीोटमा गएर झुण्डिन्छ । त्यस राक्षसको टाउकोबाट पछि अनिष्ठ हुन्छ भनेर राजाले थामीलाई त्रिपुरासुन्दरीमा राँगाको वली दिन लगाउँछन् त्यसै राक्षसको मृत्युको सम्झनामा वालाचतुर्दशीका दिन सद्विउ छर्ने चलन चलाए रे बाट कथाको अन्त्य भएको छ ।

**ख) पात्र**

'बाला चतुर्दशी, कथामा मानव पात्र दोल्खे राजा र मानवेत्तर पात्र राक्षस रहेका छन् । राजाले एउटा राक्षसलाई मारेर आफ्नो जनताहरूको सुरक्षा गर्न सफल चतुर प्रमुख हुन् । त्यसैले राजा सत् र गतिशील पात्र हुन् । राक्षस नरभंक्षी भएको असत् चरित्रले आफ्नै

मितज्युको हातबाट मृत्युवरण गरेको स्थिर चरित्र हो । यी दुवै पात्रको प्रयोगबाट कथा आकर्षक र रहस्यमूलक बन्न पुगेको छ ।

**ग) कथोपकथन**

प्रस्तुत कथा कथायिताले वर्णन गरेको हुँदा वर्णनात्मकता बढी पाउन सकिन्छ । तापनि राक्षस र राजाको बीचमा कही कतै थोरै कथोपकथन भेट्न सकिन्छ ।

राक्षस : किन दाह्री काटेका ?

राजा : दाह्रीमा जुम्रा परेर चिलाएको हुनाले काटेको ।

राक्षस : मेरो पनि चामचुम्रो छ चिलाएको छ ।

यसरी राजा र राक्षसका बीचको कथोपकथन प्रस्तुत कथामा प्रयोग भएको छ ।

**घ) परिवेश**

'बालाचतुर्दशी कथा'को परिवेश दोलखा जिल्लाको मार्बु तामाकोशी, चरङ्गेखोला, थाङ्सा र दोलखा शहरको पाखतली पोखरीको चित्रण रहेको छ । राक्षसको टाउको देवी कोटमा झुण्डिएकोले प्रसङ्गले त्रिपुरासुन्दरी देवीको मन्दिरको पनि चित्रणमा आउँछ कथामा लौकिक परिवेशको चित्रण छ । यसरी यस परिवेशको चित्रणले स्थानीय भूगोलको चित्रण गरेको पाइन्छ ।

**ङ) उद्देश्य**

'बालाचतुर्दशी' कथा मुख्य त मनोरञ्जनको रूपमा लिइन्छ । कथामा राक्षसको बध गरिएकोले असत्य माथि सत्यको विजय भएको छ । यो एउटा मिथक हो । देवीलाई राँगाको बलिदिने परम्पराको चित्रण कथामा आउँछ । राक्षसको सम्मान तथा उसको मुक्तिका निम्ति शतबीज छर्ने परम्पराको थालनीको चित्रण गरिएको छ ।

**च) भाषा**

यस कथामा राक्षस र राजाबीच मानक भाषामा कुराकानी भएको छ । भाषा सबैले बुझ्न सक्ने सरल र सहज रहेको छ ।

**छ) शैली**

प्रस्तुत कथाको शैली वर्णनात्मक छ । कथानक वर्णनमा नै अघि बढेको छ । स्वाभाविक शैलीले रोमाञ्चकारी बनेको छ ।

प्रस्तुत कथा राजा र राक्षस अथवा सत् र असत् बीचमा सत्को विजय भएको घटनाक्रममा कथानक बुनिएको छ । मानव र दानव दुई चरित्र मात्र कथामा रहेका छन् ।

राक्षसको सम्मान तथा मुक्तिको निम्ति शत्बीज छर्ने परम्पराको थालनीसँगै मनोरञ्जन प्रदान गर्नु यस कथाको उद्देश्य रहेको छ । कथामा वर्णित विभिन्न ठाउँले लौकिक परिवेशको झल्को दिन्छ । कथा वर्णनात्मक शैलीमा भएपनि राजा र राक्षस बीचको कथोपकथन कथामा पाउन सकिन्छ । सरल भाषा र कथोकथनात्मक शैलीले कथा सहजै बुझ्न सकिन्छ ।

## ४.१२ परिचय

'महान को ?' कथा दोलखा जिल्लाको सुष्पा क्षमावती गा.वि.स.मा प्रचलित लोक कथा हो । यस कथाम सत्यवादीको सत्यता, दानवीरको दानप्रियता र वीर पुरुषको वीरत्वले गर्दा तीनै जना भोकै बस्नु परेको घटनामा कथानक बुनिएको छ । यो रहस्य मूलक कथा हो ।

### ४.१२.१ **महान को** ? कथाको मूल पाठ

तीन जना वीर महापुरुषहरू यात्रा गर्दै जादा सितलपाटी भन्ने ठाउँमा बास परेछ रे । ती ३ जना महापुरुषहरू पार्टीको वरिपरि भिन्न खोजमेल गरी आगो बालेर आगो ताप्दै गफगाफ गर्न लागेछन् रे । ती ३ जना मध्ये एकजना सत्यकोटका सत्यवादी रहेछन् । अर्का दानपुरका दानवीर रहेछन् र अर्को बालकोटका बलवीर रहेछन् । उनीहरू सबैले गफगाफको क्रममा आफ्नो सानदार परिचय दिए । सबैले आ-आफ्नो महानता र मपाईत्व प्रस्तुत गरे । सत्यकोटका सत्यवादीले भने उनका बुबाले ठूलो गाइगोठ पालेका थिए । हजारौँ गाइहरू गोठमा हुन्थे । काम गर्ने थुप्रै गोठालाहरू पालेका थिए । दुध, दही, महीको छेलोखेलो हुन्थ्यो । मोहीको पोखरी जमेको हुन्थ्यो । घुमन्ते फिरन्ते मगन्तेहरूले इच्छा अनुहार रस खान्थे र लान्थे । वर्षमा एकपटक पुराण लगाइन्थ्यो । हजारौँ ब्राहमणहरूलाई गाइदान, भुमिदान, वस्त्रदान गरिन्थ्यो । गाउँभरका कन्याकेटी, दु:खी गरिबलाई खाना र बस्त्र दिई सन्तुष्ट पारिन्थ्यो । औशी पूर्णे जस्ता दिन बाहेक बाह्रै महिना १०० हल गोरु चल्दथे । हजारौँ हजार मुरी अन्न उत्पादन हुन्थ्यो । आवश्यक परे मेरा बाजेको अन्नले कोशी पनि थुन्ने क्षमता थियो । त्यो क्षमता हाम्रो खानदानमा अहिले पनि छ र दान ताप र ध्यानमा हाम्रो परिवार अझै नामी छ । जीवनमा मैले कहिल्यै झुटो बोलेको छैन गाउँमा मलाई सत्यकोटका सत्यवादी भनेर चिन्दछन् । परिचय दिँदै दानकोटका दानवीरले भने आफ्नो बाबु बाजे सारा दान गर्दागर्दै जीवनलाई सफल गरेको र उसका बाबु बाजे सबै स्वर्गमा राजा भएको कुरा बतायो । हाम्रो दानकै प्रभावले गर्दा जतिदान गरे पनि कहिल्यै कङ्गाल र मागी खाने् नबनेको तथा झन धनी र महान् बन्दै आएको कुरा बताए । अझै पनि मेरो दानकोटमा दानवीर

भनेर सबैले चिन्दछन् । यति भनी दानवीरले आफ्नो परिचय दियो । तेस्रो भलाद्मीले आफूलाई परिचय दिदै भन्यो । मेरो हजुर बुबा भोटबाट तीनमुरी नुन बोक्दथे, हात्ती घोडालाई सजिलै समातेर लडाउँदै, वर पिपलका विशाल वृक्षलाई उखेलेर काँधमा राखी नचाउँथे । बाघ, भालु जस्ता जनावरहरूसँग खुल्ला हातले लडाइ गर्दथे । त्यो क्षमता ममा पनि अझै कायम छ भनी उसले आफ्नो परिचय दियो । सबैले सबैको परिचय पाए र तीन जनाले तीनै जनाको कुरालाई स्वीकार गरे ।

परिचय पछि सबैजना मिली एउटै चुल्होमा खाना पकाइ खाने सल्लाह गरे र कामको विभाजन गरे । खाना पकाउने काम सत्यवीरलाई, दाउरा खोज्ने बलवीर र पानी ल्याउने काम दानवीरलाई पऱ्यो । सत्यवीरले चामल र तरकारी केलाउने काम गऱ्यो । साँझको बेला थियो बलवीर दाउरा खोज्न निस्क्यो स्यालहरू एकपछि अर्को गरी कराए । डरले दाउरा नै नखोजी हस्याङ र फस्याङ गर्दै वलवीर पाटीमा फर्क्यो । त्यस्तै दानवीरले २ कोश टाढाबाट पानीलिएर आउँदै गरेको बेलामा बाटोमा एउटा विरामी फेला पऱ्यो । डोकोमा बोकोको विरामी पानी पानी भनी कराइरहेको थियो । विरामी बोक्ने भरियाले ए हजुर एक अंजुली पानी यो विरामीलाई दिनु भए धर्म हुने थियो भनी अंजुली अगाडी बढाउँदा दुइकोश टाढादेखि ल्याएको पानी दिन सक्दिन । तिर्खा लाग्नेले आफैले ल्याउनुपर्छ, भनी फटाफट अगाडी बढ्यो । पाटीमा पुग्न मात्र के लागेको थियो केराको बोक्रामा चिप्लिएर दानवीर लड्यो र पानी सबै पोखियो । रित्तो कसौंडी बोकेर दानवीर पाटीमा पुग्यो । सत्यवीरले चाँही दाल, चामल चोरेर साथीहरूको ढाकरबाट आफ्नो ढाकरमा हालीसकेको थियो । यसरी सत्यवादी सत्यता दानवीरको दानप्रियता र वीर पुरुषको वीरत्वले गर्दा त्यो रात उनीहरू भौकै बस्नुपऱ्यो । अब भनौं तीन जना भलाद्मी महान को ?

सुन्नेलाई सुनको ...................................... **सरस्वती वली**

**क्षमावती**

### ४.१२.२ महान को ? कथाको विश्लेषण

**क) कथानक**

'महान को ?' कथामा सत्यकोटमा सत्यवीर, दानकोटका दानवीर र बालकोटका बलवीर तीन जना यात्राका क्रममा सित्तल पाटीमा भेट भएको घटनाबाट कथाको उठान भएको छ । यी तीनै व्यक्तित्व परिचयका क्रममा आ-आफ्नो महानता र मपाईत्व प्रस्तुत

गरेर सानदार परिचय दिएका छन् । सत्यकोटका सत्यवादीले आफ्नो बुबाले थुप्रै गाईवस्तु पालेको दूध दही महीको छेलोखेलो भई मोहीको पोखरी जमेको हुँदा बटुवा र फिरन्तेले र मगन्तेले इच्छा अनुसार खाने गरेको, वर्षमा पुराण लगाउँदा हजारौँ गाई दान, वस्त्र दान, भूमिदान गरेको, वर्षमा १०० हल गोरु चलाई प्रशस्त अन्न फलाउने भएकोले बाजेले कोशीसम्म थुनेको गफ लगायो । आफ्नो खानदानमा नामी भएको र आफूले कहिल्यै पनि झुटो नबोलेकोले सबैले सत्यवादी भनेर चिन्नेर भरेपछि पनि बाबुबाजे स्वर्गमा राजा भएको कुरा बतायो । त्यस्तै दानकोटको दानवीरले पनि बाबु बाजेले प्रशस्त दान गरेकाले कङ्गाल र मागी खाने नभइ धनी भएको र स्वर्गमा पनि राजा भएको कुरा कह्यो भने तेश्रो भलाद्मीले पनि आफ्ना बाजेले भोटबाट तीनमुरी नुन बोक्थे, वर पीपलका रुख समेत उखेलेर काँधमा राखी नचाउँने, बाघ भालु जस्ता जनावरसँग पनि खुला हातले लडाइँ लड्थे भनी आफ्नो क्षमताको कुरा बलवीरले भन्यो । यसरी परिचयात्मक कुरा सकिएपछि सबैले मिली एउटै चुल्होमा खाना पकाइ खाने सल्लाह गरी कामको विभाजन गर्नु सम्म कथाको विकास भाग हो । कामको बाँडफाँडमा सत्यवीरको पकाउने काम, दानवीरको पानी ल्याउने र बलवीरको दाउरा खाज्ने थियो । सल्लाह बमोजिम दानवीरले पानी ल्याउँदै गर्दा बाटोमा बिरामीले डोकोमा पानी पानी भनेर कराइ एक अँजुली पानी माग्दा पनि नदिइ ल्याउँदा लडेर पोखिन्छ र रित्तै आउँछ । बलवीर दाउरा लिन जंगल जाँदा स्याल कराएको सुनी दाउरै नखोजी हस्याङ फस्याङ गर्दै फर्कियो र त्यस्तै सत्यवीरले चामल र दाल साथीहरूको ढाकरबाट चोरेर आफ्नो सत्यताको परिचय दियो । यसरी अन्तमा सत्यवादीको सत्यताले। दानवीरको दानप्रियताले बलवीरको वीरत्वले गर्दा रातभर भोकै बस्नु पऱ्यो र कथाको अन्त्यमा यी तीन मध्ये अबको भलाद्मी महान् को ? भनेर कथा टुङ्गिएको छ । यसरी कथामा तीन मध्ये महान को भन्ने पत्ता लाग्न सकेको छैन ।

**ख) पात्र**

'महानको' कथा तीन जना महान् पुरुषहरूको चरित्रमा केन्द्रित छ । सत्यवादी, दानवीर र बलवीर तीनै जनाको भूमिका समान रहेको छ , सबैपात्र असत् चरित्र भएका कारण कुनैमा पनि पविर्तन आउन नसकेकाले स्थिर पात्रका रूपमा लिन सकिन्छ । यी तीनैलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । गोठाला, बाजे, कन्याकेटी, भरिया बाघ र भालु प्रसङ्गमा आएका गौण पात्र हुन् ।

**ग) कथोपकथन**

'महानको' कथा कथयिताले वर्णनका रूपमा व्याख्या गरेको हुनाले कथोपकथन कही कतै भेटिन्दैन । कथोपकथन विनानै कथा पुष्ट भएको छ ।

**घ) उद्देश्य**

प्रस्तुत कथा मूलतः मनोरञ्जनकै लागि भनिन्छ तर यस कथामा भने तीनै जना छट्टु र मपाईत्वको कारणले व्यवहारमा भने सामान्य काम पनि गर्न सक्दैनन् । त्यसैले आफ्नो औकात भन्दा बढीको धाक लगाउने जीवनमा सफलता प्राप्त गर्न सक्दैन भन्ने नीति सन्देश दिन कथा सफल छ ।

**ङ) परिवेश**

प्रस्तुत कथामा महापुरुषहरूले यात्राका क्रममा भेटेको सित्तलपाटी बालकोट, दानकोट, सत्यकोट कोशी, जंगल, पँधेरा आदि परिवेशको वर्णन छ । बलवीरले आफ्नो हजुरबुबाले वर र पीपलका विशाल वृक्षलाई समेत उखेलेर काँधमा नचाउने र स्वर्गको राजा भएको प्रसङ्गले अलौकिक परिवेशको भान भएपनि कथा लौकिक परिवेश निर्मित छ ।

**च) भाषा**

महान को कथाको भाषा सबैले बुझ्ने सरल छ । कथा मानक भाषामा प्रस्तुत छ ।

**छ) शैली**

यस कथाको शैली वर्णनात्मक रहेको छ । कथ्यशैलीको प्रयोगले कथा रोचक र स्मरणीय बन्न पुगेको छ ।

प्रस्तुत कथा आफ्नो मपाईत्वको धाक लगाउने केही गर्न नसक्ने तीन चरित्रको बीचमा कथाको घटनाक्रम अघि बढेको छ । स्याल कराउँदा भाग्ने डरछेरुवा बलवीर, अर्काको ढाकरबाट चामलदाल चोर्ने सत्यवीर/सत्यवीर, विरामीले पानी पानी भनेर माग्दा पानी पनि नदिने दानवीर जस्ता तीनपात्रको संयोजनमा कथा बुनिएको छ । आफ्नो आफ्नो पौरुषत्व देखाउन नसकी भोकै रहेका वीर पुरुषहरूको कथाले भरपुर मनोरञ्जन प्रदान गर्दछ । कथा लौकिक परिवेशमा निर्मित छ । कथाको घटनाक्रम आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेकाले उत्कृष्ट छ । कथा कथयिताले वर्णन गरेको र मानक भाषा रहेकाले सबैले सहजै बुझ्न सकिन्छ । वर्णनात्मक शैलीले कथा रोचक बनेको छ ।

## ४.१३ परिचय

'आगोमा बोसो नहाल है' कथा दोलखा जिल्लाको भी.न.पा. किरातीछापमा प्रचलित लोककथा हो । यस कथामा टुहुरा भएका तीन सन्तानले जीवन गुजारा चलाउने क्रममा दाजुले भनेको बहिनीले नमान्दा राक्षसको आहार बनेकी तर दाजुले बचाउँन सफल भएको घटनामा आधारित कथावस्तु भएको कथा हो ।

### ४.१३.१ **आगोमा बोसो नहाल है** कथाको मूल पाठ

कुनै गाउँमा दुइजना बुढाबुढी बस्दथे उनीहरूका तीनजना छोरा र छोरी थिए । ति मध्ये दुइ छोरा र एक छोरी थिए । एक दिनको कुरा हो ती दुवै बुढाबुढी खोलामा माछा मार्न गएका थिए । माछा मार्न लाग्दा दुवैलाई खोलाले बगाएर लग्यो । अब छोराछोरी टुहुरा भए । टुहुरा छोराछोरीहरूले दिनभरी अर्काको मेलापात गर्दै साँझको छाक टार्ने गर्दथे । दिनदिनै तिनैजना छोराछारी ठुलाठुला भए । दुइजना दाजुभाई सिकार खेल्न जान थाले सँधैभरी सिकार घरमा ल्याउँथे र बहिनीले शिकार पकाउँथिन् । एकदिन जेठो दाजुले बहिनीलाई भन्यो, 'बहिनी आगोमा बोसो नहाल है' बहिनीले हुन्छ भनिन् त्यस दिन पनि दुवै दाजु भाई शिकार खेल्न बनमा गए । बहिनीले आफ्नो दाजुले भनेको कुरा सम्झी राखेकी थिइन् र उनलाई आगोमा बोसो नहाल भनेको कुराले चसक्क घोचिरहेको थियो । उनले सोचिन् आगोमा बोसो हाल्दा के हुँदोरहेछ भनेर एक टुक्रा बोसो आगोमा हालिन् । एकछिनपछि बोसोले आगो निभ्यो । अब उनलाई आपत पऱ्यो किनभने साँझ पर्न लागेको थियो । वरपर नजिक घरहरू पनि थिएनन् । त्यसैले आगो कहाँबाट ल्याउने अनि अब आगो नभए खाना कसरी पकाउने ? दाजुहरू पनि घरमा आउने बेला भयो । भोकाएर आउनुहुन्छ होला भनेर पिर मान्न थालिन् ।

एकछिन्पछि उनले विचार गरिन्, घरबाट निस्कन्छु जहाँ आगो भेट्छु त्यहाँबाट आगो लिएर आउँछु । उनी घरबाट आगो लिन भनेर निस्किन् । जाँदा जाँदा निक्कै टाढा पुगिन् । त्याहाँ एउटा मात्र घर थियो, जुन घरमा राक्षसका बुढाबुढी बसोबास गरेका थिए । सोही घरमा उनी आगो माग्न पसिन् । उनी भित्र पस्दा एउटी बुढीले मकै भुट्न लागेकी रहिछे । त्यही बुढीसँग उनले भनिन् । 'बज्यै आगो पाईन्छ कि ?' मकै भुट्दै गरेकी बुढीले आज एक्कासी एउटी केटी घरमा आएको देखेर मनमनै विचार गरिन् । आज दैवले शिकार त घरमा नै पो ल्याईदियो, यस केटीलाई कसै गरेपनि छोड्नुहुन्न । बुढी असाध्यै खुसी भईन् र भनिन्, 'नानी आगो त पाईन्छ तर तिमी एक्कैछिन् बस् म तिम्रो बाजेलाई भोक लागेको

होला मकै पुऱ्याउन तल खेतमा जान्छु, त्यहाँ उनी खेत जोत्न लागेका छन् ।' नानीले हुन्छ भनिन् ।

बुढीले बुढालाई खाजा पुऱ्याउन भनेर हिडिन् । बुढीले बुढालाई खाजा दिईन् र भनिन, 'हेर न बुढा आज दैवले गर्दा हाम्रो घरमा एउटा केटी आगो माग्न आएकी छे, उसलाई मैले एकैछिन यही बसिराख है भनेर आएकी छु । लौन बुढा ! त्यसलाई छोड्नु हुन्न ।' बुढो पनि खान लागेको मकै पनि पोल्टामा हालेर दुवैजना घरतर्फ हिँडे । बुढाबुढी आउँदा पनि उ त्यहीँ बसिराखेकी  रहिछ । बुढिले उनलाई मकै खान दिईन् । आगो पनि दिईन् र भनिन्, 'नानी एक गेडो मुखमा हाल अर्को गेडो खसाल यसैगरी तिम्रो घरसम्म गर्दै जाउ ।' नानीले हुन्छ भनिन् र बुढीले भने जस्तै एउटा गेडो खाँदै अर्को गेडो खसाल्दै घरमा पुगिन् । घरमा गईसकेर नानीले आगो बालिन् र खाना पकाइन् । त्यसैबेला राक्षस बुढो नानीले खसालेको मकैको गेडाको चिन्ह हेर्दै उनको घरमा गयो । उता नानी भने यत्तिका बेला भईसक्यो दाजुहरू किन नआउनुभएको होला भनि त्यसैको बारेमा सोचेर बसेकी थिइन् । त्यसैबेला उनको घरको ढोका एक्कासी बन्द भयो । उनलाई डर लाग्यो । बाहिरबाट लोग्नेमान्छेको डरलाग्दो आवाज उनको कानमा पऱ्यो । 'तेरो सुनको ढोका उघार् भनेर तीनपटकसम्म यस्तै शब्द भित्र आईनैरह्यो । तर उनले ढोका खोलिनन् । बुढो आफैँले ढोका जोडले हिर्काएर भित्र पस्यो र नानीलाई आफ्ना राक्षसी हातले विस्तारै समात्यो र आफ्नो ओडारजत्रो मुखमा राखी विस्तारै नचपाई निल्यो र त्यही घरको अँध्यारो कुनामा लुक्यो ।

एकछिनमा दुईजना दाजुहरू पनि आए, 'बहिनी खाना पाक्यो भन्दै भित्र पसे तर बहिनीलाई यताउता नदेख्दा छक्क परे । भित्र अँध्यारो कुनामा राक्षस बुढोलाई देखे । दाजुहरूले सोचेकी पक्कै पनि हाम्री बहिनीलाई यसले नै खाएको हुनुपर्छ । त्यस बुढोलाई त्यहीँ मारे । राक्षसको पेट चिरेर हेर्दा बहिनी त जिउँदै रहिछिन् । दाजुहरूले बहिनीको यस्तो हालत देखेर सोधे बहिनी यस्तो कसरी हुन गयो ? के तिमीले आगोमा बोसो हाल्यौ ? अनि राक्षसको घरमा आगो लिन गयौ । दाजुका यस्ता कुरा सुनेर बहिनीले टाउको निहुऱ्याईरहिन् । र माफ माग्दै दाजु अबदेखी म कहिल्यै पनि आगोमा बोसो हाल्दिन है । अबदेखी दाजुको बचन मान्ने कसम खाँदै सबैजना मिलेर बसे ।

सुन्नेलाई ............. **तिलक ब. दाहाल मिर्गे-७, मजुवा**

### ४.१३.२ 'आगोमा बोसो नहाल है' कथाको विश्लेषण

**क) कथानक**

प्रस्तुत कथाको उठान बाबुआमालाई खोलाले बगाएपछि टुहुरा बनेका तीन छोराछोरीको दिनचर्या बित्ने क्रममा दाजुभाइ सिकार खेल्न जाने र बहिनीले भान्छाको काम गर्ने घटनाबाट भएको छ । दाजुले बहिनीलाई आगोमा बोसो नहाल भनेबाट त्यही कुरा उनको मनमा रहिरहनु र एकदिन आगोमा बोसो हाल्दा के हुन्छ भनेर बोसो हाल्दा आगो निभ्नु कथाको प्रारम्भ भाग हो । आगो निभेपछि बहिनी आगोको खोजीमा निस्कनु, हिड्दै जाँदा टाढा एक राक्षस बुढाबुढीको घरमा पुगेर आगो माग्नु, मकै भुटिरहेकी बुढी एक्कासि केटी देखेर मनमनै हर्षित हुँदै आज दैवले सिकार घरमै ल्यायो भनी त्यस केटीलाई नछोड्ने विचार गरी त्यसलाई त्यहीँ राखी खेतमा गई बुढालाई भनी सँगै घर आउनु र केटीलाई आगो दिइ मकै पनि दिएर बाटोमा १ गेडा खसाल्दै मुखमा हाल भन्दै दिनु र केटीले पनि राक्षसले भने बमोजिम गर्दै जानु घटनासम्म पुग्दा कथाको मध्य भाग हुन्छ । मकै खसालेको बाटो पहिल्याउँदै गई केटीको घर पुग्नु ढोका खोल भन्दा नखोलेकीले आफैँ ढोका फोरी भित्र पसेर त्यस केटीलाई सुरसाको मुख वाइ निल्नु र त्यही घरको कुनामा लुकेर बस्छ । दाजुहरू आइ बहिनीलाई खोज्दा देख्दैनन् र बुढो राक्षसलाई देखी यसैले बहिनीलाई खायो भनी बुढोलाई मारेर पेट चिरी बहिनीलाई जिउँदै उद्धार गर्नु र सबै सोधखोज गरी सबै कुरा पत्ता लगाउनु, बहिनीले पनि अब कहिल्यै आगोमा बोसो हाल्दिन भनी माफी मागेर कथाको अन्त्य भएको छ । यसरी बहिनी पनि आगोमा बोसो हाल्दाको परिणाम थाहा पाई पश्चात्तापमा जलेकी छिन् ।

**ख) पात्र**

'आगोमा बोसो नहाल है' कथाको मुख्य पात्रको रूपमा बहिनी, सहायक पात्रमा दाजुहरू खलपात्रको रूपमा राक्षसका बुढाबुढी र गौण पात्रमा बुढाबुढी रहेका छन् । मानव र मानवेत्तर पात्रको संयोजनमा कथाको निर्माण भएको छ ।

**अ) बहिनी**

प्रस्तुत कथाकी बहिनी आमाबाबुको मृत्युपछि टुहुरी बनेकी तर दाजुहरूको संरक्षणमा रहेकी केन्द्रीय पात्र हो । सरल स्वभावकी दाजुले नगर भनेको कुरा गर्दा के हुन्छ भनेर आगोमा बोसो हाल्दा राक्षसको पेट भित्र पुगेकी र पनि बाँच्न सफल पात्र हो । पछि

उनी आफै पश्चात्तापमा जली कहिल्यै पनि आगोमा बोसो नहाल्ने बाचा बाँधेकी यस कथामा गतिशील पात्रको रूपमा बहिनीलाई लिन सकिन्छ ।

**आ) राक्षसका बुढाबुढी**

यस कथाको मानवेत्तर पात्रको रूपमा राक्षसका बुढाबुढी आएका छन् । आफ्नो घरमा दैवले ल्याएको सिकार खान सफल राक्षस बुढो खाएर पनि आफ्नो इहलीला समाप्त भएको स्थिर पात्र हो । राक्षस बुढोलाई असत् चरित्रको रूपमा लिन सकिन्छ ।

**इ) दाजुहरू**

'आगोमा बोसो नहालहै' कथाको सहायक मानव पात्रका रूपमा दाजुहरू आएका छन् । आफ्नी बहिनीलाई अर्ती उपदेश दिने सत् चरित्रका व्यक्तित्व हुन् । राक्षसले निलेको आफ्नी बहिनी दुष्टलाई मारेर बचाउन सफल भएको गतिशील र विवेकी पात्रको रूपमा लिन सकिन्छ ।

यसरी यस कथाम यी विविध पात्रको समायोजनबाट कथाको घटनाक्रम अघि बढेको छ ।

**ग) कथोपकथन**

'आगोमा बोसो नहालहै' कथा कथयिताले वर्णन गरे तापनि कथोपकथात्मक रूपमा पनि अघि बढेको छ । कथोपकथनले पनि कथामा रोचकता थपेको छ । मानव र राक्षसबीचमा कथोपकथन भएको छ ।

बहिनी : बज्यै आगो पाइन्छ कि ?

राक्षसबुढी : नानी आगोत पाइन्छ तर तिमी एकैछिन बस् म तिम्रो बाजेलाई भोक लागेको होला मकै पुऱ्याउन तल खेतमा जान्छु त्यहाँ उनी खेत जोत्न लागेका छन् ।

राक्षसबुढी : हेर न बुढा ! आजदैवले गर्दा हाम्रोघरमा एउटी केटी आगो माग्न आएकी छे, उसलाई मैले एकैछिन यही बसि राख्दै भनेर आएकी छु लौन बुढा । त्यसलाई छोड्नु हुन्न ।

यसरी विभिन्न पात्रबीच कथोपकथन भएको छ ।

**घ) उद्देश्य**

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नु रहेको छ । अर्ती नमान्दा दुःख पाउनु पर्ने यथास्थितिको चित्रण गरिएको छ । उपदेश दिन सफल यस कथाको प्रस्तुति रोचक ढंगबाट गरिएको छ ।

**ङ) परिवेश**

प्रस्तुत कथामा कुनै गाउँ, खोला जंगल खेत आदिको वर्णन छ । राक्षसले केटीलाई नचपाइ निलेको र पछि दाजुले राक्षसलाई मारी पेट चिरेर बैनीको उद्धार गरेको छ । यस कथाको परिवेश लौकिक नै रहेको छ ।

**च) भाषा**

प्रस्तुत कथाको भाषा मानक रहेको छ । क्लिष्ठ नभई सरल रहेकाले सबैले बुझ्ने खालको भाषाको प्रयोग गरिएको छ । 'ओदार जत्रो मुख' भन्ने शब्द कथामा प्रयोग भएको छ ।

**छ) शैली**

प्रस्तुत कथाको शैली वर्णनात्मक ढंगबाट प्रस्तुत भएको छ । तापनि कही कही पात्रहरू बीचमा कथोपकथन शैली पनि रहेको छ ।

प्रस्तुत कथामा आगोमा बोसो हाल्दा राक्षसको मुखमा परेकी बहिनीलाई दाजुले बचाउन सफल घटनामा कथानक बुनिएको छ । दुई दाजुहरू बहिनी र राक्षसका बुढाबुढी मानव र मानवेत्तर पात्रका बीचमा कथाको संयोजन गरिएको छ । यस कथामा बहिनी र राक्षसका बुढाबुढी बीचमा कथोपकथन पाउन सकिन्छ । दाजुले भनेको नमान्दा दुःख पाएको यथार्थको चित्रण कथामा पाइन्छ । यस कथाले पाठक/श्रोतालाई मनोरञ्जन प्रदान गर्न कथा सफल छ । जंगल, गाउँ, खोला विभिन्न ठाउँको वर्णन छ । कथा लौकिक परिवेशमा निर्मित छ । कथाको भाषाशैली वर्णनात्मक ढंगबाट प्रस्तुत भएकाले सरल सहज तरिकाले बुझ्न सकिने खालको छ । कथोपकथनले पनि कथामा रोचकता थपेको छ ।

## ४.१४ परिचय

'पुनर्जीवित महिला' कथा दोलखाको मेलुङ गा.वि.स. मा प्रचलित लोककथा हो । यस कथामा परिवारका सबै सदस्यले आफूलाई मूली ठान्ने र आफूखुसी निर्णय गर्ने प्रवृत्ति भएको घटना व्यक्तिका जीवनमा आउने घटनालाई कथानकमा बुनिएको छ ।

### ४.१४.१ **पुनर्जीवित महिला** कथाको मूल पाठ

कुनै एक समयमा खोलाको किनारामा एउटा सानो घर थियो । त्यस घरमा करिब ७० वर्ष जतिको ढाड छुने गरी टुप्पी पालेको पण्डित ५० वर्षे श्रीमती साथ एउटा युवक छोराको सहारामा बाँचेका थिए । उनको एउटा उमेरले मस्त भएकी छोरी थिइन । "सिनो भएको ठाउँमा गिद्ध घुम्छ" भन्ने उखान चरितार्थ नभएकोले सबै चिन्ताले आधी मासु भएका थिए तर त्यस परिवारमा एकाएक आफूलाई नै मूली  मान्ने गर्दथे निर्णय आफैँखुसी दिन्थे उनीहरको मनमा पहिला कन्यार्थ गर्न आउने देउता सरह हुन्छ भन्ने गर्दथे तर दायाँबायाँ गएर केटा खोजेर ल्याउने असमर्थ थिए । भुतको आहारा दैवले पुऱ्याउँछ भनेझैँ एक दिनको कुरो हो त्यस घरमा होचोहोचो कालो-कालो सिल्लिक केटो केटी माग्न भनेर घरमा गई उत्तरतिरको साइत भएको मोहडा उतैतिर फर्काएर कुरा राखे । कुरो सुन्नासाथ बुढाको आङ घामलागे जस्तो भयो र छोरी दिन स्वीकारे बुढाले विवाहको मिति तोकी दिए र अठोट पत्र लगाएर असार १५ गते आउन आग्रह गरे ।

छोरीलाई अर्काको जिम्मा लगाई पितृऋणबाट मुक्तिको आशा राख्ने बुढाको भुइमा गोडा थिएन । बुढाले अरुसँग सल्लाह नगरी विवाहको सरसामान ठिक गरिरहेका थिए ।

"कहिले भने माथै माथ कहिले भने पुरपुरोमा हात" झैँ कान्छीलाई माग्न फेरि अर्को मान्छे आयो र दाजुसँग भेट गऱ्यो । दाजुले पनि खुशी भई बहिनीलाई विवाहको ठुलो तयारी बिना नै टिको टालो गरेर दिने किनकि समय छोटो छ भने र केटालाई जानकारी गराए र आफू आनन्दसँग बस्ने निर्णय गऱ्यो । केटोले विवाहको मिति तोक्न आग्रह गर्दा असारको १५ गते तोकी पठाए तर अरुसँग कुरा गरेनन् । दाजु विवाहको तयारीमा आफ्नै ठाउँमा लागे ।

असारको १२ गतेको कुरा हो । एक दिन राम्रो लायकको युवक एकजना पाको मान्छे लिएर घरमा प्रवेश गऱ्यो । त्यति बेला बाउ छोरा । छुट्टाछुट्टै विवाहको तयारीको लागि बाहिर गएका थिए । पाको मान्छेले अलिअलि हाँस्दै "हैन हजुर ! दूध माग्न आउने ढुंग्रो लुकाउन गर्नु हुँदैन भनेर पहिला-पहिला भन्थे, त्यसैले हजुर म मेरो यो छोराको बन्धन हजुरको

छोरीसँग गाँसौ भनेर आएको, केटो यही हो हजुर कस्तो लाग्छ ? के विचार छ ? भनी प्रस्ताव राखेछन् बूढीले धनुबाट वाण निक्ले झैँ हाँसो र आँसुको सङ्गम गराई हजुर माग्ने जात माग्नु भयो, के भयो र ? छोरा र बुढा घरमा भएको भए अहिले नै टुङ्गो गर्थे तर के गर्नु ? अहिले घरमा कोही छैन भनेर उनीले आफ्नो मानसाय देखाइन् । केहीबेर गम खाएर भो.... फेरि पहिला माग्न आउनेलाई मैले पठाएँ भने छोरीले नाकै काटी दिने हो किन भन्ने ठानेर छोरीलाई उनी लुसुक्क उठेर माथिल्लो तलामा गइन् र सोधिन् । "बाबु हामी स्त्री जाति जति गरे पनि आखिर विवाह नगरी हुँदोरहेनछ । त्यसैले मलाई अहिले तँलाई माग्न आएको केटो मन पऱ्यो । तैँले त मैले भनेको मान्नै पर्छ नि तर हेर बाबै बुबा दाजु छैनन एक चोटी त सोध्नै पर्छ भनी छोरीसँग आफ्नो कुरा राखिन् र आएर ती कन्यार्थ गर्न बसेका लमीलाई ठीकै छ, म छोरी दिन्छु तर कसम भनेर सोध्दा म ब्राह्मण हजुर भनेर जवाफ पाइन् । उनको मनमा वर्षाको भेल झैँ छचल्किन लाग्यो र सोधिन "कति दाजु भाइ छन् ? गाई वस्तु कति छन् ? खेतीपाती कति छ ?" भनेर सोध्दा घर सम्पन्न भएको थाहा भएपछि अठोट पत्र स्वीकारी लगन उनले असार १५ गते कुम्ले विवाह गर्ने निधो दिई आगन्तुकलाई विदा गरिन् र उनले तीन दिनमा छोराको अनुपस्थितिमा विवाहको तयारी गरिन् ।

१४ गतेको कुरा हो, बाबु छोरा र आमाले विवाहको लागि छुट्टाछुट्टै तयारी गरी सकेका थिए र एक आपसमा कुरा गर्न लागे । "भोली विवाह छ, सबै तयारीमा बसौँ" यति भनेपछि छोराको मनमा परेछ ए " कसरी थाहा भएछ मैले त भनेको थिइन ।"त्यस्तै बुढाले सोचेछन्, "ल ! मैले यिनीहरूलाई कुरा गरेको पनि थिइन भनी अचम्म मानेछन् र अन्त्यमा, बुढीलाई पनि मैले नभनी यी बुढा र छोराले कसरी थाहा पाएछन् भन्ने आश्चर्य लागेछ । कुराको रहस्य अझै पनि खुल्न सकेको थिएन । उज्यालो भयो, सबैले समान एकै ठाउँमा जम्मा गरेको थिए र धेरै समान जुटेकोमा खुशी भएका थिए । लगनको समय आउन लाग्यो । कान्छी सिंगारिएर ठिक्क परेकी थिई । १५ जनाको लर्को घरमा आई पुग्न लागेको देखे पछि यी बाटो विराएर किन हाम्रो घरमा आए, यो त मैले दिएको केटो छैन, भनी छोरा र बुढा दङ्ग परेछन् तर त्यति नै खेरि फेरि अर्को विवाह लिएर त्यही घरमा आए । लौ यी किन आएका होलान् ? भनी बुढी र छोरा दङ्ग परेछन्, तर बुढा खुशी भएछन् र आसन देखाएछन् एकछिन पछि फेरि अर्को विवाह आएछ । त्यो देखेर बुढा र बुढी दुई लर्कन विहे कहाँ लाने रहेछन् भनेर सोच्दा सोच्दै त्यही जग्गेमा आएर बसेछन् । अब बल्ल पो भेद खुलेछ । तीन जनाले एउटी कान्छी तीन जना केटालाई सोही दिन लगन ठहऱ्याई दिएको ।

अब वित्यास पऱ्यो । कसलाई फर्काउने ? सबै टुङ्गो गरेर मात्र आएका अब के गर्ने ? सबै दङ्ग परेछन् र गाउँका भलाद्मी जम्मा गरी कुरा राखेछन् । अन्त्यमा भलाद्मीहरूले पाण्डव विवाह गरिदिने निधो गरे अनि यज्ञ कर्ममा तीन जना केटा राखी कान्छीलाई संयुक्त रूपमा सुम्पेछन् । अब तीनजना केटालाई पनि अप्ठ्यारो परेछ कसले घरमा लाने भनी उनीहरू विवाद गर्न लागेछन् । यत्तिकैमा ती निरिह कान्छीको अपशोच मृत्यु भएछ । सबै त्रसित भएछन् आउने जन्तीहरूले दाहसंस्कार गर्न ठिक परे र दाहसंस्कार गर्न लाग्दा एकजना दुलहा उनीसँगै सती गएछन् । अर्को जना पुनर्जीवित गराउन गुरु खोज्न गएछन् । बाँकी एकजना त्यही बसेछन् । केही समयपछि सञ्जिवनी बुटी लिएर ती एकजना दुलहा आउँदा चिता बनाएको ठाउँमा दुइवटा बाँसका मुना फेला पारेछन् । जहाँ अर्को एकजना त्यही बसिरहेका थिए । त्यो सञ्जिवनी जल त्यहाँ छर्कदा बाँसको मुनाबाट दुवैजना पुनर्जीवित भएर फेरि ४ जना भए । अब समस्या पुनः जन्मियो । कसले घरमा लगेर श्रीमती बनाउने ? पञ्चहरूको उपस्थिति गराई कसले कान्छीलाई श्रीमती बनाउने भन्दा कसैले बुटी ल्याउनेलाई सुम्पने तर्क निकाले कसैले रुँगी रहेको व्यक्तिलाई सुम्पने तर्क त कसैले सँगै सती जानेलाई दिनुपर्ने मत दिए । अन्त्यमा, धेरे बेर छलफल र बहस गर्दा सती जाने पुनर्जीवित गराउने हुँदा दाजु बहिनी भएर जन्मिए सञ्जिवनी ल्याएर पुनर्जीवित बुबा भयो र जो त्यही रुँगी रहेको थियो त्यसैले नै कान्छीलाई विवाह गरेर लैजाने निर्णय दिए । त्यसपछि त्यस कुराको बाँकी दुईजना केटाहरूलाई पनि चित्त बुझ्यो र बाबु र दाजु भई पुनः कान्छीलाई त्यस स्थानबाट अन्माई घर पठाई दिए ।

सुन्नेलाई .................. **बासुप्रसाद पौड्याला**

**मेलुङ, दोलखा**

### ४.१४.२ 'पुनर्जीवित महिला' कथाको विश्लेषण

**क) कथानक**

प्रस्तुत कथामा घरमा कान्छी चेली बाँकी रहेकीले आमा, बाबु र दाजुलाई त्यो पन्छाउन नपाएर आकुल भएको घटनाबाट अथाको प्रारम्भ भएको छ । भुतको आहारा दैवले जुराउँछ भने झैँ एकदिन छोरी माग्न केटो आउनु बुढाले छोरी दिन स्वीकारी अठोट पत्र लिएर असार पन्ध्र गते मिति तोक्छन् र विवाहको लागि सरजाम ठीक पार्न लाग्छन् । त्यस्तै कान्छीलाई माग्न अर्को मान्छे आउनु दाजुले आमाबाबुसँग सल्लाह नै नगरी कुरो छिन्नु र

बिहेको मिति असार पन्ध्र गते तोक्नु एवं रीतले बाह्र गते फेरि अर्को मान्छे आउनु , बाबुछोरा नभएकोले आमाले निर्णय गरेर छोरी दिनु फेरि पनि असार पन्ध्र गतेलाई विहेको ठहराउनु र बिहेको तयारीमा लाग्नु । यसरी सबैले आ-आफै निर्णय गरी तीन जनाले छुट्टा छुट्टै छोरी दिएकाले असार पन्ध्र गते तीन तिरबाट जनती लिएर दुलहा आउनु घटनासम्म कथाको मध्य भाग हो । आफू आफूले निर्णय गरी छोरी दिएकाले वित्यास पऱ्यो र सबै टुङ्गो गरेर सल्लाह गरी भलाद्मीहरूले पाण्डव विवाह गरिदिने निधो गरी यज्ञ कर्म गरी कान्छीलाई संयुक्त रूपमा सुम्पिनु र अन्तमा कसले दुलही घरमा लाने भनेर विवाद चल्नु त्यतिकैमा कान्छी छोरीमा अपशोचमा मृत्यु हुन्छ । जन्तीहरू दाहसंस्कार गर्न ठीक पर्छन् । एकजना दुलहासँगै सती जान तयार हुनु, अर्को सञ्जिवनी बुटी लिन जानु र अर्को चाहिँ सँगै कुरेर बस्नुमा चरमोत्कर्ष भाग हो । दुलही र सतीजाने दुलहा चितामा बासको मुना भएको हुनु, सञ्जिवनी जल छरेर बिउझाउनु र फेरि समस्या हुन्छ । धेरै बेरको छलफल र बहस गर्दा सतीजाने दाजु र पुनर्जीवित गराउने बुबा भयो भनी निर्णय गरेर रुँगेर बसेकोलाई कान्छी दिइ पठाए । यसरी बाबु र दाजु भइ पुनः कान्छीलाई अन्माइ घर पठाइ दिएसँगै कथाको अन्त्य भएको छ ।

**ख) पात्र**

'पुनर्जीवित महिला' कथामा बाबु आमा दाजु कान्छी एकै परिवारका सदस्य छन् भने विवाह गर्न आउने दुलहा सहायक पात्र र जन्तीहरू गौण पात्रमा आएका छन् । कान्छी केन्द्रीय चरित्र हो ।

**अ) कान्छी**

प्रस्तुत कथामा कान्छी प्रमुख नारी पात्र हो । सरल स्वभावकी कान्छीको विवाहका लागि आमा, बाबु र दाजुले छुट्टा छुट्टै दुलहालाई दिएकाले पाण्डव विवाह गर्न स्वीकार्ने नारी हो । अपशोच मृत्युको कारण सञ्जिवनी जलले जीवित बनेकी गतिशील चरित्र हो ।

**आ) बाबुआमा छोरा**

प्रस्तुत कथाको सहायक पात्र हुन् । बहिनी/छारीलाई आफै निर्णय गरी छुट्टा छुट्टै विवाहको टुङ्गो लगाई विवाहको मिति तोक्ने पात्रहरू हुन् । आफू आफूमा ठूलो भएको महशुस गर्ने चरित्र हुन् । यिनीहरू गतिशील चरित्र हुन् । छोरीको घरबार भएको देख्न चाहने सत् पात्र हुन् । यसरी यस कथामा दुलहाको पनि भूमिका रहेको छ । एकजना सँगै सती गए भने अर्को बचाउँन सञ्जिवनी जल ल्याएर छर्किन सफल छ भने अर्को जना सँगै

रुँगेर बसेको छ। पञ्च, भलाद्मी जन्ती विभिन्न पात्रको संयोजनमा कथाको निर्माण भएको छ।

**ग) कथोपकथन**

प्रस्तुत कथा वर्णनात्मक शैलीमा अघि बढे तापनि कही कही भने कथोपकथनात्मकतालाई पनि अंगालिएको पाइन्छ। विभिन्न पात्र बीचमा कुराकानी भएको छ।

पाको मान्छे : हैन हजुर ! दूध माग्न आउने ढुङ्गो लुकाउने गर्नुहुँदैन भनेर पहिला पहिला भन्थे, त्यसैले हजुर म मेरो छोराको बन्धन हजुरको छोरीसँग गाँसौ भनेर आएको, केटो यही हो हजुर कस्तो लाग्छ ? के विचार छ ?

आमा : हजुर माग्नेजात माग्नु भयो के भयो र छोरा बुढाघरमा भएको भए अहिले नै टुङ्गो गर्थे तर के गर्नु। जस्ता कथोपकथन कथामा भेट्न सकिन्छ।

**घ) उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य अन्य कथा झैं मनोरञ्जन प्रदान गर्नु रहेको छ। सबैले आफू आफू ठूलो भन्ने प्रवृत्तिले नतिजा नराम्रो देखापर्छ भन्ने सन्देश दिएको छ साथै घरमा एक अर्का बीच सरसल्लाह नगरी आफू खुशी निर्णय गर्दा काम राम्रो बन्दैन भन्ने कुरालाई प्रस्तुत कथा मार्फत देखाउन खोजिएको छ।

**ङ) परिवेश**

प्रस्तुत कथाको परिवेश घर, बाटो, विवाह मण्डप, मसानघाटको चिता आदि रहेका छन्। दुलहीको अकस्मात मृत्यु भएपछि एकजना दुलहासँगै सती जानु ती दुवैलाई चितामा राखिसकेपछि बाँसको मुना भएर बस्नु पछि अर्को दुलहाले सञ्जिवनी जल छर्केपछि बिउँझनु जस्ता घटना क्रम हेर्दा अलौकिक परिवेश जस्तो लागे पनि कथा लौकिक परिवेशमा नै निर्मित छ।

**च) भाषा**

'पुनर्जीवित महिला' कथाको भाषा सरल रहेको छ। ठाउँ ठाउँमा उखानहरू पनि कथामा जोडिएका छन्। जस्तोः 'सिनो भएको ठाउँमा गिद्ध घुम्छ' 'कहिले भने माथै माथ कहिले भने पुर्पुरोमा हात' जस्ता उखानले कथाको भाषालाई तिखार्न मद्दत पुऱ्याएको छ।

### छ) शैली

प्रस्तुत कथाको शैली कथायिताले वर्णनात्मक रुपमा व्याख्या गरेकाले वर्णनात्मक शैलीको रहेको छ। कही कही कथोपकथनात्मक शैलीले कथा रोचक बनेको छ।

प्रस्तुत कथा आफू खुशी निर्णय गर्न सबै आफूनै ठूलो भन्ने भएको अहम्ता भएको व्यक्तिहरूको बीचमा घटनाक्रम अघि बढेको छ। परिवारमा घर सल्लाह नगरी कार्य गर्ने पात्रहरूको बीचमा कथाको समायोजना गरिएको छ। कथा वर्णनात्मक रूपमा अघि बढे तापनि कहीँ कही कथोपकथनात्मक शैलीले कथालाई थप पुष्टता थपेको छ। आफू खुशी गरेको कामले सफलता हात पार्न सकिदैन। परिवारमा सल्लाहका साथ अघिबढ्यो भने व्यवहारमा सहज हुन्छ भन्ने कुरा यस कथा मार्फत देखाउन खोजिएको छ। कथामा लौकिक परिवेशको चित्रण पाउन सकिन्छ। कथा श्रोतालाई मनोरञ्जन प्रदानगर्न सफल छ। सरल सहज सबैले बुझ्ने वर्णनात्मक भाषाशैलीले कथा ओतप्रोत छ।

### ४.१५ परिचय

'बुद्धिमानी बुहारी' कथा भीमेश्वर नगरपालिका-१ चरिकोटमा प्रचालित कथा हो। यस कथामा आफूले बुद्धि लगाउन नसक्ने छोरा केटीको उपदेशले बाबुले अहराएको काम फर्त्ते पार्न सफल भएको छ र त्यहीन् केटी बिहे गरेपछि बुहारीको जादुपन, स्याल पनि वात गर्ने लोग्ने र ससुराले डंकिनी, भुतेनी भनेर पिटेपनि पछि आफ्नो घर लान सफल कथानकमा आधारित कथा हो।

### ४.१५.१ **बुद्धिमानी बुहारी** कथाको मूल पाठ

एकादेशमा क्षेत्रीको एक परिवार थियो। त्यो घरको नजिकै आस-पासमा कुनै घर थिएनन्। त्यस घरमा चाहीँ बाउ, आमा र छोरा बस्दथे। उनीहरूको आफ्ना दाजुभाइको भन्दा जग्गा जमिन पनि थियो। त्यसैले उनीहरू बाँच्नका लागि भेडा बाखा प्रशस्त पालेका थिए।

एक समयको कुरा हो। भेडाबाखालाई खर्क्याउन खर्कतर्फ बाउ चाहि लागे। यसरी खर्कमा भेडाबाखा चराउँदा चराउँदै एउटा एक वर्षे भेडो भएछ र त्यसै बेला दशैको पनि समय थियो र बुढालाई अब कसरी दशैं मान्ने भन्ने चिन्ता थियो। यति सोच्दा सोच्दै जसो पर्ला त्यसै टर्ला भन्दै चिन्तालाई विर्सदै खर्कबाट घरतिर झरे र घरमा आएपछि स्वास्नी र छोरालाई आफ्नो विचार पोखे। यसरी वरिपरीका दाजुभाइको दाँजोमा कसरी दशैं मनाउने भन्ने चिन्ताले घोत्लिएका खसमलाई देखेर स्वास्नीले भनी- "ए खसम तिमी किन घोत्लेको

?" हाम्रो आफ्नो धर्मको फलमात्र त पाएकै छैन नि, के दशैँमा सबैको दामासाहीमा रमाइलो गर्नुपर्छ र ? अनि हामी आफ्नो गक्ष अनुसार पाहुनालाई खानपान गराउला भनी सम्झाइँ । त्यसैबेला छोरा पनि आइपुग्यो र भन्यो- ए बुबा म अनि अब ठुलो भइसकी यसपालिको दशैँ थुमा बेचेर मनाउन । यस्तो कुरा बाउको कानमा परेपछि हैन छोरा घरमा नुन छैन बरु यस भेडालाई तँ भोटमा लगेर बेच अनि त्यै भेडालाई नुन बोकाएर घर लिएर आइजा छोरा अचम्म मान्दै हैन हाम्रो बुबाले के भनेको होला भनेर कौतुहलताले बाउलाई फेरि सोध्यो- भेडो बेचेर त्यही भेडोलाई नुन बोकाएर कसरी ल्याउने ? बाउले जवाफ दिए- हो बाबु तैँले त्यसै गर्नुपर्छ । ए लौ ठिकै छ भनी भोलिपल्ट बिहानै भेडो लिएर छोरो चाहि भोटतर्फ लाग्यो । भेडो लिएर हिडेको छोरालाई बाउको प्रश्नले चिन्तित बनायो र भोक तिर्खा बिर्सिएर वनको बाटो एक्लै हिडिरह्यो । रात पर्न लागी सकेकाले बास खोज्न गाउँतर्फ पस्यो र एउटा मात्र घर भएको ठाउँमा पुग्यो । त्यस घरमा बाउ आमा नभएकी एक्ली छोरी थिई । त्यसपछि त्यो भेडो लिएर जाने मान्छेलाई तिनले रातका पाउना देवता सरी हुन्छन् भनी वास दिइ ।  रात वित्दै गयो केटीले खाना पकाउन थाली भने केटो भने घोत्ली रहेकै थियो । त्यसैबेला केटीले त्यस केटालाई घोत्लिरहेको देखेर नरम बोलीमा भनी- दाई तिमीलाई केभएको छ र यसरी अँध्यारो मुख लाएर बसेको । केटीको यस्तो कुरा सुनेर केटाले आफूलाई वाउले दिएको हुकुम सबै सुनायो । अब केटीले खाना खान केटालाई भनेपछि केटी चाहि नमानेको देखि केटीले तिमीलाई परेको आपत म टारिदिन्छु भनी खाना खुवाई । उता केटो खुशीले खाना खायो र केटीलाई आफ्नो आपत टारिदिन भन्यो । केटीले मुसुमुसु हासेर बताइ- दाइ तिमी यो भेडा लिएर भोटमा जाउ र यसको ऊन काटेर बेचिदेउ अनि ऊन बेचेर आएको पैसाले (हामले) नुनकिन र यसैलाई बोकाएर घर जाऊ ।

भोलिपल्ट विहान केटो भेडो लिएर भोटतर्फ लाग्यो र केटीले भने बमोजिम काम गरी घर फर्कियो केटो खुशीले नगले झैँ गरी त्यही रात घर पुग्यो र वाउलाई बोलायो । बाउ चाहिँ उठेर दैलो खोलिदिए र छोरालाई देखेर छक्क पऱ्यो अनि सबै त्यत्तिकै सुते । भोलि बिहान भएपछि बाउले छोरालाई सोध्यो- हैन ए छोरा तैँले नै यो बुद्धि पुऱ्याइस् की अरु कसैले जुक्ति दियो ? छोरा खुशी हुँदै कुनै कुरा नढाटी बास बसेको ठाउँमा एक जना केटीले दिएको जुक्ति बतायो बाउ चाहिँ खुसी हुँदै लौ छोरा त्यसो भए त्यही घरकी केटीलाई बिहे गर्नुपर्छ । छोराले पनि खुसी हुँदै हुन्छ भन्यो । बाउ छोरा दुवै केटीको घरमा गई कुरा गरे केटीले पनि नाई भनिन र केही दिन पछि ती दुईको बिहे भयो । यसरी त्यो घरमा चार

जनाको परिवार भयो र दिन प्रतिदिन अरु छिमेकीको जस्तै खुशीले दिन बिताउन थाले । अनि आमा चै भन्थिन कस्ती लछिनकी बुहारी आइछ । यो पसेपछि त भरिभराउ भयो ।

धेरै कालपछि एक दिनको कुरा हो, मध्यरात थियो, जुन टहटह लागिरहेको थियो । त्यस्तो बेलामा स्याल करायो- हाउ हाउ मानिसको पहल गर्दै क्रमशः कराउँदै घरतिर बढिरहेको थियो । त्यो सबै चर्तिकला र हाउभाउ गरेको देखे र बुहारी चै भुँइँमा ओर्ली र दैलो खोली स्याल पछि गै उता दैलो उघारेको आवाज लोग्ने र ससुराले सुनेका थिए र उनीहरू पनि बुहारी पछिपछि लागे । स्यालले बुहारीलाई आफ्नै भाषामा कराउँदै अगाडि बढिरहेको थियो । त्यो देखेर बाउ छोरा पनि बुहारीले नदेख्ने गरी पछि लागिरहेका थिए । स्याल र बुहारी रोकिए अनि स्यालले खुट्टाले खोर्सदै देखायो । बुहारीले पनि खोर्सदै हेरी त्यहाँ मुख लगाई ।

त्यसपछि बाउछोरा बुहारी भन्दा अघि नै आई ब्वारीले थाहा नपाई कुनै घर आई सुते र पछि मात्र बुहारी घर आएर सुती जुन कुरा एक अर्कामा थाहा छैन । भोलिपल्ट बिहान ब्वारी आफ्नो काममा लागि र उता बाउछोरा अघिल्लो रातको घटनालाई छलफल गरी माइत लगि छाड्ने निधो गर्दछन् । एकछिन पछि ब्वारी आउँछे र दुवै बाउछोरा ब्वारीलाई ढंकिनी भुतिनी बोक्सी भन्दै पिटे र माइती घरतिर लिएर गए ।

माइतीघरको नजिकै गाउँको छेउमा पुग्न लागेकै बेलामा काग ब्वारीको अगाडि बढी । फेरि काग ..... अगाडि आई करायो ब्वारी अड्डी र बोली “जम्मु बेल्या त यो हाल भया, किन बोल्यौ तिमी काग ?” ब्वारीको यस्तो कुरा सुनेर ससुरा र लोग्ने पनि अडिए र ससुराले सोधे- के भनेको बुहारी तैले त्यो कागलाई ? लोक्नेले पनि सोध्यो- के भनेको ? तँलाई कागले बुहारी नबोली हिड्न आँटेकी थिई । लोग्नेले धेरै ढिपी गरेकोले वाचा गर्न लगाई लोग्नेलाई भनी- के तिमी मै भनेको मान्छौ लोग्नेले हुन्छ भनेर वाचा गऱ्यो । स्वास्नीले यस्तो वाचा गराएर गाउँमा गएर कोदालो लिएर आउन भनी र लोग्नेले पनि सोही गऱ्यो । खोलाको किनारमा ढुंगाले थिचेर, बालुवाले पुरेर एउटा घैटोमा असिरुपी राखेको छ । त्यसको मुखमा दहिचामल छ । दही र चामल झिकिदेऊ त्यो म खान्छु र तिमी असिरुपी लैजाउ भनेको ।

यस्तो कुरा सुनेपछि छकदङ परी लोग्ने र ससुरा ठाउँमा गई ढुंगा पल्टाई खनेर हेर्दा दही चामल र असिरुपी भेटियो । अनि लोग्ने र ससुराले असिरुपी लिएर बाटोमा आए । त्यसपछि लोग्नेले स्वास्नीलाई आफ्नै घरमा फर्किन भन्यो र ससुरा पनि चुप लाग्यो । तिनै

जना फेरी घर फर्कन थाले । बाटामा आउँदा आउँदै ससुराले बुहारीलाई सोध्यो । तैँले किन स्याल कराउँदा पछि-पछि गएर खाडलमा मुख लगाएको बुहारी जवाफ दिई स्यालले त्यस खाडलमा मरेको लास छ, त्यसको छातीमा सुनको जन्तर छ, तँ त्यो लैजा म लास खान्छु भन्यो अनि मैले हातले लासको गाँठो फुकाउन नसकेर मुखले फुकाएँ र यो जन्तर ल्याएँ भनी देखाए पछि झन छकदंग परी बाउछोरा पछुताउँदै बुहारीलाई घर ल्याई अझ सुखले दिन विताए ।

सुन्नेलाई........... **देवी बहादुर थापा**

**भी.न.पा.-१, चरिकोट**

### ४.१५.२ 'बुद्धिमानी बुहारी' कथाको विश्लेषण

**क) कथानक**

यस कथामा भेडापाल्ने परिवार दशैंको समयमा भेडा खर्क्याउन खर्क जानु, दशैं कसरी मनाउने भन्ने चिन्ता लागिरहेको बेला स्वास्नीले आफ्नो गक्ष अनुसार मनाउने सल्लाह दिनु त्यसैबेला छोरा आई थुमा बेचेर दशैं मनाउन भन्दा बाबुले यस भेडालाई भोटमा बेचेर त्यसैलाई नुन बोकाएर ल्याउन लगाएबाट कथाको प्रारम्भ भएको छ । छोरा अलि लठेब्रो भएकाले बाबुले भनेको बुझ्दैन । लौ ठिकै छ भनेर भेडो लिएर भोटतिर लाग्छ । बास बस्ने क्रममा केटीले सिकाएको उपाय बमोजिम भेडाको ऊन कातेर बेची नुन किनेर भेडालाई नुन बोकाई घर आउँछ । घरमा आउँदा बाउ पनि छक्क पर्छ र यो जुक्ति कसले दियो भनी छोरालाई सोध्छ । छोरालो सबै कुरा बताएपछि त्यै घरकी केटी बिहै गर्नुपर्छ भनेर केटीका घरमा गई कुरा गर्छन् । केटीले पनि नाइ भन्दिन र छोराको विवाह गरिदिन्छन् । खुशी साथ दिन बित्छ । आमा पनि लक्षिनकी बुहारी छ भनेर हर्षित हुन्छिन् । धेरै समय बितेपछि स्याल कराइरहेको बेला रातको समयमा बुहारी ढोका उघारी स्यालको पछि दौडनु छोरा र ससुरा पनि पछि लाग्नु, स्यालले खुट्टाले खोसेर देखाएको ठाउँमा बुहारीले मुखले खोस्नु घटना सम्मको कथा मध्य भाग हो । बुहारीको यस्तो चर्तिकला देखी भोलिपल्ट बाउ छोरा भइ डंकिनी भुतिनी भनी पिटी माइतीतिर लिएर जानु, घर नजिकै पुगेपछि काग छेउमा आएर कराउनु, काग कराउँदा बुहारीले 'जुम्बु बोल्या त्यो हाल भया किन बोल्यौ काग तिमी काग ?' भन्दा ससुराले र लोग्नेले के भनेको भनी सोध्नु ढिपी गरेकाले बाचा गराइ गाउँमा गएर कोदालो ल्याउन लगाइन् र खोलाको किनारमा ढुङ्गाले थिचेर बालुवाले पुरेर एउटा घैटोमा असी रुपियाँ छ मुखको दही चामल म खान्छु तिमी असी रुपियाँ लैजानु

भनिन् ससुरा र लोग्नेले पनि त्यसै गरे र तिनीहरू छक्क पर्दै लोग्नेले घर फर्किन आग्रह गऱ्यो र फर्किए फर्किदा बाटामा स्याल कराउँदा पछिपछि खाडलमा मुख लाएको कारण सोध्दा बुहारीले जवाफमा स्यालले त्यस खाडलमा लास छ त्यसको छातीमा सुनको जन्तर लैजा लास म खान्छु भनेकाले जन्तर हातले फुकाउन नसकी मुखले फकाएँ भनी जन्तर देखाइन् । त्यसपछि झन दंग छक्क पर्दै बाउछोरा पछुताउँदै बुहारीलाई घरमा ल्याएर सुखसँग दिन बिताएको घटना कथाको अन्त्य भाग हो । यसरी कथाको घटनाक्रम टुङ्गिएको छ ।

**ख) पात्र**

'बुद्धिमानी बुहारी' कथामा बुहारी मुख्य पात्र हो भने लोग्ने  ससुरा सहयोगी पात्र हुन् । स्याल, सासू, भेडा प्रसङ्गमा आएका गौण पात्र हुन् । मानव र मानवेत्तर पात्रको संयोजनमा कथाको समायोजन गरिएको छ ।

**अ) बुहारी**

प्रस्तुत कथाको प्रमुख पात्र बुहारी रहेकी छिन् । सरल स्भावकी बुद्धि पुऱ्याएर काम गर्न सक्ने खालको देखिन्छ । स्यालले भनेको कुरा बुझेर ल्याउन सफल गतिशील पात्र हुन् । यिनी चरित्रको व्यक्तित्व हुन् ।

**आ) लोग्ने र ससुरा**

यिनीहरू दुवै यस कथाको सहायक पात्रका रूपमा चित्रित छन् । बुहारीलाई डंकिनी भुतिनी भनेर माइती लगेर छोड्न लागे तापनि अन्तमा पश्चात्ताप गरी घर फर्काउन सफल गतिशील पात्र हुन् । यिनीहरूलाई पनि सत् पात्रका रूपमा लिन सकिन्छ । यसरी यस कथामा स्याल भेडा र विविध पात्रको सन्तुलनमा कथाको निर्माण भएकोछ ।

**ग) कथोपकथन**

प्रस्तुत कथा वर्णनात्मकतामा अघि बढे तापनि कथाको बीच भागतिर कथोपकथनका केही अंश भेट्न सकिन्छ ।

बुढी : ए ! खसम तिमी किन घोत्लेको ?

छोरा : ए ! बुबा म पनि अब ठूलो भइसको यसपालिको दशैं थुमा बेचेर मनाउन ।

बाबु : हैन छोरा घरमा नुन छैन बरु यस भेडालाई तँ भोटमा लगेर बेच अनि त्यै भेडालाई नुन बोकाएर घर लिएर आइजा । आदि विभिन्न किसिमका कथोपकथन छन् ।

**घ) उद्देश्य**

'बुद्धिमानी बुहारी कथाको मुख्य उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्नु रहेको छ । विभिन्न उपाय र जुक्ति लगाएर काम गरेमा सफल भइन्छ भन्ने सन्देश यस कथाले दिन्छ । जनावरको भावना बुझ्न सक्यो भने पनि फाइदा हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ ।

**घ) परिवेश**

यस कथाको परिवेश घर, खर्क, भोट रातकोसमय, लास गाडिएको ठाउँ चिहान आदि ठाउँको वर्णन छ । दशैंको आगमन भएकाले शरद ऋतुको समय रहेको छ । कथा लौकिक परिवेशमा निर्मित छ ।

**ङ) भाषा**

प्रस्तुत कथाको भाषा मानक रहेको छ । कहीँ कहीँ बोलीचालीको भाषाको पनि प्रयोग छ । कथा बाचकले वर्णन गरेको छ । आइजा, खसम, ब्वरी, जबमु बोल्या जस्ता शब्दहरू प्रयोग भएका छन् । सरल भाषामा कथा अघि बढेको छ ।

**च) शैली**

यस कथाको शैली वर्णनात्मक भएपनि कथापकथन शैलीले पनि कथामा रोचकता थपेको छ । सरल शैलीको प्रयोगले बुझ्न कठिन छैन ।

प्रस्तुत कथा जुक्ति बुद्धि लगाउन सक्ने जीवनका अप्ठ्यारा पार गर्न सफल बुहारीको घटनामा केन्द्रित कथा हो । यस कथामा मानव र मानवेत्तर दुवैको संयोजनमा कथा रोचक ढंगले प्रस्तुत भएको छ । कथा वर्णनात्मकतामा अघि बढेपनि स्यालको मानव बीच कथोपकथनले कथा रहस्यात्मक बनेको छ । विभिन्न घटना श्रृङ्खलाले कथा मनोरञ्जन प्रदान गर्न सफल छ । कथा लौकिक परिवेशमा तयार गरिएको छ । बुहारीलाई माइतीतिर लिएर हिंडेर लोग्ने र ससुरा बुहारीको बौद्धिक क्षमताका कारण बिच बाटैबाट घर फर्काइ आनन्दसँग जीवन गुजार्न सफल भएको कथा हो । कथाको भाषा शैली मानक, सरल, सहज र वर्णनात्मक साथै कथोपकथनात्मक शैलीले उत्कृष्ट बनेको छ ।

## ४.१६ समग्र कथाको निष्कर्ष

यस शोधपत्रको चौथो परिच्छेदमा लोककथाको विश्लेषण गरिएको छ । दुई मीतको कथामा स्याल र बाघ दुई पशुपात्रबीच मित्रता भएको र अन्तमा स्यालले आफ्नो चलाखीबाट बाघलाई मारी आफू जंगलको राजा भएको घटनामा आधारित कथा हो । मुर्खले जे पनि गर्छ कथा चतुरेको बाठोपनले धनी बन्न सफल भएको र मानसम्मान प्राप्त गर्न सफल कथा हो । त्यस्तै विराजको जिन्दगी सौतेनी आमाको नराम्रो व्यवहारले घर छोडी हिडेको विराज निडर, शाहसी, आत्मविश्वासीपनले पारिवारिक मिलाप भएको कथा हो । मुसाको गोठालो विरालोमा नराम्रो कामको फल पनि नराम्रै हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । आमाको मन कथामा बुढाबुढी परिवारको बोझ हुने यथार्थताको चित्रण भएको कथा हो । काली दहको कमलको फूल अलौकिक काल्पनिक घटनामा केन्द्रित रहेको अरूको कुभलो चाहनेको अन्त्य चाँडै हुन्छ भन्ने कुरा देखाउन खोजिएको कथा हो । दोलखा शहरको भैरवकुमारी जात्रा मिथकमा आधारित पौराणिक कथा हो । थामी जातिको उत्पत्ति पनि मिथकमा आधारित आस्था र निष्ठाको कथा हो । ठगमाथिको महा ठगमा अरूलाई ठग्न खोज्ने आफै ठगिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । बाउँटोको कथा मनोरञ्जन प्रदान गर्ने हास्यास्पद कथा हो । बाला चतुर्दशी मिथकमा आधारित असत्यमाथि सत्यको विजय गराइएको कथा  हो । महान् को कथा सत्यता, दानप्रियता, वीरत्व कुनैको पनि काम नभएको रहस्यमूलक कथा हो । आगोमा बासो नहाल है अरूको अर्ती उपदेश नमान्दा दुःख पाउने यथास्थितिको चित्रण भएको कथा हो । पुनर्जीवित महिला आफू खुशी निर्णय गर्दा हुने परिणतिको चित्रण भएको कथा हो । बुद्धि मानी बुहारी कथामा जुक्ति र उपाय लगाएको काम सफल हुन्छ भन्ने कुरा देखाइएको कथा हो । यी कथाहरूले मुख्य : मनोरञ्जन दिएको छ भने नैतिक व्यवहारिक शिक्षा प्रदान गर्नु रहेको छ । कथाहरूको भाषाशैली सरल र सहज रहेको छ ।

## पाँचौ परिच्छेद

## उपसंहार

### ५.१ सारांश

प्रस्तुत शोधकार्य "दोलखा जिल्ला प्रचलित नेपाली लोककथाको तत्त्वका विधातात्त्विक विश्लेषण" शीर्षकमा तयार गरिएको छ । यो शोधकार्यमा जम्मा पाँच परिच्छेदमा विभाजन गरी तयार पारिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिएको छ । यसमा शोध परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य महत्त्व तथा उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामाग्री सङ्कलन तथा शोधविधि र शोधपत्र शीर्षकमा यस शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा लोककथाको सैद्धान्तिक परिचय दिएको छ । लोक साहित्यको एक विधाको रूपमा लोककथाको चिनारी दिई त्यसको स्वरूप र तत्त्वहरूका आधारमा छोटकरीमा प्रकाश पारिएको छ । लोककथाको परिचय, परिभाषा, लोककथासँग सम्बन्ध राख्ने विधाहरू, लोककथाका विशेषता, लोककथाका घटक/ तत्त्व, लोककथाको वर्गीकरण र लोककथाको अध्ययन परम्परा आदि शीर्षकको परिचयात्मक विवेचना गरिएको छ ।

तेस्रो परिच्छेदमा दोलखा जिल्लाको परिचय नामकरण भौगोलिक परिचय, नदीनाला, धार्मिकस्थल, पोखरी, शिखर, संचार सेवा, उद्योगधन्दा, शैक्षिक अवस्था, पर्यटकीय स्थल आदिको बारेमा चर्चा गरिएको छ । चौथो परिच्छेदमा दोलखा जिल्लामा संकलन गरिएका कथाहरूको कथाका तत्त्वको आधारमा विश्लेषण गरिएको छ । पाँचौ परिच्छेद उपसंहारका रूपमा रहेको छ । यसमा सारांश र निष्कर्ष दिइएको छ । यसरी व्यवस्थित र पूर्ण शोधपत्रको रूपमा यस अध्ययनलाई प्रस्तुत गरिएको छ ।

### ५.२ निष्कर्ष

दोलखा जिल्लामा प्रचलित लोककथाहरू लोक जीवनमा कसरी रहेका छन् भन्ने कुरालाई आधार बनाएर शोधपत्र तयार पारिएको हो । लोककथाले लोकजीवनमा प्रभाव पार्ने र तिनीहरू लोकजीवनमा विश्वासका रूपमा हेर्ने गर्दछन् । धार्मिक आस्था, विश्वास, भुत प्रेत पशुपंक्षी बीचका कथाहरूले समाजलाई नीति शिक्षा दिने कुराहरू लोककथा मार्फत थाहा पाउन सकिन्छ । लोक जीवनका आस्था विश्वास परम्परा संस्कृति रोमाञ्चक तथा मनोरञ्जनात्मक रूपमा प्रतिविम्बित भएर आएका हुन्छन् । लोककथाले लोकजीवनका भावना, कला संस्कृति भाषा र परम्परालाई कलात्मक तवरले गद्याख्यानमा समेटी

मनोरञ्जनात्मक तथा उपदेशात्मक ढङ्गमा प्रस्तुत गर्दछ । लोककथा लोक साहित्यको एउटा महत्त्वपूर्ण स्वतन्त्र विधा भएकाले यसमा स्वरूपगत विविधता रहेका छन् । आख्यानको प्रधानता, अज्ञात रचनाकार मनोरञ्जनात्मकता, कल्पनाको प्रधान, कुतहलता, अतिरञ्जना गद्यात्मकत, भाषिक सररता जस्ता वैशिष्ट्यले ओतप्रोत रहन्छन् । कथानक, पात्र कथोपकथन उद्देश्य परिवेश भाषा शैली संरचक घटक तत्त्वद्वारा निर्मित हुन्छन् ।

लोककथा आधुनिक कथा बीच नजिकको सम्बन्ध रहेको हुन्छ । यहाँ प्रस्तुत गरिएका लोककथाले दोलखा जिल्लाको संस्कृति, रीतिरिवाज र प्राचीन परम्परालाई संवहन गरेका छन् । यस शोध पत्रद्वारा सम्बन्धित क्षेत्रका लोक सम्पदाको संरक्षण गर्ने कार्य गरिएको छ र लोककथाहरू पनि लेख्य साहित्यका कथा जस्तै निश्चित नियममा आवद्ध रहँदा रहेछन् भन्ने तथ्य प्रष्ट भएको छ ।

सम्भावित शोधशीर्षकहरू

– दोलखाली लोककथाको समाजशास्त्रीय अध्ययन

– दोलखाली लोककथाको सन्दर्भवादी पद्धतिमा अध्ययन

– दोलखाली लोकगीतको संकलन वर्गीकरण र विश्लेषण

## परिशिष्ट

## आमा छोरा

कुनै गाउँमा दुइजना आमा र छोरा बस्दथे । छोरो अलि लठेब्रो थियो । लठेब्रो भएर पनि आमाले जे भन्यो त्यहीँ मान्दथ्यो । आमाले सधैं फुलौरा पकाउँथिन् र छोराले खान्थ्यो । छोरा पनि दिन दिनै बढेर ठूलो हुँदै गयो ।

एक दिन आमाले फुलौरा पकाउदै र छोराले खाँदै थियो । आमाले आफ्नो छोरालाई तन्नेरी भएको अनुभव गरिन् । अब यसको विहे गरिदिन पाए मलाई सन्तोष हुने थियो भन्ने बारेमा सोचिन् र छोरालाई भनिन् - "छोरा अब तँ ठूलो भइस्, तेरो बिहे गर्ने बेला भयो । अब बिहे गर तेरो विवाह भयो भने बुहारी र म मिलेर काम गर्छौं । यसो काम सघाउने पनि कोही छैनन् ।" आमाको कुरा सुनेर छोरा खुसी भयो र भन्यो-"आमा बिहे गर्ने भन्नु भयो । मैले कसरी बिहे गर्ने आमा? हेर पानी पधेरोमा जा, त्यहाँ पानी भर्न पधेर्नीहरू आउछन् । तिनीहरू मध्ये तलाई मन पर्ने केटीलाई साना साना ढुङ्गाले टुक्क, टुक्क गरी हिर्काउनु । उनीहरूले तँलाई देखेर हाँस्छन् अनि तैँले पनि हाँस्नु । त्यसपछि तँ बिहे भैहाल्छ नी । आमाको कुरा सुनेर छोरो खिस्स हाँस्यो र खुसी पनि भयो ।

एकदिन लाटो पँधेरोतिर गयो र एउटा ठूला ढुङ्गामा गएर लुक्यो । एकछिन पछि पधेँरोमा पानी भर्ने पँधेर्नीहरू आए । उसले तिनीहरू मध्ये सबैभन्दा राम्री केटीलाई मन परायो र स-साना ढुङ्गाले हिर्काउन थाल्यो । त्यस केटीले हेरिनन् । त्यसपछि लाटोलाई रिस उठेछ र एक्कासी ठूलो ढुङ्गा उचालेर हिर्काएछ । ढुङ्गाले लागेर केटी त्यहीँ मरिछे । लाटोले केटी मारेको भनेर जताततै हल्ला मच्चिन थाल्यो । लाटोलाई पनि डर लाग्यो । अब यस्तो कुरा आमालाई कसरी भन्ने होला भन्ने डरले लाटो बेलुकी पख घर गयो । छोरा देखेर आमा खुसी हुदै भनी बाबु किन ढिलो आईस्, अनि पधेरोमा पानी भर्ने तरुनीहरू आए त? आमाको कुरा सुनेर छोराले भन्यो - "आमा आमा पानी भर्ने पँधेरोमा एउटी राम्रै केटी आई, मैले उसलाई पहिला सानो ढुङ्गाले हिर्काएँ, जति हिर्काउँदा पनि मलाई त्यसले टेरिन अनि मैले ठूलो ढुङ्गाले हिर्काए अनि त्यो केटी मरी । छोराको यस्तो डर लाग्दो कुरा सुनेर आमालाई डर लाग्यो हरे शिव । आज कुन दशाले मैले यसलाई पँधेरोमा पठाएको हुला । अब मैले के गरौ भन्दै टाउकोमा हात राखेर रुन थाली । छोरालाई गाली गर्दै, हिड त कहाँ छ त्यो लास अहिले नै गएर देखा भनेर आमा छोरा पँधेरोतिर गए त्यहाँ मरेकी केटीलाई अलि परको जङ्गलमा लगेर ठुलो खाल्डो खनि गाडे ।

यसरी आमा र छोराले केटीलाई खाल्डोमा गाडिसकेर घरतिर लागे बेलुकीपख आमाले खाना पकाईन् । छोरालाई पनि दिईन् । तर छोराको काम देखेर खाना खान मन पनि लागेन । रात पर्‍यो र तर निन्द्रा परेन । आधा रात वितिसक्दा पनि उनलाई निन्द्रा नपरेकोले आफ्नो घरमा भएको बाख्रो मारिन् र लास गाडेको ठाउँमा बाख्रो बोकेर हिँडिन् । लास गाडेको ठाउँभन्दा अलि पर अर्को खाल्डो खनिन्, लास गाडेको ठाउँमा बाख्रो गाडिन् र नयाँ खनेको खाल्डोमा लास गाडिन् र उनी घर फर्किन् ।

उनी घर फर्किंदा उज्यालो भयो । भोलिपल्ट गाउँमा लाटोले केटी मारेको बारेमा हल्ली खल्ली मच्चियो भईसकेपछि पुलिसहरू लाटोलाई लिन आए । लाटोकी आमाले हजार विन्ति गर्दा पनि पुलिसहरूले लाटोलाई हत्कडी लगाएर लास देखाउन लगे आमा पनि पछिपछि लागेर रुँदै-रुँदै गइन् । पुलिसले लाटोलाई खाल्डोबाट लास निकाल्न लगाए । लाटोले विस्तारै खाल्डोको माटो बाहिर निकाल्न लाग्यो । माटो निकाल्दै जाँदा लाटोले बाख्राको सिङ् भेट्टायो र भन्यो, ‘केटीको सिङ छ ?’ फेरी माटो निकाल्यो र लामो लामो कान भट्टायो र भन्यो, ‘केटीको लामो लामो कान छ ?’ उसले फेरी माटो निकाल्यो र रौँ भेट्टायो र भन्यो, ‘केटीको रौँ छ ? यसरी एवं रीतले माटो निकाल्दै जाँदा बाख्राको सम्पुर्ण शरीर निकाल्यो । लाटोको यस्तो अपत्यारिलो काम देखेर पुलिसहरूले लाटोले केटी मारेकै होइन भनेर फर्किए । लाटोका आमाछोरा पनि खुसी हुँदै घर फर्किए । समय वित्दै गयो, आफ्नो घरभन्दा चारकोस टाढा गएर छोरालाई केटी मागेर विवाह गरिदिईन् । लोग्नेस्वास्नी अत्यन्त मिलेर वसेका थिए । सासू-बुहारी पनि एकले अर्कालाई काममा सघाउँदै आमा र छोरीजस्तै गरी मिलेर बसेकै थिए । यत्तिकैमा एकदिन बुहारीलाई माइत जान मन लाग्यो, सासू र लोग्नेसँग विदा मागेर माइत गइन् । माइतमा गएकी बुहारी निक्कै दिन वितिसक्दा पनि घरमा नआएको देखेर आमाले छोरोलाई बुहारी लिन पठाउने विचार गरिन् । बेलुका खाना खाईसकेपछि आमा र छोराको कुराकानी चल्यो आमाले भनिन्, ‘बाबु छोरा ! बुहारी माइत गएको धेरै दिन भयो । जा न भोली बिहानै बुहारी लिन । किन आजसम्म नआएकी होली, न केही पो भयो कि ?’ यसरी आमाको कुरा सुनेर छोरा स्वीकार गर्दै भन्यो, ‘आमा ! बाटोमा हिँड्दा कसरी हिँड्ने, ससुरालीमा जाँदा कसरी कुरा गर्ने सिकाउनुहोस् न आमा !’ छोराको कुरा सुनेर आमाले भनिन्, ‘बाबु छोरा बाटोमा हिँड्दा हाँस्दै हाँस्दै जानु, ससुराली गएर ससुरालीले जे भनेपनि वेशै छ ससुरा भन्नु खाना खाँदा अलि थोरै खानु है छोरा’ भनेर सिकाइन् र छोरो पनि खुशी भयो ।

भोलिपल्ट उज्यालो भयो, लाटो स्वास्नी लिन भनी ससुराली गयो । आमाले भनेको कुरा सम्भेर छोरो लाटो बाटोमा हाँस्दै हाँस्दै गयो । बाटोमा हाँस्दै हिडेको थियो अर्कोतिरबाट लास ल्याईरहेका थिए । लास देख्दा उ पनि हाँस्न छोडेन । लास बोक्ने मलामीहरूलाई रिस उठ्यो हामीलाई चाहीँ यस्तो आपत तँ चाहीँ हाँस्छस् भनेर लाटोलाई बेस्सरी कुटे । लाटो रुँदै रुँदै हिँड्दै थियो । बाटोमा विवाह ल्याईरहेका थिए । विवाह देख्दा लाटो रुँदै हिँडिरहेको थियो विवाहमा जाँडले मात्तिएको एकजनालाई रिस उठ्यो र भन्यो, 'हाम्रो यस्तो शुभ साइतको बेलामा पनि यसरी रोएर हाम्रो साइत विगार्छस् भनेर बेस्सरी गालि गऱ्यो ।

यस्तै अवस्था पार गरेर लाटो ससुराली घरमा पुग्यो । ज्वाँइ घरमा आएको देखेर ससुरा खुशी भए । यस्तै अनेक गफको सिलसिलामा ससुराले ज्वाँइसँग भने ज्वाँइ यसपालि त छोरी पनि विरामी भई । ज्वाँइले भन्यो, 'वेसै भयो ससुरा' ज्वाँई यसपाली चारपाथी दुध दिने लैनो भैंसी पनि मऱ्यो । ज्वाँइले भन्यो, 'वेसै भयो ससुरा' हेर्नुस् ज्वाँइ दस पाथी धानको विउ लाग्ने खेत पनि पहिरोले लग्यो । ज्वाँइले ससुराको प्रश्नमा फेरी 'वेसै छ ससुरा !' भन्यो । ज्वाँइले वेसै छ भन्ने थेगो होकी न मेरो कुरा नपत्याएकोले यसो भनेको हो भनेर ससुरालाई मनमा पीर पर्न थाल्यो । ससुराले जति पटक गफ गरे त्यति नै पटक वेसै छ ससुरा भन्दै गयो । त्यतिकैमा साँझ पऱ्यो, खाना खाने बेला पनि भयो । ज्वाँई घरमा आएको हुनाले मिठो मिठो खाने कुरा पकाए, सबै खाना खान थाले आफ्नो आमाले थोरै खाना खानु भनेको कुरा लाटोले सम्झ्यो । खानेकुरा मिठो भएकोले धेरै खान मन हुँदा पनि थोरै खायो । खाना खाएपछि निकैबेर गफगाफ चल्यो । गफ गाफपछि सबैजना सुते तर लाटोलाई भने थोरै खाना खाएकोले राती नै भोक लाग्यो । लाटो विस्तारै उठ्यो र यताउता खानेकुरा छ कि हेऱ्यो र उसले एउटा हाँसको फुल भट्यो । ज्वाँइ उठेको ससुरालीले थाहा पाए । न ज्वाँइलाई केही भयो कि भनेर बत्ती बाले । ससुरालीले बत्ती बालेको देखेर हाँसको फुल मुखभित्र हाल्यो । ससुराले ज्वाँइको मुखमा हेऱ्यो र आत्तिएर भन्यो, 'ए ज्वाँइ ! तपाईंको गालामा के भयो ?' ज्वाँइले डराउँदै भन्यो पिलो आयो हजुर भन्दै भ्यालबाट हाम फालेर कुलेलाम ठोक्यो । सुन्नेलाई ............ ।

**मनमाया दाहाल**

**मिर्गे-७**

## ऐना नभएको देश

एउटा यस्तो देश थियो, त्यो देशमा नै ऐना रहेनछ । राजधानीमा अथवा त्यो राज्यभरी नै ऐना छैन् । छँदै छैन, नभईसकेपछि त्यही ऐना नभएको देशको मान्छे अर्को देशको राजधानी जाँदै थियो । गयो गयो आज गयो भोली पर्सि गयो जाँदा जाँदैमा एकदिन के भएछ त भने बाटामा ठ्वास्स ठेस लाग्यो । के रहेछ भनेर यसो हेर्दा त हाम्रो लागि ले भने ऐना उसको लागि भनेको के हो के हो उसको बाउ मरेका थिए । त्यो मरेका बाउ पो रहेछन् । बाउको र उसको अनुहार एउटै रहेछ । त्यो हो बाउ देख्यो । "मेरी आम्मै मेरो बा तपाईं त यहाँ आएर पो बस्नुभएको रहेछ, मर्नुभयो भनेर यत्रो पीर लागेको थियो ।" त आफ्नो देश छोडेर केही कमाउन अर्काको देश हिँडेको बाउ देखें भनेर ऐना लिएर घर फर्कियो । ऐना लगेर कोठामा राख्यो र दिनदिनै आफ्नो बाउ हेर्न थाल्यो यसरी केही समय वितेपछि एकदिन उसकी श्रीमतीले थाहा पाइन् । होइन यि बुढाले के हेर्छन् भनेर उनले पनि त्यो ऐना हेरिन् । ओहो हेर्दा त असवाफको झकिझकाउ परेकी गहना लाएकी बढी सुन्दरी पो देखिन् । अहो बुढाले त म माथि सौता पो ल्याएछन् । म माथि सौता हाले बुढाले भनि विलौना गरी रोएर बसेकी थिइन् यस्तैमा कताबाट सासू आइन्, आउँदा बुहारी रोइरहेकी किन रोइछ भनेर सोध्न लागिन्, 'दुलही किन राएकी, के भयो तिमीलाई ?' भन्दा त हेर्नु न मुमा छोराले त म माथि सौता पो हालेछन् । नपत्याए हेर्नु भनेर ऐना देखाइन् । सासूले ऐना हेरिन् । हेर्दा त दाँतसाँत फुक्लिएकी चाउरी परेकी बुढी, आङभरी च्यात्तिएका लहरा परेका लुगाका झुत्रा भएकी बुढी देखिन् । मेरी आम्मै यस्ती मर्न लागेकी बुढी पो ल्याएछ, बुहारी तँ पिर नगर यो त चाँडै मर्छे भनिन् । यत्तिकैमा छोरो आईपुगेछ । ऐना सासू बहारीले यताउता गरेको देखेर मेरो बाउलाई किन चलाएको भन्न थाल्यो । यता उति गर्दागर्दै ऐना खसेर झऱ्यामझुरुम भएर फुट्यो । त्यसपछि छोराले भन्यो, 'ए त्यो मेरो बाउलाई तिमीहरूले मारिहाल्यौ नि ! मैले आफ्नो बाउलाई दिनकै दर्शन गर्ने गरेको थिएँ । सासूले पनि बुहारी तँ पिर नगर त्यो चाँडै मर्छे त भनेकै थिएँ उ मरि त हाली नि अब त तँ ढुक्कले बस् भनेर भनिन् रे ।

सुन्नेलाई ............

**बद्रीप्रसाद सापकोटा**

**भिनपा-७, जिलु, दोलखा**

## खाने कुरामा झगडा गर्ने बुढाबुढी

एकादेशमा दुइजना बुढाबुढी थिए । उनीहरू साह्रै मिल्दै बाहिरफेर जहाँ जानु पर्दा पनि सँगसँगै जान्थे । घरको काम पनि बुढाबुढी मिलिजुली गर्दथे तर तिनीहरू दुवै खानेकुराको मामिलामा साह्रै लोभी र डाडे थिए । बुढोलाई आफूले भन्दा बढी बुढीले खाएको मन पर्दैनथ्यो भने उता बुढीलाई पनि त्यस्तै खपीसक्नु हुँदैन थियो । त्यसैले तिनीहरूबीच खाने बेलामा भने झगडा गरिनै रहन्थे । एकदिनको कुरा हो । बुढा बुढी दुवैलाई रोटी खान असाध्यै मन लाग्यो । तर रोटी पकाउनको लागि कुनै पनि सामान थिएन । सामान नभएपछि जसरी पनि रोटी खाने सल्लाह गरे र आजै रोटी खाने भनेर दुवै जनाले रोटी पकाउनको लागि सरसामान जम्मा गर्ने निधो गरे । बुढो खुर्पा लिएर दाउरा खोज्न वनतिर लाग्यो भने बुढी चाहिँ पिठोका लागि गाउँतिर पसिन् । बुढाले रोटी खानको लागि एक अंगालो दाउरा लिएर साँझसाँझको बेला घर आइपुग्यो भने बुढीले गाउँभरि डुलेर काम सघाएर एकमाना पिठो ल्याई । दुवै जनाले आ-आफ्ना काम गरिसकेपछि घरधन्दाको काम गरेर दुवै थाकेकाले चाँडो रोटी पकाएर खाई भुक्लुक्क सुत्ने निधो गरे । त्यसै बमोजिम बुढो चाहिँ पिठो मुछ्न थाल्यो भने बुढी चाहिँ आगो सल्काउन लागी । अनि बुढो पिठो बेल्न लाग्यो र बुढी चाहि त्यो रोटी पकाउन थाली । एकमाना पिठोको रोटी कति बन्थ्यो र जम्मा ५ रोटी भएछन् । बुढोले नुन खोर्सानी पिध्यो बुढीले रोटी भाग लगाए सकेपछि बुढीले आफ्नो भागमा आएको रोटी हेऱ्यो र दुईवटा मात्रै देख्यो, बुढीको भागमा भने तीन वटा रोटी थियो । अब बुढालाई रिस् उठ्यो र बुढीलाई गाली गर्दे भन्न लाग्यो- दिनभरि वनमा गएर म चाहिँ दाउरा खोजेर ल्याउने रोटी चाहिँ तँ बढी खाने भन्यो । बुढी पनि के कम जँगिदै भन्न थाली मैले पनि त घरघर दैलोदैलोमा हिड्दै बल्ल एउटा घरमा दिनभरि काम गरिदिएर पिठो ल्याएको छु । तिमीले भन्दा बढी दुःख मैले पाएँ त्यसैले तिमी २ वटा खाउ म ३ वटा खान्छु । बुढीको यस्तो भनाई सुनेर बुढोलाई खपिसक्नु भएन र कडकेर बोल्यो तँ त गाउँमा गएर त पिठो खोजेर ल्याइस् नी म बुढो मान्छेले पुरै वन चहारेर दाउरा खोजेर ल्याए सुकेको दाउरा नपाउँदा दिनभरी मलाई कत्रो पीर ? कति दुःख पाएँ ? के था तँलाई त्यसैले खुरुक्क २ वटा रोटी तँ खा र मलाई ३ वटा रोटी दे ।

बुढाको यस्तो जिकिर सुनेर बुढी पनि रिसले आगो भै अनि ३ वटा रोटी त म आफैँ खान्छु भनी आफनो भागमा ३ वटा रोटी र बुढाको भागमा २ वटा मात्रै भाग लगाउँदै बुढाले नबुझ्ने गरी बुद्बुताइ । यसरी बुढी बुदबुताएको सुनेर बुढाले पनि नानाथरिका गाली

गलैज गऱ्यो तर बुढी पनि के कम ? दुवै जना रोटीकै निहुमा बाझबाझ गरिहरे बाझाबाझकै क्रममा रात वितिसक्दा बिहानी पख दुवैजना रोटी नै नखाई बाझिरहेकै ठाउँ निदाएछन् ।

भोलिपल्टको कुरा हो बिहान भयो झलमल घाम लागेर छिप्पी सक्यो तिनीहरू अघिल्लो दिनको थकाइ र बिहानी पखको सुताइले व्यूझन सकेनन् । उता छिमेकीहरूले तिनीहरूको दैलो हेर्दा नउघ्रेको देखेर सँधै बिहान सबेरै उठ्ने बुढाबुढी आज भात खान बेलासम्म पनि किन उठेनन् ? उमेर ढलिसकेका बुढाबुढी दिनदिनैको दुःखले विरामी पो परेकी भन्ने ठानी ढोका फोरेर घर भित्र पेसे रहे । अघिल्लो दिनको थकाइ रातभरको बाझाबाझ अनि बिहानी पख मात्रै निदाएका अचेत बुढाबुढीलाई छिमेकीहरूले सुइकेछन् भन्ने ठोनर बुढाबुढीलाई घाटमा लिएर जाने निर्णय गरे ।

घाटमा लिएर जाने मलामीहरूमा घरमा बाबुआमा हुनेहरू जानुहुँदैन भन्ने छिमेकीहरूको सल्लाह भयो । पातलो बस्ती भएको र बुबाआमा नभएका घाटमा मलामी भएर जानेहरू ५ जना मात्रै भएछन् । अनि ५ जनाले ती २ बुढाबुढीलाई घाटमा लिएर गएछन् र चिता बनाई सकेर बुढाबुढीलाई चितामाथि राखे । त्यसै बेलामा चिता माथि रहेकी बुढीले सपनामै बर्बराउँदै भन्न थाली ए बुढा ल तिमी नै खाउ ३ तिमी नै धेरै दुःख पाएका छौ । उता बुढो पनि बर्बराउन थाल्यो । ए बुढी ! मेरो भन्दा तँ नै बढी दुःख गरेकी छस् तँ नै ३ वटा खा र मलाई २ वटा दे । घाटमा मलामी भएर गएका ५ जना छिमेकीहरू बुढाबुढी बर्बराएको अनि ३ वटा खा र २ वटा मलाई दे भनेको सुनेर आत्तिएछन् र अब हामीलाई यी दुइवटै मुर्दा व्युझेर खानेछन् भन्ने ठानी त्यहाँबाट कुलेलाम ठोकेर घाटपट्टि हेर्दै दगुर्दै घरघरमा पुगेछन् । यता बुढाबुढी पनि बर्बराउँदै व्युझेर हेर्दा त आ-आफूलाई चितामाथि पाए र अचम्म मान्दै अहो जाबो एउटा रोटीका लागि गरेको बाझाबाझ पनि जिमराजले थाहा पाएछ र हामी दुवै जनालाई जिउँदै पापे मुर्दा बनाएछ भनेर ती दुई बुढाबुढीलाई हुनसम्म पछुतो भयो । त्यसपछि दुवैजनाले पछुतो मान्दै घरमा आए र दुइदुईवटा र आधा रोटी भाग लगाइ बराबर खाए र अब आइन्दा खानेकुरामा पनि कहिल्यै झैझगडा नगर्ने बाचा गरे ।

सुन्नेलाई .................. **नवीन बस्नेत**

**भी.न.पा.-९, दोलखा**

## श्राद्ध गर्न सजिलो, सीधा पुऱ्याउन गाह्रो

कुनै एक समयमा एउटा गाउँमा एक गरिब किसान बस्दथ्यो । उसको बुबाले हजुर बुबाको श्राद्ध विरालो बाधेर गरेको र मिठो अचार साँधेर खाएको स्वाद उनको जिब्रोमा झुण्डिएको थियो । लोक प्रचलन अनुसार उनले पनि बुबाको श्राद्ध गर्नु पर्ने दिन आएछ तर अरुको माथमा गीर खेलेको ती किसानहरूलाई श्राद्ध गर्ने भन्ने थाहा थियो तर के चाहिन्छ सरजाम भन्ने केही थाहा थिएन मुत्यु भएको तिथि बाहुनको घरमा गएर हेराउँदा श्राद्ध गर्ने दिन एक महिनापछि आउने कुरा जानकारीमा आयो र उनीले के-के ठीक पार्नुपर्छ भनी बुझ्दा बाहुनले आफूलाई मनपर्ने विभिन्न कुरा बताए । जसमा उनीले भने धेरै दुध जम्मा गर्नु बिहान उठेर दिशा, पिसाब धुनु बाँसको तामा ठीक गर्नु भनी सिकाएर पठाएछन् । घरमा सबै सरजाम ठिक गर्ने क्रममा बाँसको झाङमा पुग्दा सबै बाँसको मुना छिप्पिन लागेकाले एक महिना पछि पूर्ण रूपमा छिप्पिन्छ भन्ने आशंकाले बाँसको मुना जोगाउनको लागि उनीले डोको लगेर छोपी दिए । त्यस पछि महिना दिन बित्यो । श्राद्ध गरेर पितृ तार्नुछ भन्ने भावना भन्दा पनि सरजामको ठूलो चिन्ता परेछ ।

श्राद्धको अघिल्लो दिन एकछाक मात्र खाएर बसेछन् । भोलिपल्ट बिहानै उठेर बाहुनको आज्ञा अनुसार दिशा बस्न पानी लिएर गए । कहिल्यै पानी लिएर नजाने त्यस दिन कति पानी चाहिन्छ भनेर थाहा नपाएकोले सबै पानी हातमा एकैचोटि खनाएछन् तर हातमा फोहोर पो लागिरहेछ । फोहोरदेखि घिन मानेर उनीले सोचेछन् । पानीले दिसा धोयो भने त झन फोहोर पो हुँदो रहेछ । त्यसपछि दुध संकलन गर्ने क्रममा त्यस दिन पाडालाई पनि दुध नदिई सबै दुहेछन् । त्यसैले सबै दुध ढुंग्रोमा अटेनछत र अर्को भाडो ल्याउनको गाऱ्होले उनीले त्यसै ढुंग्रोपछाडि रहेको सानो खोपिल्टोमा पनि दुहुन्छु भनी दुहुन थालेछन् । दुध सबै गोठभरी भएछ । त्यसपछि उनी बासको झाङमा बाँसको मुनालिन जाँदा छोपेर राखेको डोको सहित बाँस बढी बाँसको टुप्पोमा पुगेछ । उनले सरजाम ठीक गर्ने सकेनछन् ।

बाहुन श्राद्ध गर्न ठिक परेर आए र उनलाई म जे भन्छु छिटोछिटो त्यही काम गर्नु भन्नु भनेछन् । त्यसपछि श्राद्ध सुरु भएछ । बाहुनले जे भन्छन् ऊ पनि त्यसै भन्न लागेछन् । दुधले भन्दा उनी पनि बाहुनलाई दूधले भन्दा रहेछन् । नमस्कार गर भन्दा तिमी पनि नमस्कार गर भन्दारहेछन् । बाहुन दिक्क भएर यस्तो के गरेको भन्दा मैले जे भन्छु त्यही त्यही भन्नु भनेर भनेको हेन, भनेको जवाफ दिए । त्यसपछि बाहुनले गुन्द्रीको झुत्राले काम चलाउला भनी झुक्राटिप्न शुरु गरेको किसानले देखेका रहेछन् । उनले पनि चामल माग्दा

त्यस वर्ष राम्रोसँग धान नफलेकोले मुनिबाट भुस हाली माथि अलिअलित चामल छरेर ल्याएछ ।

अब श्राद्धको सबै सामान पूरा हुन लाग्यो । जे जस्तो भए पनि श्राद्ध सिद्धिन लाग्यो र बाहुनले कुशको ब्राह्मण टिपेर आगोमा हालिदिनु भनेर अहराएछन् । बलिय किसान जुरुक्क उठेर बाहुनलाई टपक्क टिपी आगो माथि पो हालिदिएछन् । त्यसपछि ती किसान र बाहुनको घमासान झगडा पो परेछ । श्राद्ध त सिद्धियो तर अन्त्यमा धमासान झगडा भै किसानको परिवार नै लागेर बाहुनलाई लखेटेछन् । धोतीको फुर्को समान्दै चन्दन नाकबाट बग्न शुरु गरेको अवस्थामा हस्याङफस्याङ गर्दै बाहुन रात भरी करायो दक्षिणा हरायो भन्दै घर पुगेछन् । यता बाहुन त लखेटिइ तर  श्राद्ध गरेको सिधा भने त्यति भएकाले किसानलाई सिधा राखे ब्रहमस्व लाग्ने अनि बाउले खान नपाई श्राप दिने डरले सिधा बाहुनको घरमा पुऱ्याइ दिने निधो गरेछन् । बाहुन घरको बार्दलीमा बसिरहेका थिए । त्यसै बेला किसान आफ्नो घरतिर आएको देखेपछि उनले दाजुभाई, स्वास्नी, छोराछोरी सबै मिलेर कुट्नसम्म कुटी पहिलेको कुटाई दोब्बर गरी पठाए । त्यस पछि घरमा गएर अचार रोटी खादै किसानले भनेछन्- हेर बाबै श्राद्ध गर्नु त सजिलै हो तर सिधा पुऱ्याउनै गाह्रो भन्दै यस्ता रुढीबाढी पट्टि नलाग्ने अठोट गरेछन् ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फुलको माला...........................

**नर्सिङ्ग बहादुर योगी**

**मेलुङ**

## लोककथा वाचकहरूको परिचय

| क.सं. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १ | तारादेवी दाहाल | मिर्गे - ८ दोलखा | ४२ |
| २ | बद्रीप्रसाद सापकोटा | भीनपा - ७ जिलु दोलखा | ७० |
| ३ | मणिप्रसाद दाहाल | नाम्दु दोलखा | ५२ |
| ४ | रविचन्द्र सुनुवार | भीनपा-१० चरिकोट, दोलखा | ३० |
| ५ | यशोदा पौड्याल | मेलुङ, दोलखा | ३६ |
| ६ | विष्णुमाया वली | सुन्द्रावती दोलखा | ३२ |
| ७ | यादव कुमारी कसजु | भीनपा - २ दोलखा | ५५ |
| ८ | मुकुन्द शिवाकोटी | सुनखानी - ४ दोलखा | ३० |
| ९ | रामप्रसाद सापकोटा | भीनपा - ७ जिलु, दोलखा | ६२ |
| १० | विन्दा चौलागाई | भीनपा- ५ जिलु दोलखा | ३७ |
| ११ | बज्रसिंह लामा | भीनपा - १ चरिकोट, दोलखा | ९१ |
| १२ | सरस्वती वली | क्षमावती दोलखा | ४० |
| १३ | तिलक बहादुर दाहाल | मिर्गे - ७ दोलखा | ५० |
| १४ | वासुप्रसाद पौड्याल | मेलुङ, दोलखा | ४४ |
| १५ | देवी बहादुर थापा | भीनपा-१ चरिकोट, दोलखा | २५ |

## सन्दर्भ सूची


अर्याल सुनिता “गोरखा जिल्लामा प्रचलित लोककथाहरूको संकलन वर्गीकरण र विश्लेषण,” २०६३ ।

गिरी जीवेन्द्रदेव **हाम्रा लोकगाथा**, काठमाडौँ : एकता प्रकाशन, २०५७ ।

घले नवीन “सङखुवासभा जिल्लामा प्रचलित लोककथाको विश्लेषण” स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६९ ।

दिवस तुलसी **नेपाली लोककथा**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२ ।

**दोलखा विकास बुलेटिन** सूचना तथा अभिलेख केन्द्र : जिविस. चरिकोट, दोलखा, २०६७ ।

**दोलखा विकास बुलेटिन** सूचना तथा अभिलेख केन्द्र : जिविस. का चरिकोट, दोलखा, २०६९ ।

**नागरिक वडापत्र** भीमेश्वर नगरपालिका कार्यालय चरिकोट, दोलखा २०६८ ।

पराजुली मोतीलाल **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन** २०५४ विद्यावारिधि शोध प्रबन्ध मानविकी सङ्काय, त्रि.वि. ।

पराजुली मोतीलाल र जीवेन्द्र देव गिरी **‘नेपाली लोक साहित्यको रूपरेखा’** ललितपुर : साझा प्रकाशन २०६८ ।

प्रधान यज्ञकुमार **दोलखाको सांस्कृतिक सम्पदा** काठमाडौँ: त्रिपुरेश्वर २०६१ ।

बन्धु चुडामणि **नेपाली लोक साहित्य** काठमाडौँ : एकता बुक्स, २०६६ ।

शर्मा मोहन राज र खगेन्द्र प्रसाद लुइटेल **लोकवार्ता विज्ञान र लोक साहित्य** प्रथम सं. काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा मोहन राज र खगेन्द्र प्रसाद लुइटेल **शोधविधि** चौथो सं. ललितपुर : साझा प्रकाशन, २०६६ ।

श्रेष्ठ श्रीकृष्ण “**सुरेल जातिको सामाजिक तथा आर्थिक अवस्था एक अध्ययन**” पैरवी प्रकाशन, २०६७ ।